महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन

२०७९

बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं
नेपाल

पत्र सङ्ख्या : २०७९।८०
च.नं.:

मिति : २०७९।१२।३०

विषय : वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

नेपालको संविधानको धारा २४१ बमोजिम बागमती प्रदेशको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३२२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चितकोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**	७
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	१०
	मन्त्रालय र निकायगत व्यहोरा	१९
	१. प्रदेश सभा सचिवालय	१९
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२२
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	२८
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३८
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	४२
	६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	५१
	७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	५२
	८. भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालय	६१
	९. भौतिक पूर्वाधार विकास मन्त्रालय	६३
	१०. खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय	७३
	११. सामाजिक विकास मन्त्रालय	८१
	१२. युवा तथा खेलकुद मन्त्रालय	८६
	१३. संस्कृति तथा पर्यटन मन्त्रालय	८८
	१४. श्रम, रोजगार तथा यातायात मन्त्रालय	९१
	१५. स्वास्थ्य मन्त्रालय	९३
	१६. प्रदेश लोक सेवा आयोग	१००
	१७. मुख्य न्यायाधिवक्ताको कार्यालय	१०३
	१८. प्रदेश नीति तथा योजना आयोग	१०५
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति**	१०९
परिच्छेद ५	**सुधारका क्षेत्रहरू**	११०
	अनुसूचीहरू	११५

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्थाबमोजिम प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकारतर्फ पाँचौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ तवरले यो प्रतिवेदन तयार गरिएको छ । यो वर्ष जोखिमका आधारमा उच्च तथा न्यून जोखिम कार्यालय निर्धारण गरी लेखापरीक्षण सम्पन्न भएको छ । गत वर्षदेखि लेखापरीक्षण कार्यलाई विद्युतीय प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन र लेखापरीक्षणको गुणस्तरमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यो वर्ष प्रदेश अन्तर्गत प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग समेत २२१ निकायको रू.७६ अर्ब ९० करोड ४७ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न भई रू.१ अर्ब ५ करोड ३१ लाख ४ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.३७ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको १.६० प्रतिशत बेरुजु कायम भएको थियो । म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छैन ।

यो वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । उक्त विषयहरूको परीक्षणबाट मध्यमकालीन खर्च संरचना अनुसार बजेट विनियोजन हुन नसकेको, प्रदेशको बजेटमा संघीय अनुदानको अंश उच्च रहेको, विनियोजित बजेटको तुलनामा न्यून खर्च हुने गरेको, सार्वजनिक सम्पत्तिको संरक्षण र अभिलेख अद्यावधिक हुन नसेकेको, आयोजना बैङ्कमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन हुन नसकेको, संघ, प्रदेश र स्थानीय

तहमार्फत एकै प्रकृतिका कार्यसम्पादन भई कार्यक्रमहरू दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्तिमा नियन्त्रण हुन नसकेको, वितरणमुखी कार्यक्रममा बजेट नियन्त्रण हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । देखिएका कैफियतमा सुधारका लागि प्रदेश सरकारले आवश्यक कानुन तर्जुमा, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित, अनुत्पादक खर्च नियन्त्रण गरी प्रभावकारी रुपमा कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिनिधिहरू र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

३० चैत्र २०७९

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- प्रदेश सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने व्यवस्थापन गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत २२१ निकायको २०७८।७९ को कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १५९ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ६२ निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ । यस वर्ष नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली प्रयोग गरी विद्युतीय माध्यमबाट लेखापरीक्षण सम्पन्न गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, न्याम्स लेखापरीक्षण प्रणालीमा पेस भएका विवरण र प्रतिवेदनको पुनरावलोकन र छनौट भएका निकायको लेखापरीक्षण प्रतिवेदनको गुणस्तर पुनरावलोकन समेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तरक्रिया -** लेखापरीक्षणको सिलसिलामा बागमती प्रदेशका माननीय सभामुखज्यू तथा सार्वजनिक लेखा समितिका माननीय सदस्यहरूसँग छलफल गरिएको थियो । डिजिटल पद्धतिमा आधारित लेखापरीक्षण व्यवस्थापन प्रणाली तथा लेखापरीक्षण कार्यक्रम सम्बन्धमा अभिमूखिकरण तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरिएको थियो ।

६. **वार्षिक प्रतिवेदन** - महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

पत्र सङ्ख्याः २०७९।८०

च.नं.: ६८५१

मितिः २०७९।१२।२८

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

विषयः **प्रदेश सञ्चितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।**

१. **कैफियतसहितको रायः**

हामीले बागमती प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू.१ अर्ब ५ करोड ३१ लाख ४ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू.६ करोड ९३ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४४ करोड ८७ लाख ३८ हजार, नियमित गर्नुपर्ने रू.१८ करोड ६८ लाख ८८ हजार र पेस्की बाँकी रू.३४ करोड ८१ लाख ६५ हजार रहेको छ ।

२.२. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२.३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन । सम्पत्तिको बिस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन । सम्पत्तिको मूल्याङ्कनका आधार समेत स्पष्ट छैन ।

२.४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बाँडफाँट गर्नुपर्ने सवारी साधन कर सङ्कलन वापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने र सो मध्ये ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सवारी साधन करतर्फ रू.३

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328

अर्ब ७७ करोड ४९ लाख स्थानीय तहलाई हस्तान्तरण गरेको छ । सवारी साधनहरूको लगत अद्यावधिक गरी यथार्थ हिसाब प्रस्तुत गर्नुपर्दछ ।

२.५. प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व कोषमा रू.९ अर्ब ७७ करोड ६९ लाख प्राप्त भएको छ। प्राप्त हुनुपर्ने सबै रकमको अद्यावधिक विवरण समेत तयार भएको पाइएन ।

२.६. प्रदेश सरकारको स्रोतबाट ११९ स्थानीय तहलाई सशर्त, समपुरक र विशेष अनुदानमा यस वर्ष रू.९ अर्ब ७७ करोड ६९ लाख हस्तान्तरण गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७९ आषाढ मसान्तसम्म रू.९ अर्ब ४३ करोड ७३ लाख खर्च देखाई रू.३३ करोड ९६ लाख फिर्ता गर्न बाँकी देखाएको छ । फिर्ता गर्नुपर्ने रकममध्ये प्रतिवेदन अवधिसम्म स्थानीय तहको रू.१३ करोड ५८ लाख फिर्ता गर्न बाँकी रहेको छ ।

२.७. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । सञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **अन्य व्यहोरा प्रतिवेदन** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(महेश्वर काफ्ले)
उप-महालेखापरीक्षक

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	रकम (रू.हजारमा)
१. सरकारी कार्यालय	२११	७५४०७९६८
२. समिति तथा अन्य संस्था	१०	१४९६७५४
जम्मा	**२२१**	**७६९०४७२२**

यो वर्ष प्रदेश मातहत २११ सरकारी निकायको रू.७५ अर्ब ४० करोड ७९ लाख ६८ हजार र अन्य संस्था समिति १० को रू.१ अर्ब ४९ करोड ६७ लाख ५४ हजार समेत रू.७६ अर्ब ९० करोड ४७ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची-१, २ र ३** मा उल्लेख छ।

१. **सरकारी निकाय -** यो वर्ष २११ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रू.हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम
१.	विनियोजन	३७९९४९६३
२.	राजस्व	३३४६६८४८
३.	धरौटी	२६०१०२४
४.	अन्य कारोबार	१३४५१३३
	जम्मा	**७५४०७९६८**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ।

२. **समिति र अन्य संस्था -** यो वर्ष ८ समिति र २ अन्य संस्थाको रू.१ अर्ब ४९ करोड ६७ लाख ५४ हजारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ । लेखापरीक्षण गरिएका निकायको विस्तृत विवरण **अनुसूची-४** मा उल्लेख छ ।

- **बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रू.हजारमा)

शीर्षक/क्षेत्र	२०७८/७९ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु (वित्तीय हस्तान्तरण समेत)	२२५०५०९०	१५६९९९०६	६९.७६
पुँजीगत	३३२१५८३७	२०९९५०५६	६३.२१
जम्मा	**५५७२०९२७**	**३६६९४९६३**	**६५.८५**
वित्तीय व्यवस्था	२००००००	१३०००००	६५.००
कुल जम्मा	**५७७२०९२७**	**३७९९४९६३**	**६५.८३**

बजेट अनुमानको तुलनामा चालुतर्फ ६९.७६ र पुँजीगततर्फ ६३.२१ प्रतिशत मात्र खर्च गरेको छ । समग्र खर्च विनियोजनको तुलनामा ६५.८३ प्रतिशत मात्र भएकोले विनियोजन दक्षता कमजोर देखियो। समयमा योजना स्वीकृति, कार्यक्रम सञ्चालन र सेवाप्रवाहको अवस्थामा सुधार तथा कार्य प्रक्रियामा सरलीकरण गरी विनियोजन दक्षता बढाउनुपर्दछ ।

४. **खर्चको स्थिति** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल चालु र पुँजीगत खर्चको विवरण निम्नानुसार छ ।

(रू.हजारमा)

क्र. सं.	निकाय	बजेट			यथार्थ खर्च		
		चालुतर्फ	पुँजीगततर्फ	वित्तीयतर्फ	चालुतर्फ	पुँजीगततर्फ	वित्तीयतर्फ
१.	प्रदेश सभा सचिवालय	२७९८७९	६६२५९		१८७५९४	१८८८२	
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५५३९३२	३२७७३५०		२६०१७२	१८३०११५	
३.	आर्थिक मामिला तथा योजना मन्त्रालय	३३१९१७	२४६३३		२६१९४१	१३४१३	
४.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२४०५६६	६२५५२२		१९४३८६	३५६६२३	
५.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१११४०९१	१४४४२५६		७५७९०५	१२०१६२१	
६.	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	२२१५४१	३५०८२२		१३३९८८	१५९५४०	
७.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२५२२६१८	९८४४७०		१७२९५२५	६७५७८६	
८.	भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालय	१२३३७७	१७६००		८०९८७	१६१४०	
९.	भौतिक पूर्वाधार विकास मन्त्रालय	३९८५६२	१४२२८३२७		२२४४६१	८६८११२१	
१०.	खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय	३०२४७५	६८२९४१०		२६६४२१	५०७१९४३	
११.	सामाजिक विकास मन्त्रालय	२८७९३११	८९००५७		१८६६१८२	४६४६१३	
१२.	युवा तथा खेलकुद मन्त्रालय	२२०८०५	१४१५५		१५०३३१	१३६१२	
१३.	संस्कृति तथा पर्यटन मन्त्रालय	६९२३३	१२०५४००		४६१०२	६३७१५०	
१४.	श्रम, रोजगार तथा यातायात मन्त्रालय	४७१५३१	६६४८५		३९४६४७	३७०१२	
१५.	स्वास्थ्य मन्त्रालय	३४४३५४९	२८७७४३१		२२६५०९७	१७९५५४२	
१६.	प्रदेश लोक सेवा आयोग	९८९६७	१२८५०		५९०३९	११७०९	
१७.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१७३३३	१२५०		१०३६४	१२४०	
१८.	प्रदेश नीति तथा योजना आयोग	३९३९४	९०००		१८२१७	८९९४	
	जम्मा	**१३३२९०८१**	**३२९२५२७७**		**८९०७३५९**	**२०९९५०५६**	
२०.	अर्थ विविध	१५९४२१९	२९०५६०				
२१.	वित्तीय व्यवस्था तथा सेयर लगानी			२००००००			१३०००००
२२.	स्थानीय तह	७५८१७९०			६७९२५४७		
	जम्मा	**२२५०५०९०**	**३३२१५८३७**	**२०००००**	**१५६९९९०६**	**२०९९५०५६**	**१३००००**

माथिको तालिका अनुसार प्रदेश सरकारले चालुतर्फ रू.१५ अर्ब ६९ करोड ९९ लाख ६ हजार अर्थात् विनियोजनको ६९.७६ प्रतिशत र पुँजीगततर्फ रू.२० अर्ब ९९ करोड ५० लाख ५६ हजार अर्थात् विनियोजित बजेटको ६३.२१ प्रतिशत खर्च गरेको छ । प्रदेश सरकारले समग्रमा विनियोजन भएको बजेट रू.५७ अर्ब ७२ करोड ९ लाख २७ हजार मध्ये ६५.८३ प्रतिशत अर्थात्

रू.३७ अर्ब ९९ करोड ४९ लाख ६३ हजार खर्च गरेको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालुतर्फबाट रू.७ अर्ब ५८ करोड १७ लाख ९० हजार व्यवस्था गरेकोमध्ये रू.६ अर्ब ७९ करोड २५ लाख ४७ हजार अर्थात् ८९.५९ प्रतिशत खर्च गरेको छ।

५. **स्रोतगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७८।७९ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू.हजारमा)

स्रोत	२०७८/७९ को			अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	प्राप्ति	यथार्थ खर्च	
१. संघीय सरकार अनुदान				
१.१ समानीकरण अनुदान	७८५९०००	७८५९०००	५८५४३६३	७४.४९
१.२ सशर्त अनुदान	७९३४६००	६६८३३३९	४७६९२५९	६०.११
१.३ विशेष अनुदान	५५८४००	५५८४००	२३२७१४	४१.६८
१.४ समपुरक अनुदान	५७४८००	५७४८००	२१८१९४	३७.९६
जम्मा	**१६९२६८०० **	**१५६७५३९**	**११०७४५३०**	६५.४३
२. प्रदेश सरकार	**४८७९४१२७**	**५६८५७१७३**	**२६९२०४३३**	५५.१७
कुल जम्मा	**५७७२०९२७**	**७२५३२७१२**	**३७९९४९६३**	**८५.०१**

यो वर्ष प्रदेश सरकारको कुल खर्च रू.३७ अर्ब ९९ करोड ४९ लाख ६३ हजारमध्ये संघीय सरकारको अनुदानबाट २९.१५ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ७०.८५ प्रतिशत व्यहोरेको छ। संघीय सरकारबाट प्राप्त हुने प्रक्षेपण गरेको सशर्त अनुदान कम प्राप्त भएको छ । गतवर्षको मौज्दात रकम यसवर्ष खर्च गर्न नसकेको कारण अनुमानभन्दा बढी नगद मौज्दात देखिएको छ । उपलब्ध स्रोत परिचालन नभएको कारणले विकास निर्माण, खर्च व्यवस्थापन तथा कार्य सम्पादन नतिजामा असर परेको छ ।

६. **राजस्व असुली -** सरकार सञ्चालनको मुल आधार राजस्व सङ्कलन र परिचालन भए तापनि २०७८।७९ मा प्रदेश सरकारले कर राजस्व रू.२३ अर्ब ८२ करोड १८ लाख, गैह्र कर राजस्व रू.६ अर्ब ८२ करोड १३ लाख ३१ हजार र अन्य राजस्व रू.१ अर्ब ५ करोड ९ लाख ९६ हजार समेत रू.३१ अर्ब ६९ करोड ४१ लाख २७ हजार राजस्व असुली अनुमान गरेकोमा रू.३३ अर्ब ४६ करोड ६८ लाख ४८ हजार असुल गरेको छ। यससम्बन्धी विवरण **अनुसूची-८** मा छ ।

(रू. हजारमा)

क्र.सं.	स्रोत	अनुमान	प्राप्ति	प्रतिशत
१.	कर राजस्व	२३८२१८००	२५७०९१५६	१०७.९२
२.	गैर कर राजस्व	६८२१३३१	६३२३२८४	९२.७०
३	अन्य राजस्व	१०५०९९६	१४३४४०८	१३६.४८
	जम्मा	**३१६९४१२७**	**३३४६६८४८**	**१०५.५९**

७. **वित्तीय हस्तान्तरण -** आर्थिक वर्ष २०७८।७९ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार रहेको छः

(रू. हजारमा)

स्रोत	बजेट	हस्तान्तरण	खर्च प्रगति प्रतिशत
समानीकरण अनुदान	१५०००००	१४८८०९७	९९.२१
सशर्त अनुदान	२७३९२६१	२५१५०२१	९१.८१
समपुरक अनुदान	४२४३५०	३६५२८२	८६.०८
विशेष अनुदान	२९१८१७९	२४२४१४६	८३.०७
जम्मा	**७५८१७९०**	**६७९२५४७**	८९.५९

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ११९ स्थानीय तहमा रू.६ अर्ब ७९ करोड २५ लाख ४७ हजार उपलब्ध गराएको छ । अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरण बाहेक) अनुदानको अद्यावधिक तथ्याङ्क सङ्कलन गरेर प्रदेश सञ्चित कोषमा सबै रकम फिर्ता गराउने कार्य बाँकी रहेको छ ।

८. **संघलाई बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट कार्यक्रम सञ्चालन गर्न संघीय कार्यालय ७१ लाई रू.४९ करोड ४७ हजार अख्तियारी दिई रू.३८ करोड ६८ लाख ४० हजार बजेट खर्च भएको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित कार्यालयमा उपलब्ध गराईएकोले प्रदेशको आय-व्ययको कारोबारमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१२** मा छ ।

९. प्रदेश सरकारको ५ वर्षको वित्तीय स्थिति

९.१. **प्रदेश बजेट कार्यान्वयन स्थिति** - प्रदेश अन्तर्गत आ.व. २०७४।७५ देखि २०७८।७९ को अवधिमा चालुतर्फ रू.८१ अर्ब ६७ करोड ९८ लाख ३६ हजार, पुँजीगतर्फ रू.१ खर्ब ५ अर्ब ७९ करोड ७६ लाख ११ हजार र वित्तीय व्यवस्थातर्फ रु.४ अर्ब बजेट अनुमान गरेको मध्ये चालुतर्फ रू.५३ अर्ब ३९ करोड ८९ लाख ६७ हजार, पुँजीगततर्फ रू.६६ अर्ब ३६ करोड ४० लाख ८४ हजार र वित्तीय व्यवस्थातर्फ रु.२ अर्ब ७० करोड समेत रू.१ खर्ब २२ अर्ब ४६ करोड ३० लाख ५१ हजार खर्च भएको छ । वार्षिक रुपमा चालु खर्च बजेटको तुलनामा ५८.८१ देखि ६९.७६ प्रतिशत र पुँजीगत खर्च ५७.७० देखि ८८.१३ प्रतिशत रहेको छ । खर्च क्षमता सुदृढ गरी वार्षिक खर्च प्रतिशत वृद्धि गर्नुपर्दछ ।

(रू.हजारमा)

आर्थिक वर्ष	बजेट अनुमान			यथार्थ खर्च			खर्च प्रतिशत		
	चालु	पुँजीगत	वित्तीय व्यवस्था	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्था	चालु	पुँजीगत	वित्तीय व्यवस्था
२०७४।७५	२४७०३५	१४११५१		१४५२७४	१२४४००		५८.८१	८८.१३	
२०७५।७६	१६८६७००६	१७७६५९४८		११०९८३३४	९५५४३६८		६५.८०	५३.७८	
२०७६।७७	२०१३०१०२	२७१७७७८४		१२२६८८४९	१५६८२०२१		६०.९५	५७.७०	
२०७७।७८	२१९३०६०३	२७४९६८९१	२००००००	१४१८६६०३	२०००८२३९	१४०००००	६४.६९	७२.७७	७०.००
२०७८।७९	२२५०५०९०	३३२१५८३७	२००००००	१५६९९९०७	२०९९५०५६	१३०००००	६९.७६	६३.२१	६५.००
जम्मा	**८१६७९८३६**	**१०५७९७६११**	**४०००००**	**५३३९८९६७**	**६६३६४०८४**	**२७०००००**	**६५.३८**	**६२.७३**	**६७.५०**

९.२. **स्रोतगत अनुमान र यथार्थ खर्च** - संघीय सरकारतर्फको समानीकरण, सशर्त र समपुरक र विशेष अनुदान र प्रदेश सरकारको अनुदानसमेत आ.व. २०७५।७६ देखि २०७८।७९ सम्म रू.२ खर्ब ५४ करोड ५ लाख ८१ हजार स्रोत अनुमान गरेको मध्ये रू.१ खर्ब ८५ अर्ब ३२ करोड २० लाख ७० हजार प्राप्ती भई रू.१ खर्ब २२ अर्ब ४६ करोड ३० लाख ५१ हजार खर्च भएको विवरणबाट देखिन्छ । वार्षिक रुपमा अनुमानको तुलनामा ५७.८१ देखि ६९.२१ प्रतिशतसम्म खर्च भई औसतमा ६१.०७ प्रतिशत खर्च भएको छ । अनुमानको तुलनामा प्राप्ती अवस्था सदृढ गरी खर्च प्रतिशत वृद्धि मार्फत खर्च क्षमता सुदृढ गर्नुपर्दछ ।

(रू. हजारमा)

शीर्षक	आर्थिक वर्ष					जम्मा
	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	
संघीय सरकार तर्फ						
समानीकरण अनुदान						
अनुमान	**२६९६७४**	५९६९७००	७५९६४००	७७१७१००	७८५९०००	२९४११८७४
प्राप्ति	**२६९६७४**	५९६९७००	७५९६४००	७७१७१००	७८५९०००	२९४११८७४
यथार्थ खर्च	**२६९६७४**	५९६९७००	४२७८२०७	५९१७५४०	५८५४३६३	२२२८९४८४
अनुमानको तुलनामा खर्च प्रतिशत	**१००**	**१००.००**	**५६.३२**	**७६.६८**	**७४.४९**	**७५.७८**
सशर्त अनुदान (वैदेशिक सहयोग समेत)						
अनुमान		१०६१५६००	७४६४९००	८८४४५००	७९३४६००	३४८५९६००
प्राप्ति		६२१५६४२	७९७८४९६	७८८९३३८	६६८३३३९	२८७६६८१५
यथार्थ खर्च		६२१५६४२	५९५०५१२	६०००००५	४७६९२५९	२२९३५४१८
अनुमानको तुलनामा खर्च प्रतिशत		**५८.५५**	**७९.७१**	**६७.८४**	**६०.११**	**६५.७९**
समपूरक अनुदान						
अनुमान		६०००००	२००००००	८१८२००	५७४८००	३९९३०००
प्राप्ति		०	६४६६००	८१८२००	५७४८००	२०३९६००
यथार्थ खर्च		०	१२२५६३	४४०१९०	२१८१९४	७८०९४७
अनुमानको तुलनामा खर्च प्रतिशत		**०.००**	**६.१३**	**५३.८०**	**३७.९६**	**१९.५६**
विशेष अनुदान						
अनुमान		०	१००००००	४९००००	५५८४००	२०४८४००
प्राप्ति		०	४१००००	४९००००	५५८४००	१४५८४००
यथार्थ खर्च		०	५२८९०	२७०५४७	२३२७१४	५५६१५१
अनुमानको तुलनामा खर्च प्रतिशत		**०.००**	**५.२९**	**५५.२१**	**४१.६८**	**२७.१५**
प्रदेश सरकारतर्फ						
अनुमान		१८३३०३००	२९५४६५८६	३३५५६६९४	४८७९४१२७	१३०२२७७०७
प्राप्ति		८४६७३६०	३१७१९५३१	२६६०१३१७	५६८५७१७३	१२३६४५३८१
यथार्थ खर्च		८४६७३६०	१७५४६६९८	२२९६६५६०	२६९२०४३३	७५९०१०५१
अनुमानको तुलनामा खर्च प्रतिशत		**४६.१९**	**५९.३९**	**६८.४४**	**५५.१७**	**५८.२८**
जम्मा अनुमान	**२६९६७४**	**३५५१५६००**	**४७६०७८८६**	**५१४२६४९४**	**६५७२०९२७**	**२००५४०५८१**
कुल प्राप्ति	**२६९६७४**	**२०६५२७०२**	**४८३५१०२७**	**४३५१५९५५**	**७२५३२७१२**	**१८५३२२०७०**
कुल यथार्थ खर्च	**२६९६७४**	**२०६५२७०२**	**२७९५०८७०**	**३५५९४८४२**	**३७९९४९६३**	**१२२४६३०५१**
अनुमानको तुलनामा खर्च प्रतिशत	**-**	**५८.१५**	**५८.७१**	**६९.२१**	**५७.८१**	**६१.०७**

९.३. **राजस्व असुली -** प्रदेशको आ.व. २०७४।७५ देखि २०७८।७९ सम्मको जम्मा राजस्व लक्ष्य रू.९८ अर्ब ७८ करोड ७० लाख ४ हजार मध्ये रू.९८ अर्ब ४९ करोड ५२ लाख ८९ हजार सङ्कलन भएको देखिन्छ । यसका आधारमा पाँच वर्षको औसत सङ्कलन प्रतिशत ९९.७० हुन आउछ। राजस्व सङ्कलन उत्साहजनक देखिएकोले दायरा बिस्तार गरी लक्ष्य वृद्धि गर्दै सङ्कलन अङ्क समेत वृद्धि गर्नुपर्दछ ।

(रू. हजारमा)

आर्थिक वर्ष	राजस्व लक्ष्य	असुली	असुली प्रतिशत
२०७४।७५	०	१५६	-
२०७५।७६	१८३३०३००	१६९०१७२०	९२.२१
२०७६।७७	२२७९४९००	२१५२५२४८	९४.४३
२०७७।७८	२५९६७६७७	२६६०१३१७	१०२.४४
२०७८।७९	३१६९४१२७	३३४६६८४८	१०५.५९
जम्मा	**९८७८७००४**	**९८४९५२८९**	**९९.७०**

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु -** बागमती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रू.१ अर्ब ५ करोड ३१ लाख ४ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रू.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**१०४५४६०**	**७६४४**	**१०५३१०४**	**१००.००**
१. असुल गर्नुपर्ने	**६७९९२**	**१३२१**	**६९३१३**	**६.५८**
२. नियमित गर्नुपर्ने	**६२९३०३**	**६३२२**	**६३५६२६**	**६०.३६**
• अनियमित भएको	१८५९५०	९३८	१८६८८८	१७.७५
• प्रमाण कागजात पेस नभएको	४४३३५३	५३८५	४४८७३८	४२.६१
३. पेस्की	**३४८१६५**	**०**	**३४८१६५**	**३३.०६**

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९, १०** मा छ ।

२. **अघावधिक बेरुजु -** गत वर्ष सम्म रू.२ अर्ब ३२ करोड ५ लाख ८८ हजार बेरुजु रहेकोमा यो वर्ष रू.२ करोड ३४ लाख ४२ हजार सम्परीक्षण भई रू.२ अर्ब २९ करोड ७१ लाख ४६ हजार बाँकी रहेको र यो वर्ष रू.१ अर्ब ५ करोड ३१ लाख ४ हजार थप भई जम्मा बेरुजु रू.३ अर्ब ३५ करोड २ लाख ५० हजार कायम भएको छ । यस सम्बन्धी विवरण **अनुसूची -११** मा रहेको छ ।

(रू.हजारमा)

क्र.सं.	विवरण	गत वर्ष	यो वर्ष	जम्मा रकम
१.	प्रदेश सरकारी निकायको बेरुजु	२२०१७५०	१०४५४६०	३२४७२१०
२.	समिति तथा अन्य संस्थाको बेरुजु	९५३९६	७६४४	१०३०४०
	जम्मा	**२२९७१४६**	**१०५३१०४**	**३३५०२५०**

३. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५(४) मा औँल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखाउत्तरदायी

अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७८।७९ को बेरुजु फर्स्यौट नभएकाले उक्त व्यहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१३** मा रहेको छ ।

३.२ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालयहरू निम्नानुसार छन्:

(रू. हजारमा)

क्र. सं.	मन्त्रालय	लेखापरीण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१०१६२३०३	३४८९७	१५१७४२	१७५०४३	३६१६८२	३४.६०	३.५६
२.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१४४०१११७	२३५९	१७१२३०	७९२३९	२५२८२८	२४.१८	१.७६
३.	खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय	६०२२१०३	१६८१९	१७२०५५	२१२८०	२१०१५४	२०.१०	३.४९
४.	सामाजिक विकास मन्त्रालय	२९६४४८९	१६०८	३५९१८	४२७२६	८०२५२	७.६८	२.७१
५.	स्वास्थ्य मन्त्रालय	४१३९२८५	४१०६	४५८४८	१२६३४	६२५८८	५.९९	१.५१

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मन्त्रालय दोस्रो, खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय तेस्रो, सामाजिक विकास मन्त्रालय चौथों तथा स्वास्थ्य मन्त्रालय पाँचौ नम्बरमा रहेका छन् ।

३.३ यो वर्ष २११ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा १४८ कार्यालय (६७ प्रतिशत) मा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था १० मध्ये ३ कार्यालयमा लगती बेरुजु देखिएको छैन ।

३.४ यो वर्ष प्रदेश मातहतका निकाय तथा समितितर्फ २ हजार ९७६ दफामध्ये प्रतिक्रियाबाट २६१ दफा फर्स्यौट भई २ हजार ७१५ दफा बेरुजु देखिएकोमा १ हजार ४७६ दफा सैद्धान्तिक र १ हजार २३९ दफा लगती बेरुजु कायम भएको छ ।

३.५ प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रू.४६ करोड २० लाख ४० हजार बाँकी रहेकोमध्ये रु.८ लाख फर्स्यौट भई यो वर्ष थप म्याद नाघेको पेस्की रू.३४ करोड ८१ लाख ६५ हजार समेत कुल पेस्की रू.८० करोड ९४ लाख ५ हजार बाँकी रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ ।

३.६ लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रू.३१ लाख २ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.२ लाख ९३ हजार र सम्परीक्षणको क्रममा रू.४८ लाख ७० हजार समेत रू.८२ लाख ६५ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसुची-६** मा छ ।

३.७ सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ २५ निकायको रू. ४९ लाख ६० हजार अग्रिम कर कट्टी नगरेकोमा २ निकायको रू.१ लाख ८२ हजार असुल भई रू.४७ लाख ७८ हजार बाँकी छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा छ ।

३.८ प्रदेश सरकारी कार्यालय अन्य संस्था र समितितर्फ यो वर्षको सम्पन्न लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
प्रथम २०७५	२७४६२९	९७२	०.३५	९७२	०.३५
दोस्रो २०७७	३९४७५४०१	९८७३१५	२.५०	५१०७१०	१.२९
तेस्रो २०७८	५१०९०५८३	७२५२२९	१.४२	६५५८४९	१.२८
चौथों २०७९	६८३३७९७७	१०९४४१०	१.६०	८५०७६०	१.२४
पाँचौं २०७९	७६९०४७२२	१०५३१०४	१.३७	७०४९३९	०.९१

परिच्छेद -३
लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **कानुन तर्जुमा -** संघीय संरचना अनुसार प्रदेशको सञ्चालन र व्यवस्थापनका लागि २०७८।७९ सम्म ७० ऐन, ३३ नियमावली, ३ विनियमावली, १२ गठन आदेश, ४६ कार्यविधि, ५ निर्देशिका, ७ मापदण्ड र १३ अध्यादेश प्रतिस्थापन कानुन समेत १८१ कानुन तथा कार्यविधि निर्माण गरेको छ।

२. **संगठन र व्यवस्थापन :** प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सेवा प्रवाहको लागि आवश्यक जनशक्ति निर्धारण गरी पदपूर्ति गर्नुपर्दछ । प्रदेश सरकार अन्तर्गतका २०१ सरकारी निकायमा ३ हजार ७६४ दरबन्दी रहेकोमा २ हजार ५१४ पदपूर्ति भई १ हजार २५० पद रिक्त रहेको छ । स्वीकृत दरबन्दीको एक तिहाई पद रिक्त रहेकोले प्रदेश कार्यालयहरूको सेवा प्रवाहमा असर परेको छ ।

३. **कानुनमा सामञ्जस्यता -** नेपाल सरकारको आर्थिक ऐन, २०७५ द्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ च (३) (४) मा ढुङ्गा, गिट्टी र बालुवाको करमा दोहोरो अधिकार रहने साथै कर स्थानीय तहले सङ्कलन गरी बाँडफाँट गर्ने व्यवस्था रहेकोमा सो व्यवस्था खारेज गरी दफा ६२(क) मा स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा बिक्री गरी प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । प्रदेश आर्थिक ऐन, २०७७ को दफा ९(५) अनुसार गिट्टी, ढुङ्गा, बालुवा वापत सङ्कलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।

यसैगरी नेपाल सरकार मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुङ्गा, बालुवा बिक्री वापतको राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँट गर्ने व्यवस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ । यस वर्ष ढुङ्गा, गिट्टी, बालुवा, मनोरञ्जन र विज्ञापन करबाट प्राप्त राजस्व मध्ये ७४ पालिकाले रू.७२ करोड ९६ लाख ७३ हजार प्रदेश सरकारको सञ्चितकोषमा दाखिला गरेका छन् । गिट्टी, ढुङ्गा, बालुवा बिक्रीबाट प्राप्त हुने राजस्व उत्पत्तिको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने वातावरणीय असर लगायत समग्र व्यहोरा प्रदेशसँग सम्बन्धित भएकाले राजस्व बाँडफाँट सम्बन्धी कानुन तर्जुमा गर्दा सो विषयलाई मध्यनजर राखेर संघीय कानुनसँग नबाँझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व सङ्कलन तथा बाँडफाँट गर्नुपर्दछ ।

४. **अवण्डा -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा वा कार्यका निमित्त स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ । बजेट उपशीर्षक ६०२ (अर्थ विविध) मा एकमुष्ट रू.१ अर्ब बजेट विनियोजन भएकोमा विभिन्न बजेट उपशीर्षकबाट रू.१ अर्ब ६० करोड ४० लाख

९२ हजार रकमान्तरबाट थप गरी कायम भएको बजेटबाट पुनः विभिन्न निकायलाई रू.२ अर्ब ३१ करोड ३५ लाख ३२ हजार प्रदान गरेको रकम घट पछि कायम भए अनुसार रू.६९ करोड ७ लाख ६६ हजार भैपरी आउने शीर्षकबाट अवण्डा कायम गरी खर्च गरेको पाइयो । अर्थ विविध शीर्षकमा अवण्डा बजेट व्यवस्था गरी तदर्थ निर्णयका आधारमा खर्च गर्दा बजेटमा संसदीय निगरानी नभई वित्तीय अनुशासन कायम हुने देखिएन । वित्तीय अनुशासन कायम गरी खर्चमा पारदर्शिता कायम गर्न अवण्डा बजेट प्रणाली नियन्त्रण गर्नुपर्दछ ।

५. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश विनियोजन ऐन, २०७७ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत निकासा हुने ११९ स्थानीय तह, ४ संवैधानिक निकाय तथा ७ मन्त्रालय र सो मातहतका निकाय समेतमा गरी शुरु बजेट रू.५३ अर्ब ४८ करोड ७२ लाख ६३ हजारमा ५५ प्रतिशतले हुने रू.२९ अर्ब ४४ करोड २० लाख ४० हजार थप र ४८ प्रतिशतले हुने रू.२५ अर्ब ९० करोड ५३ लाख ५९ हजार घट समेत गरी रकमान्तर पछि रू.५७ अर्ब २ करोड ३९ लाख ४४ हजार बजेट कायम गरेको छ । शुरु बजेटको तुलनामा रकमान्तरबाट ७ प्रतिशतले वृद्धि भए तापनि खुद बजेटको ६८ प्रतिशतले हुने रू.३८ अर्ब ५७ करोड ३५ लाख ६ हजार मात्र खर्च भएबाट खर्च क्षमता कम भएका शीर्षकमा समेत रकमान्तरबाट बजेट थप गरेको देखिएको छ । विनियोजन ऐनको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

६. **बजेट कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष असार महिनाको १ गते प्रदेश सभामा पेस गर्नुपर्ने र सो साथ राजस्व सङ्कलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीतिगत व्यवस्था सहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको आर्थिक वर्ष २०७८।७९ को वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

६.१ आर्थिक मामिला तथा योजना मन्त्रालयले रू.५७ अर्ब ७२ करोड ९ लाख २७ हजारको आय-व्यय अनुमान पेस गरेकोमा गत वर्षको बचत, कर र अन्य राजस्व समेत रू.७२ अर्ब ५३ करोड २७ लाख १२ हजार आय र रू.३७ अर्ब ९९ करोड ४९ लाख ६३ हजार (फिर्ता रू.२ अर्ब ५९ करोड ६३ लाख ७२ हजार समेत) व्यय भई रू.३४ अर्ब ५३ करोड ७७ लाख ४९ हजार बचत रहेको देखिन्छ । राजस्व तथा अन्य प्राप्तिको ४७.६१ प्रतिशत बचत रहेको देखिन्छ । खर्च गर्ने दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउँनुपर्दछ ।

६.२ गत वर्षको बचत, कर र अन्य राजस्व समेत कुल आय रू.७२ अर्ब ५३ करोड २७ लाख १२ हजार मध्ये बाँडफाँट भई प्राप्त हुने कर तथा अन्य राजस्वबाट रू.३३ अर्ब ४४ करोड ६८ लाख ४८ हजार (४६.११ प्रतिशत), संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट रू.१५ अर्ब ६७ करोड ५५ लाख ३९ हजार (२१.६१ प्रतिशत) र बाँकी गत वर्षको नगद मौज्दातबाट प्राप्त भएको छ ।

जस अनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा ध्यान दिनुपर्दछ ।

७. **दिगो विकास लक्ष्य -** प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दिगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीय तहका विकासका क्रियाकलपाहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दिगो विकासका सूचकहरूलाई समाहित गराइ सोको आधारमा सञ्चालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन । नीति आयोग मार्फत संघीय सरकार एवं राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दिगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरूलाई आन्तरिकीकरण गर्नुपर्दछ ।

८. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ अनुसार बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याँई खुलाउनु पर्ने एवं नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययनको आधारमा खर्च हुन सक्ने रकम मात्र पुष्ट्याँई सहित प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७८।७९ को पुँजीगत बजेट खर्चको स्थिति निम्नानुसार छ :

(रू. हजारमा)

मन्त्रालय	विनियोजित बजेट	जम्मा खर्च	खर्च प्रतिशत
प्रदेश सभा सचिवालय	६६२६०	१८८८२	२८.५०
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३२७७३५०	१८३०११५	५५.८४
आर्थिक मामिला तथा योजना मन्त्रालय	२४६३३	१३४१३	५४.४५
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६२५५२२	३५६६२३	५७.०१
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१४४४२५६	१२०१६२१	८३.२०
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	३५०८२२	१५९५४०	४५.४८
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	९८४४७०	६७५७८६	६८.६४
भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालय	१७६००	१६१४०	९१.७०
भौतिक पूर्वाधार विकास मन्त्रालय	१४२२८३२७	८६८११२१	६१.०१
खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय	६८२९४१०	५०७१९४३	७४.२७
सामाजिक विकास मन्त्रालय	८९००५७	४६४६१३	५२.२०
युवा तथा खेलकुद मन्त्रालय	१४१५५	१३६१२	९६.१६
संस्कृति तथा पर्यटन मन्त्रालय	१२०५४००	६३७१५०	५२.८६
श्रम, रोजगार तथा यातायात मन्त्रालय	६६४८५	३७०१२	५५.६७
स्वास्थ्य मन्त्रालय	२८७७४३१	१७९५५४२	६२.४०
प्रदेश लोक सेवा आयोग	१२८५०	११७०९	९१.१२
मुख्य न्यायाधिवक्ताको कार्यालय	१२५०	१२४०	९९.२०
प्रदेश नीति तथा योजना आयोग	९०००	८९९४	९९.९३
जम्मा	**३२९२५२७८**	**२०९९५०५६**	**६३.७७**

उल्लिखित तालिकाको विश्लेषण गर्दा कुल बजेटको औसतमा ६३.७७ प्रतिशत मात्र खर्च देखिन्छ। मन्त्रालयगत रूपमा प्रदेश नीति तथा योजना आयोगले औसतभन्दा बढी खर्च गरेको देखिन्छ। सबैभन्दा कम खर्च प्रदेश सभा सचिवालयको २८.५० प्रतिशत र बढी प्रदेश नीति तथा योजना आयोगको ९९.९३ प्रतिशत रहेको छ । समग्रमा सबै मन्त्रालयहरूको खर्च गर्न सक्ने क्षमता कमजोर रही स्वीकृत बजेटको न्यून प्रतिशत मात्र खर्च भएकोले खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ।

९. **कार्यक्रम कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले संसदमा प्रस्तुत २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । साथै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम २३ बमोजिम विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय पक्ष तथा प्रशासनिक उपयुक्तताको आधारमा त्यसवाट हुने प्रतिफल समेत विचार गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा उल्लेखित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित प्रादेशिक विकासमा संघीय र स्थानीय सरकारको सहभागिता, समन्वय र सहकार्य सम्बन्धी कार्य, प्रादेशिक विश्वविद्यालयको स्थापना गर्न रू.४ करोड बजेट विनियोजन गरेको, युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न प्रदेश विज्ञान प्रविधि कोषको स्थापना, स्थानीय तहको सहकार्यमा श्रमिक अभिलेखिकरण सूचना प्रणालीको स्थापना, निर्माणाधीन दुध पाउडर प्लान्ट निर्माण सम्पन्न गरी सो को सञ्चालन कार्यविधि समेत तयार गर्ने, पोष्टबहादुर बोगटी सुरुङ्ग मार्ग सह-लगानीमा निर्माण, स्थानीय तहमा वित्तीय हस्तान्तरण अनुदानबाट सञ्चालित कार्यक्रमको प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरिने लगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन । बजेट वक्तव्यमा उल्लेखित कार्य कार्यान्वयन गर्नुपर्दछ ।

१०. **अनुदान कार्यविधि -** प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट उपलब्ध गराउने अनुदान रकम व्यवस्थित गर्न प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ अनुसार प्रदेश सरकारले प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ निर्माण गरेको छ । उक्त कार्यविधिको बुँदा नं. ३ मा मन्त्रालय वा निकायबाट विभिन्न विकासका कार्यक्रमका लागि प्रदान गरिने अनुदान प्रणालीमा एकरूपता कायम गर्न सकिने उल्लेख छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कार्यक्रम पिच्छे फरक-फरक हुने गरी लेखापरीक्षण अवधिसम्म १३१ कार्यविधि निर्माणका लागि रू.१४ अर्ब ९६ करोड ९२ लाख अनुदान वितरण गरेको छ। निर्माण भएका कार्यविधि र प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि बीच सामञ्जस्यता नभएकोले एकरूपता कायम हुनेगरी सुधार गर्नुपर्दछ ।

११. **दोहोरो अनुदान -** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा नं. ८ मा दोहोरो हुने गरी अनुदान उपलब्ध गराउन नहुने व्यवस्था छ । पशुपंक्षी तथा मत्स्य निर्देशनालयले १० जिल्लाका २६० सहकारी संस्था मार्फत् रू.१५ करोड ९९ लाख ९२ हजार अनुदान उपलब्ध गराएको छ । सो मध्ये चितवनका ४ पालिकाबाट रू.५ करोड ८ लाख ४३ हजार अनुदान वितरण भएको छ । मन्त्रालयका अतिरिक्त सम्बन्धित पालिकाबाट समेत अनुदान वितरण हुने गरेको देखिएको हुँदा दोहोरो पर्ने स्थिति छ । एकै शीर्षकको अनुदान दिँदा फरक-फरक निकाय मार्फत् दोहोरो निकासा भइरहेको देखिएको हुँदा मन्त्रालयको ध्यानाकर्षण हुनुपर्दछ ।

१२. **उपभोक्ता समिति मार्फत् कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउँदा अवलम्बन गर्नुपर्ने विधिहरू उल्लेख छ । उल्लेखित व्यवस्था विपरीत रू.१ करोडभन्दा बढी लागत अनुमान रहेको कार्य समेत उपभोक्ता समितिबाट गराउने, खर्चको विल भरपाई व्यवस्थित नहुने, खर्च सार्वजनिकीकरण नगर्ने, आयोजना स्थलमा सूचना पाटी नराख्ने, जटिल प्रकृतिका जनश्रमदानबाट नहुने आयोजना समितिबाट गराउने, हेभी मेशिनरी प्रयोग हुने कार्य समेत समितिबाट गराउने, समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराउने गरेको देखिन आएको छ । उपभोक्ता समितिको गठन, दर्ता, नवीकरण, समितिबाट गराउन सकिने र नसकिने कामको वर्गीकरण, धरौटी, म्याद थप लगायत विषयहरूमा स्पष्ट गरी उपभोक्ता समिति मार्फत् गर्ने कार्यलाई थप व्यवस्थित गर्नुपर्दछ ।

१३. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्ने विभिन्न सात आधारमध्ये आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको लागि रकम प्रस्ताव गर्ने व्यवस्था समेत रहेको छ । प्रदेश स्तरमा सञ्चालन हुने आयोजनाहरूलाई एकीकृत एवं व्यवस्थित बनाउन आवश्यक पर्ने आयोजना बैङ्क स्थापना गरेको छैन । कार्यान्वयन गर्ने निकाय/मन्त्रालयहरूले सम्भाव्यता अध्ययन गरेको, आवधिक योजना र प्रदेशको प्राथमिकता अनुकुलका आयोजना समावेश गरी आयोजना बैङ्क निर्माण गरी सो अनुसार बजेट प्रस्ताव गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । प्रदेश मन्त्रालय र मातहतका ५ निकायले मेशिनरी औजार एवं फर्निचर खरिद, परामर्श सेवा, निर्माण लगायतको कार्यमा रू.३ करोड २२ लाख ७४ हजारको कार्य सोझै खरिद गरेको देखियो । यस्तै भौतिक पूर्वाधार विकास मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको परामर्श सेवामा ११५ प्याकेज बनाई रू.५ करोड ८६ लाख २९ हजारको कार्य लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । खरिद कार्य कानुनसम्मत हुनुपर्दछ ।

१५. **सेवा प्रवाह -** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भएकोमा सो सम्बन्धी कार्य नभएको, स्वीकृत दरबन्दीको ६७ प्रतिशत मात्र पदपूर्ति भएको, प्रदेश सरकार सञ्चालनको लागि आवश्यक कानुन एवं कार्यविधिहरू बन्न बाँकी रहेको लगायतको कारण प्रदेश सरकारको सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन । सेवा प्रवाहलाई सबल र चुस्त बनाउँनुपर्दछ ।

१६. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने र सुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरूको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, नुवाकोटले जनरल आइटम भनी ३ वटा पुलको योजना तथा ७ वटा सडकको योजनाको ठेक्कामा भुक्तानी हुँदा बीमा, ल्याव टेष्ट, साइड अफिस तथा एकोमोडेसन जस्ता कार्यमा समेत मूल्य समायोजन दिएको छ । नियमावलीमा श्रम, सामग्री र उपकरण बाहेक अन्यमा

मूल्य समायोजन दिन नमिल्ने उल्लेख भएकोमा मूल्य समायोजन वापत दिएको रू.१४ लाख ५४ हजार असुल गरी दाखिला गर्नुपर्दछ ।

१७. **प्रदेश गौरवका आयोजना -** बागमती प्रदेश सरकारले २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा प्रदेश विश्व विद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी (भिमफेदी कुलेखानी) सुरुङ्ग मार्ग गरी ४ वटा योजनालाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेकोमा कार्यान्वयन भएको छैन । प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनको लागि नीतिगत र कानुनी व्यवस्था गर्ने गरी घोषणा भएकोमा नीतिगत तथा कानूनी व्यवस्था गर्ने सम्बन्धी काम भएको छैन । साथै यो वर्षको बजेट वक्तव्यमा सो सम्बन्धी व्यवस्था गरेको समेत नपाइएकोले विश्वविद्यालय स्थापना कार्य अगाडि बढाएको देखिएन । त्यस्तै हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नामाकरण गरी स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने गरी घोषणा गरेकोमा प्रतिष्ठान रुपान्तरण गर्न ऐन तथा नियमावली जारी गरेको भए तापनि व्यवहारमा मूर्त रुप दिएको छैन । संघीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ (रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ्ग-चितवन-मकवानपुर-सिन्धुली र काभ्रेपलान्चोक) को गुरुयोजनाको मस्यौदा २०७६।७७ मा तयार गरी चक्रपथ खण्डको पहिचान भए तापनि त्यस पछिका २ वर्षमा कुनै पनि कार्य अगाडि बढाएको देखिएन । साथै पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्ग (भिमफेदी कुलेखानी ३.४२५ कि. मि. निर्माण गर्न रू.१९ अर्ब ३२ करोड लागत अनुमान तयार गरी २०८१ अर्थात ४ वर्षभित्र निर्माण कार्य गर्ने गरी २०७७।७८ मा रू.२ करोड विनियोजन गरेकोमा उक्त रकमबाट कार्य नभएको र २०७८।७९ मा समेत रू.७५ करोड रकम विनियोजन भएकोमा उक्त रकम समेत फिर्ता भएको देखिन्छ । उक्त कार्यमा गत विगत वर्षदेखि हालसम्म परामर्श सेवामा रू.२ करोड ७ लाख ५१ हजार खर्च गरेपनि प्रदेश गौरवको आयोजनाले निरन्तरता पाएको देखिएन ।

१८. **प्रदेश समन्वय परिषद् -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनैतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद रहने र परिषद्को बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था छ । परिषद्को २०७७।७८ मा एकपटक बैठक बसे तापनि यो वर्ष बसेको छैन । गत वर्षको बैठकमा गरेका २३ निर्णयको अनुगमन र मूल्याङ्कन गरेको देखिएन । ऐन अनुसार प्रदेश र स्थानीय तहबीचको समन्वयमा ध्यान दिनुपर्दछ ।

१९. **आवधिक योजनाको समीक्षा -** प्रदेश नीति तथा योजना आयोगले पहिलो आवधिक योजना २०७६।७७-२०८०।८१ तर्जुमा गरी लागु गरेको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा समेतको सूचकहरू उल्लेख गरेको छ । सो बमोजिम दोश्रो वर्ष बहुआयमिक गरिबी सूचकाङ्क १० प्रतिशतमा झार्ने, मानव विकास सूचकाङ्क ०.६५३ पुऱ्याउने, आर्थिक वृद्धि दर ११.३ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर १४.१ प्रतिशत, प्रतिव्यक्ति आय २ हजार ३२४ अमेरिकी डलर पुऱ्याउने लगायतको लक्ष्य राखेकोमा सोको प्रगति समीक्षा गरेको छैन । नतिजाको समीक्षा गरी कार्ययोजनाबमोजिम तोकिएको समयभित्र क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

२०. **जग्गा उपयोग** - वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । संघीय वन तथा वातावरण मन्त्रालयद्वारा सार्वजनिक वन तथा वातावरण क्षेत्रको वर्तमान अवस्थाको स्थिति पत्र, २०७५ अनुसार सम्झौताका शर्तको अधिनमा रही प्रयोग गर्ने गरी वन क्षेत्र अन्य प्रयोजनका लागि उपलब्ध गराएको देखिन्छ । मन्त्रालयले जलविद्युत योजना तथा प्रशारण लाइन वापत ८६३.२६, नेपाली सेनालाई ५४६.५७, सुकुम्वासी समस्या समाधानका लागि ५४४, संघ संस्था तथा पार्क प्रयोजनमा ७३.७३, सरकारी भवन तथा भौतिक पूर्वाधार निर्माणमा ६६.६९, विश्वविद्यालय तथा शैक्षिक क्षेत्रलाई ६२.८८, निजी कम्पनी तथा प्रा. लि. लाई ६१.४५, रिसोर्ट होटल पर्यटनमा ४८.१२, सिमेन्ट उद्योगमा २२.९७, खानेपानी आयोजनाका लागि २१.५४, सडक बिस्तार कार्यमा १७.७५ र सरकारी तथा निजी सञ्चार क्षेत्रमा ०.७१ हेक्टर गरी कुल २ हजार ३२९.६७ हेक्टर सरकारी जमिन लिज, भाडा तथा भोगाधिकार मार्फत उपलब्ध गराएको देखियो । लिज तथा भाडामा उपलब्ध गराएको वन क्षेत्रको जमिनको सम्झौता अनुसार राजस्व प्राप्त भई सरकारी कोषमा आम्दानी बाँधेको यकिन हुनेगरी एकीकृत राजस्व विवरण पेस हुन आएन । साथै उपलब्ध गराएको वन क्षेत्र सम्झौताका शर्त पालना भई उपयोग भएको, सम्झौता अनुसारको समयमा निर्धारित किस्ता प्राप्त भएको साथै भोगाधिकार क्षेत्रमा वन क्षेत्र संरक्षण तथा वातावरण व्यवस्थापनमा भएको कार्य समेत यकिन हुन आएन । अन्य क्षेत्रमा प्रयोग भएको वनको अवस्था पहिचान गरी सबै राजस्व सरकारी कोषमा निर्धारित समयमा नै प्राप्त भएको यकिन गर्नुपर्दछ ।

२१. **राहत सहयोग परिचालन र वितरण** – विपद् उद्धार तथा राहत विवरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १२ मा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले कार्यक्रम अनुसारको आम्दानी र खर्च सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले विपद्, खोज, राहत वितरणको लागि विनियोजित रकमबाट १३ जिल्ला प्रशासन कार्यालयलाई रू.१ करोड ३० लाख निकासा दिएको छ। कार्यविधिमा तोकिए अनुसार रकम वितरण भएको सम्बन्धी प्रतिवेदन मन्त्रालयमा पेस गरेको देखिएन। जसबाट मन्त्रालयले राहत सहायता वापत निकासा दिएको रकम सोही प्रयोजनमा खर्च गरेको यकिन हुने देखिएन ।

२२. **योजनाको कार्यान्वयन अवस्था** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप र १२५ मा कार्यसम्पन्न सम्बन्धमा व्यवस्था छ । शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम ७० प्रतिशत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा ३० प्रतिशत साझेदार संस्थाको लागत सहभागितामा ११ योजनाहरूलाई तीन (३) प्याकेज बनाई २०७६।०३।३५ मा सम्झौता गरी ठेक्का व्यवस्थापन गरेकोमा ३ वर्ष ६ महिना नाघिसक्दा पनि केही योजनाको ६.९७ प्रतिशत मात्र कार्य भएको, ४ योजनाको ६० प्रतिशत, एउटा योजना ठेक्का रद्द भएको, अन्य योजनाको ९५ प्रतिशत भएको जनाएको छ । त्यस्तै लागत सहभागिताको ३० प्रतिशत रकम १३ करोड ९२ लाख ५० हजार असुल हुन बाँकी देखिन्छ भने २ योजना(हिमालय शित भण्डार र वेलकोट गढी शित भण्डार) करिव १६.२२ लागत वृद्धि भई रू.६ करोड ३५ लाख भेरियसनको

लागि प्राविधिक नापी सहित फाईल मन्त्रालयमा पेस गरेको जनाएको छ । ती सबै योजनाको २०७९ आषाढसम्म म्याद थप भएको छ भने पुनः म्याद थप गर्नुपर्ने अवस्था रहेकोले योजना समयमा सम्पन्न हुने अवस्था देखिँदैन । आयोजनाका सम्वन्धमा समयमै कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

२३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र लागु गरी सक्नुपर्ने व्यवस्था छ । साथै आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम हुने व्यवस्था दफा ३०(२) मा रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले उक्त ढाँचा र कार्यविधि तोकिसकेको छ । कार्यविधि, ऐन प्रमाणिकरण भएको ५ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु नगरेको र ऐनको दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण समिति गठनसमेत भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२४. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । यस वर्ष प्रदेश सरकार मातहतका सबै कार्यालयको प्रदेश लेखा नियन्त्रक कार्यालयले र प्रदेश लेखा इकाई कार्यालय मार्फत् ४१८ कार्यालयको लेखापरीक्षण सम्पन्न गरेको पाइयो । लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.३ करोड ४८ लाख ९२ हजार, नियमित गर्नुपर्ने रू.२५ करोड ८४ लाख ६९ हजार, म्याद नाँघेको पेस्की रू.५७ करोड १९ लाख ५ हजार गरी जम्मा रू.८६ करोड ५२ लाख ६७ हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म पनि उक्त बेरुजु फर्स्यौट भएको पाइएन । बेरुजुको लगत अद्यावधिक गरी फर्स्यौट गर्ने प्रणाली विकास नभएकोले बेरुजुको केन्द्रीय विवरण तयार गरेपनि सुधारको अवस्था यकिन तथा अभिलेखिकरण गरेको छैन । लेखापरीक्षणको सुझाव अनुसार सुधार गरेको सम्बन्धमा आश्वस्त हुने व्यवस्था गरी आन्तरिक लेखापरीक्षण थप प्रभावकारी बनाउँनुपर्दछ।

२५. **सम्पत्तिको अभिलेख तथा प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम मन्त्रालयहरूले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत तथा मातहत कार्यालयहरूबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रूपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्नेमा गरेका छैनन् ।

२६. **लेखाङ्कन तथा प्रतिवेदन -** कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, (नेप्सास) को ढाँचा २०७५ मार्गमा नै स्वीकृत भई सकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायहरूले स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार नगरेको भनी विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएता पनि सुधार भएको छैन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरिनुपर्दछ ।

पाँच वर्षे कार्य सम्पादन

२७. **वित्तीय स्थिति -** आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनका आधारमा २०७४।७५ देखि २०७८।७९ सम्मको बजेट कार्यान्वायन र राजस्व प्राप्तीको अवस्था विश्लेषण गर्दा कुल बजेट रु.१ खर्ब ९३ अर्ब ३९ करोड २४ लाखको औसतमा ५६ प्रतिशत हुने रु.१ खर्ब २२ अर्ब ४६ करोड २८ लाख खर्च भएको छ भने राजस्व संकलनको अनुमानित लक्ष्य रु.१ खर्ब ९३ अर्ब ३९ करोड २४ लाख रहेकोमा ८५.४९ प्रतिशतले हुने रु.१ खर्ब ६५ अर्ब ३३ करोड ४० लाख सङ्कलन भएको छ । बजेट कार्यान्वयन र राजस्व प्राप्ती यथार्थ र विश्वसनीय बनाई लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२८. **कार्य सम्पादन स्थिति -** प्रदेश सरकारको कार्य सम्पादन स्थितिका विषयमा देखिएका प्रमुख व्यहोराहरू देहायबमोजिम छन्:

२८.१ प्रदेश सभा सचिवालय अन्तर्गत २०७४।०७५ देखि २०७८।०७९ सम्म प्रदेश सभाबाट ७० ऐन, २ नियमावली र २ कार्यविधि सहित ७४ वटा कानून पारित भएको छ । प्रदेश सरकार र अन्तर्गतका निकायलाई स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि उत्प्रेरित गर्दै कार्य सम्पादन स्थितिमा सुधार गर्न संसदीय निगरानीको पक्षमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

२८.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि २०७४।७५ देखि २०७८।७९ सम्मको अवधिमा प्रदेशको नामाकरण र स्थायी राजधानीको विषय टुङ्गो लगाएको, प्रदेश सुशासन केन्द्रको स्थापना, प्रदेश मन्त्रालयहरू बीच समन्वय र सहकार्य, प्रदेश स्तरीय योजना निर्माण, कर्मचारी व्यवस्थापन लगायतका कार्यहरू भएका छन् । यद्यपि सम्बन्धित संघीय ऐनहरू जारी नभएको कारण कतिपय विषयगत कानूनहरु निमार्ण हुन नसकेको, कर्मचारी पदपूर्तीमा समस्या देखिएको, संघीय संरचना अन्तर्गतका तहमा समन्वय र सहकार्यमा थप सुधार गर्नुपर्ने देखिएको कारण प्रदेश सरकारको कार्य सम्पादन स्थिति अपेक्षित हुन सकेको छैन । त्यसैले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्य थप प्रभावकारी बनाउँदै प्रभावकारी कार्यसम्पादनमा ध्यान दिनुपर्दछ ।

२८.३ भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत २०७५।७६ देखि २०७८।७९ को अवधिमा मन्त्रायलयबाट २३० कि. मी. लोकमार्ग, ३८० कि.मी. प्रादेशिक मार्ग र ६९ वटा पक्की पुल निर्माण कार्यसम्पन्न भएको तथा ४० पक्की पुल निर्माणाधीन अवस्थामा रहेको लगायतका कार्य भएका छन् ।

स्थानीय तहबाट संचालन हुने प्रकृतिका स-साना योजना कार्यान्वयनमा समेत मन्त्रालय संलग्न हुँदा ठुला पूर्वाधारजन्य योजनामा पर्याप्त समय र बजेट व्यवस्था हुन नसकेको, योजना संचालनमा दोहोरोपना देखिएको, बहुवर्षीय ठेक्का तथा सञ्चालित योजनाहरू समयमै सम्पन्न हुन नसकेको, सम्पन्न योजनाको गुणस्तर र दिगोपनामा थप ध्यान दिनुपर्ने लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालयको स्थापना भई सञ्चालनमा रहेको छ । प्रदेश व्यवस्थापिकाको कार्यसञ्चालनमा आवश्यक सहयोग गर्ने प्रशासकीय निकायको रुपमा सचिवालयको स्थापना भएको हो । बागमती प्रदेश सभामा समानुपातिक ४४ समेत ११० सभासद निर्वाचित हुने व्यवस्था रहेको छ ।

यो वर्ष सचिवालयको विनियोजन रू.२० करोड ६४ लाख ७७ हजार, राजस्व रू.७२ हजार र धरौटी रू.२१ लाख ३३ हजार समेत रू.२० करोड ८६ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कानुन तर्जुमा -** आर्थिक वर्ष २०७४।७५ मा प्रथम पटक गठित प्रदेश सभाको २०७८।७९ सम्म ११ अधिवेशन बसी कानुन निर्माणका लागि सभामा ७९ विधेयक दर्ता भएको मध्ये ७४ विधेयक पारित भई ऐनको रुप धारण गरेको छ भने ५ विधेयक सदनमा विचाराधीन अवस्थामा रहेको छ ।

२. **संसदीय समितिको निर्णय कार्यान्वयन -** नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्नसक्ने व्यवस्था अनुसार बागमती प्रदेश सभाले प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन गरेको छ । गठन भएका समितिहरूले २०७४।७५ देखि २०७८।७९ सम्म ४३० पटक बैठक बसी १ हजार ३४ निर्णय र २५१ निर्देशन दिएको छ। समितिका निर्णय तथा निर्देशन कार्यान्वयन अवस्थाका सम्बन्धमा अनुगमन गरेको छैन। समितिको निर्णय तथा निर्देशन कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

३. **विषयगत समिति** - नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्य प्रणाली व्यवस्थित गर्न विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा ५ विषयगत समितिको व्यवस्था छ । प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र राय सल्लाह दिनका लागि समितिहरू रहने व्यवस्था छ । समितिले प्रदेश सभाले पठाएको विधेयकको समीक्षा एवं संशोधनका लागि सिफारिश गर्ने, नियमन क्षेत्र अन्तर्गतको जिम्मेवारीमा पर्ने मन्त्रालय एवं अन्तर्गतका सरकारी निकायको काम कारवाहीको अनुगमन तथा विश्लेषण गरी प्रतिवेदन गर्ने व्यवस्था छ । यो वर्ष समितिहरूबाट भएका कार्य निम्नानुसार छन्:

३.१. प्रदेश सभाको २०७४।११।१५ को बैठकबाट विधायन समिति गठन भई समितिले मन्त्रालयसँग सम्बन्धित कार्यहरू, विधायन सम्बन्धी कार्यहरू तथा प्रदेश सरकारलाई निर्देशन दिने कार्यहरू गरी प्रदेश मामिला समितिको तेस्रो प्रतिवेदन २०७८ पेस गरेको छ । तर २०७८।७९ को कार्य सम्बन्धी चौथो प्रतिवेदन पेस भएको देखिएन । साथै समितिले मन्त्रालय एवं निकायलाई दिएको

निर्देशन कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन समेत सभामा पेस गरेको छैन ।

३.२. यो वर्ष अर्थ तथा विकास समितिको २३ बैठक बसी प्रदेश सरकार मातहत रहेका मन्त्रालयहरूबाट गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन तथा राय सल्लाह समेत दिने काम गर्दै आएको छ । समितिले एक वर्षको अवधिमा सम्पादन गरेका कार्यहरू समेटी चौथो वार्षिक प्रतिवेदन प्रदेश सभामा पेस गरेको छ । समितिले भौतिक पूर्वाधार विकासमा देखिएका जटिलता, बजेट कार्यान्वयन तथा योजना सम्बन्धमा जानकारी, बहुवर्षीय योजनाहरूको निर्माण लगायतका विषयमा गरेका निर्णयहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन सभामा पेस गरेको देखिएन ।

३.३. सार्वजनिक लेखा सम्बन्धी नियमन र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन माथि छलफल गर्ने सार्वजनिक लेखा समितिले यो वर्ष १६ पटक बैठक सञ्चालन गरी महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०७८ र २०७९ का विषयमा ३ उपसमितिमा छलफल तथा प्रदेश सरकारको काम कारबाहीका विषयमा निर्देशन दिएको छ । समितिबाट गठित २ उप-समितिले समितिमा प्रतिवेदन पेस गरे तापनि एक उपसमितिले प्रतिवेदन पेस गरेको छैन । समितिले हालसम्म गरेका निर्णयहरूको कार्यन्वयन भए नभएको विषयमा अनुगमन गरी प्रतिवेदन प्राप्त गरेको देखिएन।

३.४. शिक्षा, स्वास्थ्य तथा कृषि समितिले मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूमा अनुगमन र मूल्याङ्कन गरी सो सम्बन्धमा निर्देशन दिने कार्य जिम्मेवारी पुरा गर्न १०३ पटक बैठक बसी २७२ निर्णय गरेको छ । समितिले बागमती प्रदेशका बालबालिकाको अवस्था जानकारी गराउने, प्रत्येक स्थानीय तहमा १/१ प्राविधिक शिक्षालय सञ्चालनको नीति अवलम्बन गर्नुपर्ने, सामुहिक चक्लाबन्दी खेतीमा ध्यान दिनुपर्ने, कृषकहरूलाई समयमै रासायनिक मल उपलब्ध गराउनु पर्ने लगायतका निर्णय गरेको छ । उक्त निर्णय कार्यान्वयनको अनुगमन गरी प्रतिवेदन पेस गरेको देखिएन ।

३.५. उद्योग, पर्यटन तथा वातावरण समितिको २४ पटक बैठक बसी पर्यटन क्षेत्रको संरक्षण र विकास, पर्यटन प्रवर्द्धन, पर्यावरण र वातावरण संरक्षण लगायत तीन तहका सरकारबीचको सहकार्य तथा समन्वय विषयमा समितिले चौथो वार्षिक प्रतिवेदन सभामा पेस गरेको छ । समितिले यो वर्ष १५१ वटा निर्णय गरेको भएतापनि उक्त निर्णयहरू कार्यान्वयन भए नभएको अनुगमन गरेको देखिएन ।

समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

४. **दरबन्दी पदपूर्ति -** सचिवालय अन्तर्गत मर्यादापालक बाहेक २९ दरबन्दी रहेकोमा ११ औं तहको प्रशासनिक कार्यकारीसहित १८ पद रिक्त रहेको देखिन्छ । दरबन्दीबमोजिम पदपूर्ति नहुँदा दैनिक कार्य सञ्चालन, अनुगमन, मूल्याङ्कन जस्ता कार्यमा समस्या देखिएको छ । सचिवालयले समयमै स्वीकृत दरबन्दी पदपूर्ति गर्नुपर्दछ ।

५. **अतिरिक्त सेवा सुविधा** - प्रदेश प्रमुखको कार्यालयबाट २०७६।११।२१ मा प्रदेश सभाको सचिव पदमा पदाधिकारीलाई तलब भत्ता भुक्तानी र प्रदेश सभा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा १२(१) मा सचिवको पारिश्रमिक तथा सुविधा रा.प. विशिष्ट श्रेणी कर्मचारीले पाएअनुसार हुने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७६।५।४ को निर्णय अनुसार प्रदेश प्रमुख सचिव र प्रदेश सचिवका हकमा क्रमशः रा.प. विशिष्ठ श्रेणी र रा.प. प्रथम श्रेणीको सचिव तथा सह-सचिवलाई खटाउने र सो वापत रा.प.अनं. द्वितीय निजी सहायक सरहको थप तलब भत्ताको सुविधा दिने निर्णयको आधारमा प्रदेशसभा सचिवलाई २०७८।४।१ देखि २०७९।३।३० सम्म मासिक रू.२८ हजार ६१० का दरले रू.३ लाख ४३ हजार भुक्तानी भएको छ । संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार संघीय निजमती सेवाका विशिष्ठ श्रेणी तथा रा.प. प्रथम श्रेणीका कर्मचारीलाई प्रदेशमा खटिए वापत प्रोत्साहन स्वरुप सुविधा उपलब्ध गराउने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्रबाट भएको अवस्थामा प्रदेश सभाले नै नियुक्त गरेका व्यक्तिलाई उक्त सुविधा भुक्तानी दिएको नियमसम्मत देखिएन।

६. **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा कार्यालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि खर्च सृजना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी खर्च दक्षता बढाउनुपर्ने व्यवस्था छ । सचिवालयलाई २०७८।०७९ मा रू.३४ करोड ६१ लाख ३८ हजार बजेट विनियोजन मध्ये रू.२० करोड ६४ लाख ७६ हजार खर्च भई रू.१३ करोड ९६ लाख ६२ हजार बाँकी रहेको छ । सचिवालयले विनियोजन बजेटको ५९.६५ प्रतिशत मात्र खर्च गरेको छ । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेट प्रस्ताव गरी विनियोजन दक्षता प्रभावकारी बनाउँनुपर्दछ।

- **बेरुजु स्थिति** - सचिवालयको यो वर्ष रू.४६ लाख ९६ हजार बेरुजु देखिएकोमा फस्यौट नभएकोले सोही बेरुजु बाँकी रहेको छ । यस सम्वन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

पाँच वर्षे कार्यसम्पादन

- **कार्य सम्पादन स्थिति** - प्रदेश सभा सचिवालय अन्तर्गत २०७४।०७५ देखि २०७८।०७९ सम्म कुल रु.१ अर्ब ५६ करोड ९७ लाख ८ हजार विनियोजन भएको मध्ये चालुतर्फ रु.६४ करोड ९५ लाख ८५ हजार र पुँजीगततर्फ रु.१४ करोड ५ लाख २६ हजार समेत रु.७९ करोड १ लाख ११ हजार (५०.३३ प्रतिशत) खर्च भएको छ । प्रदेश सभाबाट ७० ऐन, २ नियमावली र २ कार्यविधि सहित ७४ वटा कानून पारित भएको छ । प्रदेश सरकार र अन्तर्गतका निकायलाई स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि उत्प्रेरित गर्दै कार्य सम्पादन स्थितिमा सुधार गर्न संसदीय निगरानीको पक्षमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यक्षेत्रमा बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्रको शासन व्यवस्थापनको सामान्य व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, मन्त्रिपरिषदमा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष विनियोजन रू.२ अर्ब ९ करोड २ लाख ८७ हजार, राजस्व रू.५ लाख ९९ हजार, धरौटी रू.२६ लाख ५४ हजार र अन्य कारोबार रू.१५ लाख ८४ हजार समेत रू.२ अर्ब ९ करोड ५१ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । अन्य संस्थातर्फ प्रदेश सुशासन केन्द्रको रू.१८ करोड ९७ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम गर्नुपर्ने कार्य जिम्मेवारीमध्ये मानव अधिकारको संरक्षण र सम्बोधन, सुशासन तथा भष्ट्राचार नियन्त्रण र शासकीय सुधार, प्रदेश स्तरीय मावन संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरीय सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण, प्रदेश स्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण, प्रदेश स्तरका सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन, गाँउपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा लगायतका कार्य सम्पादन भएको देखिएन । कार्यान्वयन तालिका बनाई तोकिएको कार्य गर्नुपर्दछ ।

२. **मन्त्रालय विभाजन -** गत वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत ७ मन्त्रालय रहेकोमा २०७८।७९ मा साविकका मन्त्रालय टुक्राई १४ मन्त्रालय बनाएको र पुनः २०७९।८० मा उक्त सङ्ख्या घटाई मन्त्रिपरिषद्को कार्यालय समेत ११ मन्त्रालय कायम गरेको छ। बारम्बार मन्त्रालय थपघट गर्नुपर्नाको औचित्य पुष्टि भएको छैन ।

३. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारले प्रदेश प्रमुखमार्फत २०७८।७९ को लागि सभामा प्रस्तुत नीति तथा कार्यक्रममध्ये संवैधानिक प्रावधान अनुरुप प्रदेशको एकल अधिकार र साझा अधिकार सूचीमा रहेका विषयहरूसँग सम्बन्धित बाँकी रहेका आवश्यक कानुन क्रमशः निर्माण गरिने, तर्जुमा भएका कानुनको कार्यान्वयन र प्रभावकारिताको अध्ययन गरिने, स्थानीय तहका कर्मचारी र कार्यालयको व्यवस्थापन तथा सेवा प्रवाह सम्बन्धी कानुन तर्जुमाका लागि समन्वय र सहकार्य गरिने, कार्य प्रकृति, कार्य बोझ र औचित्यका आधारमा जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षणको कार्य थप व्यवस्थित गरिने, प्रदेशको योजना अनुगमन, यातायात व्यवस्थापन, सवारी चालक अनुमति पत्र, उद्योग वाणिज्य व्यवसाय दर्ता लगायतका सेवा विद्युतीय माध्यमबाट प्रवाह गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गरेको देखिएन । नीति तथा कार्यक्रममा समावेश भएका विषयका लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **कार्यक्रम कार्यान्वयन -** प्रदेश आर्थिक कार्वविधि नियमावली, २०७४ को नियम २३ बमोजिम विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय पक्ष तथा प्रशासनिक उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७८।७९ बजेट वक्तव्यमा उल्लेखित

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित प्रादेशिक विकासमा संघीय र स्थानीय सरकारको सहभागिता, समन्वय र सहकार्य सम्बन्धी कार्य, प्रादेशिक विश्वविद्यालयको स्थापना, युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न प्रदेश विज्ञान प्रविधि कोषको स्थापना, स्थानीय तहको सहकार्यमा श्रमिक अभिलेखिकरण सूचना प्रणालीको स्थापना, निर्माणाधीन दुध पाउडर प्लान्ट निर्माण सम्पन्न गरी सो को सञ्चालन कार्यविधि समेत तयार गर्ने, पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्ग सहलगानीमा निर्माण, स्थानीय तहमा वित्तीय हस्तान्तरण अनुदानबाट सञ्चालित कार्यक्रमको प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरिने लगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन । बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

५. **दरबन्दी पदपूर्ति -** प्रदेश अन्तर्गतका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले प्राविधिक २ हजार ४८४ र अप्राविधिक १ हजार २८० समेत ३ हजार ७६४ दरबन्दी स्वीकृत गरेकोमा २ हजार ५१४ पदपूर्ति भई १ हजार २५० रिक्त रहेको छ । रिक्त दरबन्दीमध्ये ६५० प्राविधिक र ६०० अप्राविधिक पद रहेको छ । स्वीकृत दरबन्दीको ३३ प्रतिशत पद रिक्त रहेकाले प्रदेश कार्यालयहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ । दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गरी करारमा कर्मचारी राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

६. **कानुन तर्जुमा -** बागमती प्रदेशबाट जारी भई प्रदेश राजपत्रमा हालसम्म प्रकाशन भएका ऐन, अध्यादेश, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड र आदेशहरू १४३ निर्माण र ४२ संशोधन समेत १८५ र १ प्रकाशन नभएको समेत गरी १८६ जारी भएको मध्ये ४ कार्यविधि र २ आदेश गरी ६ कानुन खारेज भएको छ । सम्बन्धित क्षेत्रमा पर्ने असर समेत मनन् गरी कानुन तर्जुमा गर्नुपर्दछ ।

७. **प्रदेश समन्वय परिषद् -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनैतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद रहने र परिषद्को बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था छ । परिषद्को २०७७।७८ मा एकपटक बैठक बसे तापनि यो वर्ष बसेको छैन । गत वर्षको बैठकमा गरेका २३ निर्णयको अनुगमन र मूल्याङ्कन गरेको देखिएन । ऐन अनुसार प्रदेश र स्थानीय तहबीचको समन्वयमा ध्यान दिनुपर्दछ ।

८. **प्रदेश गौरवका आयोजना -** प्रदेश सरकारले २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा प्रदेश विश्व विद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी (भिमफेदी कुलेखानी) सुरुङ्गमार्ग गरी ४ वटा योजनालाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेकोमा कार्यान्वयन भएको छैन । प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनको लागि नीतिगत र कानुनी व्यवस्था गर्ने गरी घोषणा भएकोमा नीतिगत तथा कानूनी व्यवस्था सम्बन्धी काम भएको छैन । यो वर्षको बजेट वक्तव्यमा सो सम्बन्धी व्यवस्था गरेको नपाइएकोले विश्वविद्यालय स्थापना कार्य अगाडि बढाएको देखिएन । त्यस्तै हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नामाकरण गरी स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने गरी घोषणा गरेकोमा प्रतिष्ठान रुपान्तरण गर्न ऐन तथा नियमावली जारी गरेको भए तापनि व्यवहारमा मूर्तरुप दिएको छैन । संघीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ (रामेछाप-दोलखा-

सिन्धुपाल्चोक-नुवाकोट-धादिङ्ग-चितवन-मकवानपुर-सिन्धुली र काभ्रेपलान्चोक) को गुरुयोजनाको मस्यौदा २०७६।७७ मा तयार गरी चक्रपथ खण्डको पहिचान भए तापनि त्यस पछिका २ वर्षमा कुनै पनि कार्य अगाडि बढाएको देखिएन । पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्ग (भिमफेदी कुलेखानी ३.४२५ कि. मि. निर्माण गर्न रू.१९ अर्ब ३२ करोड लागत अनुमान तयार गरी २०८१ अर्थात ४ वर्षभित्र निर्माण कार्य गर्ने गरी २०७७।७८ मा रू.२ करोड विनियोजन गरेकोमा उक्त रकमबाट कार्य नभएको र २०७८।७९ मा समेत रू.७५ करोड रकम विनियोजन भएकोमा उक्त रकम समेत फिर्ता भएको देखिन्छ । उक्त कार्यमा गत विगत वर्षदेखि हालसम्म परामर्श सेवामा रू.२ करोड ७ लाख ५१ हजार खर्च गरेपनि प्रदेश गौरवको आयोजनाले निरन्तरता पाएको देखिएन ।

९. **विनियोजन दक्षता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५२(२) मा आफ्नो कार्यालयको लागि विनियोजित बजेट लक्ष्य अनुसार खर्च गर्न नसकेमा सो को जिम्मेवारी मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री तथा राज्यमन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ । कार्यालयका लागि यस वर्ष ४ बजेट शीर्षकमा रू.२२ करोड ३ लाख बजेट व्यवस्था गरेकोमा रू.१२ करोड ६५ लाख (५८.६० प्रतिशत) मात्र खर्च गरेको छ । विनियोजित बजेट खर्च गरी लक्षित उद्देश्य पुरा गर्नुपर्दछ ।

१०. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । साथै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शुरु विनियोजित बजेट रू.१३ करोड ८५ लाख ५० हजारमा रू.१ अर्ब ५ करोड २८ लाख ९४ हजार थप र रू.१ अर्ब १६ करोड ७३ लाख ९४ हजार घटाई अन्तिम बजेट रू.२ करोड ४० लाख ५० हजार कायम भएकोमा रू.१ करोड ५८ लाख ६८ हजार खर्च गरेको छ। विनियोजित रकमको २० प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिनेमा ८३ प्रतिशतले घटी रकमान्तर गरेको छ। प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

११. **निर्णय कार्यान्वयन -** प्रदेश सरकार कार्य विभाजन नियमावलीमा कार्यालयले प्रदेश मन्त्रिपरिषद् निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ । मन्त्रिपरिषद्ले २०७८।७९ मा १६२ र त्यसभन्दा अगाडिका वर्षहरूमा ५०१ निर्णय भएकोमा मन्त्रिपरिषदबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा अनुगमन गरेको देखिएन । नियमित रुपमा अनुगमन गरी निर्णय कार्यान्वयन प्रभावकारी बनाउँनुपर्दछ।

१२. **मध्यकालीन खर्च प्रक्षेपण -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम प्रदेश सरकारको २०७८।७९ देखि २०८०।८१ सम्मको मध्यमकालीन खर्च अनुमान तयार गरेको छ । उक्त अनुमान अनुसार मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रक्षेपित खर्च संरचना मध्ये २०७८।७९ को खर्च अनुमान रू.७१ करोड ७३ लाख २४ हजार भएकोमा रू.१२ करोड ६६ लाख अर्थात् १७.६५ प्रतिशत मात्र खर्च भएको देखिएकोले प्रदेश सरकारले तयार गरेको त्रिवर्षीय खर्च प्रक्षेपण यथार्थपरक रहेको देखिएन।

प्रदेश सुशासन केन्द्र

प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७ बमोजिम प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्यले प्रदेश सुशासन केन्द्रको स्थापना भएको छ।

१३. **कानुनी आधार -** प्रदेश सुशासन केन्द्रले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ मा आधारित भई कार्य गर्दै आएको छ । प्रदेश स्तरीय कार्यालयले स्थानीय तहका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कानुनी आधार रहेको देखिएन । दातृसंस्थाले संघीय मन्त्रालयलाई र मन्त्रालयले प्रदेशलाई बजेट पठाउने र प्रदेशले स्थानीय तहका लागि कार्यक्रम सञ्चालन गरेको देखिएको छ । यससम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छः

१३.१. स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (लिजा) को रू.१ करोड १९ लाखको बजेटमध्ये रू.६३ लाख १ हजार अर्थात् ५३ प्रतिशत खर्च भएको छ । मूल्याङ्कनमा सामेल ११९ मध्ये ५ पालिकाले मूल्याङ्कन गरेका छैनन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको समन्वयमा जिल्ला समन्वय समितमार्फत गराएको कार्यको मूल्याङ्कन गर्दा सबै स्थानीय तहको स्कोर (अङ्क) घटेको, असान्दर्भिक प्रमाणबाट अङ्क दाबी गरेको, समावेशी र भौतिक पूर्वाधार सेवा प्रवाह सूचक मापन कठिन रहेको अवस्था देखिएकोले पालिकाबाट सम्पादित कार्य प्रभावकारी भएको देखिएन ।

१३.२. कार्यालयले लिजा सम्बन्धी समीक्षा गोष्ठी, स्वःमूल्याङ्कन कार्यको कार्ययोजना तर्जुमा, अनुशिक्षण, अनुगमन फ्लोअप र गुणस्तर परीक्षण जिल्ला समन्वय समितिबाट गराई पृष्ठपोषण लिई कार्यपालिकाको बैठकमा सो को नतिजामा छलफल गरी स्वीकृति पश्चात् वेभ बेस सिष्टममा अपलोड गर्नुपर्ने व्यवस्था छ । बागमती प्रदेशका ११९ मध्ये ११४ पालिकाले संस्थागत स्वःमूल्याङ्कन सम्पन्न गरेतापनि ललितपुर महानगरपालिका, मध्यपुर थिमी नगरपालिका, हेलम्बु गाउँपालिका, आमाछोदिङमो गाउँपालिका, महाभारत गाउँपालिकाको संस्थागत स्वःमूल्याङ्कन नभएकोले कार्यक्रमले पूर्णता प्राप्त गरेको देखिएन। कार्यक्रम र बजेट सुशासन केन्द्रमा हुने स्वःमूल्याङ्कन कार्यपालिका स्वयंले गर्ने र गुणस्तर परीक्षण जिल्ला समन्वय समितिले गर्ने हुँदा कार्यक्रमको कार्यान्वयन र नतिजा मूल्याङ्कनमा संस्थागत जिम्मेवारी जटिल बनेको छ। कार्यक्रम सञ्चालन जिम्मेवारी जिल्ला समन्वय समितिमा रहेको र कार्यक्रम तथा बजेट प्रदेश सुशासन केन्द्रमा राखेको हुँदा निकायहरूबीच कार्यक्रम सञ्चालनमा समन्वय रहेको देखिएन। संस्थागत जिम्मेवारी र बजेट कार्यान्वयन एउटै निकाय मातहत रहनुपर्दछ।

१४. **स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन** - प्रदेश सुशासन केन्द्र स्थापना तथा कार्य सञ्चालन आदेश, २०७७ को दफा १५ सँग सम्बन्धित अनुसूची (ग)१ मा जनप्रतिनिधि र कर्मचारीलाई आवश्यकता अनुसार विषयगत क्षेत्रमा प्रशिक्षण र क्षमता विकास गर्ने व्यवस्थाबमोजिम सो कार्यका लागि विनियोजित बजेट रू.२ करोड ३८ लाखमध्ये रू.५० लाख ९० हजार अर्थात् २१ प्रतिशत खर्च भएको छ । वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी ६४ स्थानीय तहले अनलाइन सिष्टममा प्रविष्टी गरेका छन् । बाँकी ५५ पालिकाले अनलाइन सिष्टममा प्रविष्टी गरेका छैनन् । पालिकाहरूले कार्यविधिमा तोकिए अनुसारको व्यवस्था पालना गर्नुपर्दछ।

१५. **स्थानीय तहको आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) मा हरेक स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक, विषयगत, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था छ। यस कार्यक्रमको लागि १५ पालिकालाई ४ क्लष्टर बनाई आवधिक योजना बनाउन रू.१ करोड ८० लाख बजेट व्यवस्था भएकोमा रू.१ करोड २६ लाख ७५ हजार अर्थात् ७०.४१ प्रतिशत खर्च भएको छ। आवधिक योजना बनाउन प्रति पालिका सरदर रू.८ लाख ४५ हजार खर्च भएको देखिन्छ। यस अघि २०७५।७६ मा १४ क्लष्टर बनाइ ११९ पालिकाको आवधिक योजना बनाएकोमा केही पालिकाका आवधिक योजना सम्बन्धित स्थानीय तहमा नपुगेकोले रू.१ करोड २६ लाख दोहोरो खर्च भएको देखिन्छ । कतिपय पालिकाले आफ्नै स्रोतबाट आवधिक योजना बनाउन पहल गरेको देखिएकोले एकै कार्यक्रममा पटक पटक हुने खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१६. **स्थानीय तहहरूको क्षमता विकास योजना -** प्रदेश सुशासन केन्द्रले प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिको लागि माग र आपूर्तिमा आधारित क्षमता विकास तालिम सञ्चालन गर्दै आएको छ। संस्थागत सुधार गर्ने अभिप्रायले यो वर्ष ४ क्लष्टर बनाई ३६ पालिकामा क्षमता विकास योजना सञ्चालन गर्ने कार्यक्रम रहेकोमा कागेश्वरी मनोहरा नगरपालिका आफैंले क्षमता विकास योजना तर्जुमा गरेकोले ३५ स्थानीय तहमा विकास योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ । बाँकी ८३ पालिकामा कार्यक्रम सञ्चालन नहुनुको कारण खुलासा गरेको छैन । सबै पालिकामा कार्यक्रमको प्रभावकारिताका विषयमा अनुगमन गर्नुपर्दछ ।

१७. **स्थानीय तहहरूको राजस्व सुधार कार्ययोजना तर्जुमा -** प्रदेश सुशासन केन्द्र स्थापना तथा कार्य सञ्चालन आदेश, २०७७ को दफा १५ सँग सम्बन्धित अनुसूची (२)क मा प्रदेश सरकार र स्थानीय तहलाई प्राविधिक सल्लाह सुझाव र सहयोग गरी मार्गदर्शन गर्ने व्यवस्था छ। सो कार्यका लागि वार्षिक रू.२ करोड ३५ लाख बजेट विनियोजन भएकोमा रू.९० लाख ३६ हजार अर्थात् ३८ प्रतिशत खर्च गरी प्रति पालिका रू.३ लाख १२ हजार खर्च भएको देखिन्छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४७ स्थानीय तहको लागि कार्यक्रम प्राप्त भएकोमा माग सङ्कलन गर्दा ३० स्थानीय तहको ३ वटा क्लष्टर बनाई त्रिवर्षीय राजस्व सुधार कार्यक्रम शुरु गरेको छ । भरतपुर महानगरपालिकाले उक्त कार्य गरिसकेकोले २९ स्थानीय तहको मात्र राजस्व सुधार कार्य योजना तर्जुमा गर्न सहयोग र सहजिकरण गरेको छ। कार्ययोजनाको उद्देश्य अनुरुपको लक्ष्य प्राप्ती हुने गरी सुधार गर्नुपर्ने देखिन्छ ।

- **बेरुजु स्थिति -** यो वर्ष मुख्यमन्त्री कार्यालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः

➢ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रू.३७ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.३७ लाख ४२ हजार फस्यौट बेरुजु शुन्य रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

➢ समिति तर्फ १ निकाय रु.२३ लाख ९७ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट रु.२३ लाख ९७ हजार फर्स्यौट भई बेरुजु देखिएको छैन । यस सम्वन्धी विवरण **अनुसूची-१०** मा छ ।

पाँच वर्षे कार्यसम्पादन

- **कार्य सम्पादन स्थिति** - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि २०७४।७५ देखि २०७८।७९ सम्म कुल विनियोजित रु.२ अर्ब ६ करोड ५० लाखको ३४ प्रतिशतले हुने रु.६० करोड ३७ लाख खर्च गरेको छ । सो अवधिमा प्रदेशको नामाकरण र स्थायी राजधानीको विषय टुङ्गो लगाएको, प्रदेश सुशासन केन्द्रको स्थापना, प्रदेश मन्त्रालयहरू बीच समन्वय र सहकार्य, प्रदेश स्तरीय योजना निर्माण, कर्मचारी व्यवस्थापन लगायतका कार्यहरू भएका छन् ।

  यद्यपि सम्बन्धित संघीय ऐनहरू जारी नभएको कारण कतिपय विषयगत कानूनहरु निमार्ण हुन नसकेको, कर्मचारी पदपूर्तीमा समस्या देखिएको, संघीय संरचना अन्तर्गतका तहमा समन्वय र सहकार्यमा थप सुधार गर्नुपर्ने देखिएको कारण प्रदेश सरकारको कार्य सम्पादन स्थिति अपेक्षित हुन सकेको छैन । त्यसैले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्य थप प्रभावकारी बनाउँदै प्रभावकारी कार्यसम्पादनमा ध्यान दिनुपर्दछ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकारले (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक विश्लेषण गर्ने, आर्थिक नीतिको तर्जुमा गर्ने र सोको कार्यान्वयन, नियमन, नियन्त्रणको साथै प्रदेश स्तरको स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारीता र गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाई लागु गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका १४ कार्यालयको विनियोजन रू.८ अर्ब ३६ करोड ७९ लाख १ हजार, राजस्व रू.९ अर्ब १७ करोड ५५ लाख ५७ हजार, धरौटी रू.१० करोड ११ लाख ५५ हजार र अन्य कारोबार रू.१ करोड ३८ लाख ३९ हजार समेत रू.१७ अर्ब ६५ करोड ८४ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा आर्थिक नीतिको तर्जुमा तथा आर्थिक अवस्थाको विश्लेषण, आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, सरकारी बाँकीको लगत तथा असुल उपर, संघीय कानुन अनुरुप सहवित्तीयकरण, प्रदेश वार्षिक नीति तथा प्राथमिकता सहितको विकास कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन, राजस्व चुहावट नियन्त्रण नीति तर्जुमा र कार्यान्वयन, तथ्याङ्क तथा सूचना प्रणाली अभिलेख व्यवस्थापन नीति तर्जुमा, कार्यान्वयन र नियमन लगायतको कार्यक्षेत्र तोकिएकोमा कार्यान्वयन अवस्था देखिने गरी प्रगति प्रतिवेदन तयार गरी समीक्षा मार्फत विशेषज्ञता कायम गरेको देखिएन ।

२. **आय-व्यय -** प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्य अनुसार रू.५१ अर्ब ४२ करोड ७५ लाख आय-व्यय अनुमान रहेकोमा प्रदेश लेखानियन्त्रक कार्यालयबाट पेस भएको विवरण अनुसार प्रदेश अन्तर्गत संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गतवर्षको बचतसमेत रू.७२ अर्ब ५३ करोड २७ लाख आय भएकोमा रू.३७ अर्ब ९९ करोड ४९ लाख खर्च भई रू.३४ अर्ब ५३ करोड ७७ लाख बचत भएको छ । बचतमध्ये संघीय सरकारलाई रू.२ अर्ब ५९ करोड ६३ लाख अनुदान फिर्ता भएको देखिन्छ ।

३. **राजस्व प्राप्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको सञ्चित कोषको विवरण अनुसार गत वर्षको बचत, कर र अन्य राजस्व समेत कुल आय रू.७२ अर्ब ५३ करोड २७ लाख १२ हजारमध्ये बाँडफाँट भई प्राप्त हुने कर रू.९ अर्ब ९४ करोड ५६ लाख ४४ हजार (१३.७१ प्रतिशत) तथा प्रदेशबाट सङ्कलित राजस्व रू.२३ अर्ब ५२ करोड १२ लाख ५ हजार (३२.४३ प्रतिशत), संघीय सरकारबाट हस्तान्तरित अनुदान रू.१५ अर्ब ६७ करोड ५५ लाख ३९ हजार (२१.६१ प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट प्राप्त भएको देखिन्छ । जस अनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिनुपर्ने देखिन्छ ।

४. **राजस्व छुट -** आर्थिक ऐन, २०७८ को अनुसूची-२ खण्ड (ग) मा व्यवस्था भए अनुसार घरजग्गा रजिष्ट्रेशनमा स्थानीय तह तथा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको सिफारिस अनुसार बागमती प्रदेश अन्तर्गतका २४ सहकारी संस्थालाई जग्गा रजिष्ट्रेशन शुल्कमा लाग्ने रकममा रू.३ लाख ६७ हजार छुट दिएको अभिलेख कायम गरेपनि उद्योग पर्यटन, वन, वातावरण क्षेत्रका साथै

सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा गैर कर राजस्व लगायतका क्षेत्रमा प्रदान गरेको छुटको एकीकृत विवरण तयार नगरेकोले प्रदेश मातहत प्रदान गरेको छुटको वास्तविक अवस्था यकिन हुन आएन । प्रदेश मातहतका कर, राजस्व, तथा शुल्कमा छुट प्रदान गरेको सम्बन्धमा एकीकृत विवरण देखिने स्वचालित तथ्याङ्क प्रणाली विकास गर्नुपर्दछ ।

५. **संघीय अनुदान -** अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति, खर्च र फिर्ताको स्थिति देहायअनुसार छः

(रू. हजारमा)

खर्च शीर्षक	बजेट	निकासा	खर्च	फिर्ता गर्नुपर्ने
समानीकरण अनुदान	७८५९०००	७८५९०००	५८५४३६२	-
सशर्त अनुदान	७०४८८४८	६६८३३३९	४७६९२५९	१९१४०७९
समपुरक अनुदान	५७४८००	५७४८००	२१८१९३	३५६६०६
विशेष अनुदान	५५८४००	५५८४००	२३२७१४	३२५६८५
जम्मा	**१६०४१०४८**	**१५६७५५३९**	**११०७४५२९**	**२५९६३७१**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५.१. वित्तीय समानीकरण लगायतको अनुदान रू.१६ अर्ब ४ करोड १० लाख ४८ हजार प्राप्त हुने अनुमान गरेकोमा रू.१५ अर्ब ६७ करोड ५५ लाख ३९ हजार (९८ प्रतिशत) प्राप्त भएको छ । अनुदानमध्ये समानीकरण, समपुरक अनुदान र विशेष अनुदान अनुमान अनुसार नै प्राप्त भएकोमा सशर्त अनुदान अनुमानभन्दा कम प्राप्त भएको छ ।

५.२. अनुदान निकासा रू.१५ अर्ब ६७ करोड ५५ लाख ३९ हजार मध्ये रू.११ अर्ब ७ करोड ४५ लाख २९ हजार (७० प्रतिशत) मात्र खर्च भएको छ । समानीकरण अनुदान रू.७ अर्ब ८५ करोड ९० लाख मध्ये रू.५ अर्ब ८५ करोड ४३ लाख ६२ हजार खर्च भई रू.२ अर्ब ४६ लाख ३८ हजार बचत रहेको छ । सशर्त, समपुरक र विशेष अनुदान वापत खर्च हुन नसकेको रू.२ अर्ब ५९ करोड ६३ लाख ७१ हजार फिर्ता भएको छ ।

प्राप्त अनुदान खर्च हुन नसकी बचत रहेको एवं फिर्ता भएको स्थितिले प्रदेश सरकारको कार्यसम्पादन स्तरमा सुधार गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ ।

६. **स्थानीय तहमा हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ११९ स्थानीय तहलाई सशर्त रू.२ अर्ब ५१ करोड ५० लाख २१ हजार, समानीकरण रू.१ अर्ब ४८ करोड ८० लाख, ९७ हजार, समपूरक रू.२ अर्ब ४२ करोड ४१ लाख ४६ हजार र विशेष रू.३६ करोड ५२ लाख २१ हजार समेत कुल जम्मा रू.६ अर्ब ७९ करोड २४ लाख ८५ हजार अनुदान उपलब्ध गराएको छ । समानीकरण अनुदान बाहेक सशर्त, समपुरक र विशेष गरी रू.५ अर्ब ३० करोड ४४ लाख ४९ हजार निकासा भएकोमा रू.३ अर्ब ९३ करोड २ लाख ३४ हजार (कुल निकासाको ७४.०९ प्रतिशत) खर्च भई रू.१ अर्ब ३७ करोड ४२ लाख १४ हजार बाँकी रहेको छ । बाँकी रकम मध्ये प्रतिवेदन अवधिसम्म राजस्व व्यवस्थापन सूचना प्रणाली मार्फत रू.१ अर्ब २८ करोड २२ लाख ९४ हजार प्रदेश सञ्चितकोषमा फिर्ता भई रू.९ करोड १९ लाख २० हजार फिर्ता हुन बाँकी रहेको छ।

७. **प्रदेश विभाज्य कोष** - संघ र प्रदेश तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयबाट सङ्कलन हुने राजस्वको अद्यावधिक अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्दछ । यस वर्ष कोषमा जम्मा भएको रू.९ अर्ब ७७ करोड ६९ लाख प्रतिवेदन अवधिसम्म पुरै बाँडफाँट भएको छ । यो वर्ष प्रदेश विभाज्यकोषबाट सवारी साधन कर रू.३ अर्ब ९१ करोड ७ लाख स्थानीय तहहरूलाई हस्तान्तरण गरेको देखिन्छ । स्थानीय तहको विभाज्यकोषबाट प्राप्त आयमा विज्ञापन कर वापत रू.४ करोड ९१ लाख, मनोरञ्जन कर रू.७२ लाख ३९ हजार, दहत्तर बहत्तर रू.६७ करोड ३३ लाख समेत रू.७२ करोड ९६ लाख ३९ हजार प्राप्त भएको देखिन्छ । स्थानीय तहबाट प्राप्त हुनुपर्ने रकम सम्बन्धमा अनुगमन गरी प्राप्त हुनुपर्ने सबै रकम प्राप्त भएको सुनिश्चितता गर्नुपर्दछ ।

८. **आय अनुमान तथा सङ्कलन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(२) मा प्रदेश अर्थ मन्त्रीले आषाढ महिनाको १ गतेभित्र प्रदेश सभामा राजस्व र व्ययको अनुमान पेस गर्ने व्यवस्था छ । सो अनुसार मन्त्रालयले प्रत्येक आर्थिक वर्षको अनुमानित आय सहितको राजस्व र व्ययको अनुमान पेस गर्ने गरेको छ । मन्त्रालयको विगत पाँच वर्षको बजेट वक्तव्यमा प्रस्तुत गरेको जम्मा आय अनुमान रू.१ खर्ब ९३ अर्ब ३९ करोड २४ लाख ७ हजार रहेकोमा यथार्थ आय रू.२ खर्ब १७ अर्ब १० करोड ५८ लाख ११ हजार रहेको छ । यथार्थ आय गत वर्ष खर्च नभई सञ्चित कोष खातामा बाँकी देखाएको नगद मौज्दात रू.५१ अर्ब ७७ करोड १७ लाख ९४ हजार समेत समावेश छ । यथार्थ आयमा यस्तो रकम २०७५।७६ देखि २०७८।७९ सम्म क्रमशः २, २१, २८ र ३२ प्रतिशत समावेश छ । नगद मौज्दात समेत समावेश गरी आय सङ्कलन प्रगति ९५ देखि १२६ प्रतिशतसम्म देखाएकोमा मौज्दात घटाउँदा प्रगति न्यूनतम ८० प्रतिशतसम्म हुन जान्छ । तसर्थ गत विगतको मौज्दात समेत समावेश गरी तयार गरेको हिसावले आय सङ्कलनको वास्तविक अवस्था चित्रण गरेको छैन । वास्तविक अवस्था चित्रण हुने गरी लेखाङ्कन गर्नुपर्दछ ।

आर्थिक वर्ष	अनुमानित आय	सङ्कलन (नगद मौज्दात सहित)	सङ्कलन प्रतिशत	नगद मौज्दात	नगद मौज्दात प्रतिशत	नगद मौज्दात बाहेकको आय
२०७४।७५	१०२०५००	१०२०५००	१००	०	०	१०२०५०००
२०७५।७६	३५६१५६००	३३७७३४५६	९५	७५१०७४	२	३३०२२३८१
२०७६।७७	४७६०७८८६	४८३५१०२७	१०२	१०१८२७९४	२१	३८१६८२३२
२०७७।७८	५१४२७४९४	६१४२८११६	११९	१७४९१४४७	२८	४३९३६६६८
२०७८।७९	५७७२०९२७	७२५३२७१२	१२६	२३३४६४७८	३२	४९१८६२३३
जम्मा	**१९३३९२४०७**	**२१७१०५८११**		**५१७७१७९४**	**१७**	**१६५३३४०१६**

९. **अवण्डा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐनबमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा वा कार्यका निमित्त स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने व्यवस्था छ । अर्थ विविध शीर्षकमा एकमुष्ट रू.१ अर्ब बजेट विनियोजन भएकोमा विभिन्न बजेट उपशीर्षकबाट रू.१ अर्ब ६० करोड ४० लाख ९२ हजार रकमान्तर गरी कायम भएको बजेटबाट पुनः विभिन्न निकायलाई रू.२ अर्ब ३१ करोड ३५ लाख ३२ हजार प्रदान गरेको रकम घटेपछि कायम भए अनुसार रू.६९ करोड ७ लाख ६६ हजार भैपरी आउने शीर्षकबाट अवण्डा कायम गरी खर्च गरेको छ । अर्थ विविध शीर्षकमा अवण्डा बजेट व्यवस्था गरी तदर्थ

निर्णयका आधारमा खर्च गर्दा बजेटमा संसदीय निगरानी नभई वित्तीय अनुशासन कायम हुने देखिएन। अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **नीति तथा कार्यक्रम कार्यान्वयन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट सम्वन्धी व्यवस्था छ । यसै अनुरुप प्रदेश सरकारले सालवसाली रुपमा नीति तथा कार्यक्रम स्वीकृत गरी बजेट वक्तव्य मार्फत सम्वोधन गर्दै आएको छ । यो वर्षको बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरू कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०.१. सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन तर्जुमा, वार्षिक अर्धवार्षिक र चैत्र महिनासम्मको प्रगति विवरण प्रकाशन, राजस्व प्रशासन सम्बन्धी आर. एम. आई. एस. र भि. आर. एस. प्रणाली सञ्चालन, उत्पादन तथा रोजगारी सृजनाका लागि सहुलियतपूर्ण ऋण लगानी, भ्रमण खर्च नियमावली, प्रदेश आर्थिक कार्यविधि नियमावली तथा विशेष अनुदान सम्बन्धी कार्यविधि स्वीकृति, राजस्व व्यवस्थापन सूचना प्रणाली कार्यान्वयन लगायतका क्षेत्रमा प्रगति देखितापनि प्रत्येक स्थानीय तहमा बैंकिङ्ग सेवा पुऱ्याई नागरिकलाई बैङ्कमार्फत कारोबार गर्न प्रोत्साहित गर्ने, परियोजना बैङ्कको माध्यमबाट योजना छनौट गर्ने प्रणालीको विकास गर्ने, वित्तीय सुशासन रणनीति तथा कार्यविधि एवं प्रदेश सार्वजनिक खर्च मापदण्ड जारी गर्ने, वित्तीय साक्षरताको आधार बैंकिङ्ग प्रणालीमार्फत सबै कारोबार, सार्वजनिक निजी सहकारी कार्यक्रम लागु गर्ने लगायतका कार्यक्रम कार्यान्वयनमा आएको देखिएन ।

१०.२. बजेट वक्तव्य मार्फत परियोजना बैङ्कका लागि रू.८ लाख बजेट व्यवस्था गरेकोमा खर्च हुन नसकेको र ऐन, नीति, कार्यविधि, निर्देशिका बनाउन रू.१५ लाख मध्ये रू.२ लाख ३४ हजार मात्र खर्च भएको, सार्वजनिक निजी सहकारी कार्यक्रमका लागि रू.१५ लाख विनियोजन भएपनि खर्च प्रतिशत शुन्य देखियो । लक्षित कार्यक्रम सञ्चालन नभएबाट नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था पूर्ण रुपले सन्तोषजनक देखिएन । कार्यान्वयनयोग्य विषय नीति तथा कार्यक्रममा समावेश गरी बजेटले सम्बोधन गरेका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

११. **बजेटको वार्षिक मूल्याङ्कन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयको कार्यक्षेत्रमा कानुन, नीति, बजेट तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन साथै कार्य सञ्चालन स्तरको कार्यको समेत अनुगमन गर्ने व्यवस्था छ । मन्त्रालयले प्रदेश सभाको २०७८ आषाढ १ गतेको बैठकमा प्रस्तुत भएअनुसार २०७८।७९ का लागि रू.५७ अर्ब ७२ करोड ९ लाख २७ हजार बजेट विनियोजन भएकोमध्ये विनियोजनको ६६ प्रतिशतले हुने रू.३७ अर्ब ९९ करोड ४९ लाख ६३ हजार मात्र खर्च भएको छ । बागमती प्रदेशको २०७८।७९ को बजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदनले बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धमा स्रोत अनुमानमा पर्याप्त गृहकार्य हुन नसकेको, बजेटको आय वृद्धि गर्दै लगेपनि राजस्वको अनुमान यथार्थपरक नभएको, प्रदेश सरकारको आन्तरिक आयको दायरा सीमित भएको, राजस्व छुट प्रतिफलसँग आबद्ध गर्न नसकेको, बजेट तर्जुमा गर्दा सरोकारवाला निकायसँग पर्याप्त छलफल हुन नसकेको एवं विकास सहायता परिचालनका सम्बन्धमा प्रादेशिक नीति तर्जुमा नभएको जस्ता समस्या उल्लेख गरेकोमा स्रोत अनुमानको गृहकार्य, राजस्व अनुमान यथार्थपरक बनाउने उपाय, आन्तरिक आय बिस्तारका क्षेत्र पहिचान, सरोकारवालासँग छलफलको ढाँचा तथा विकास सहायता परिचालन सम्बन्धी नीति तर्जुमाका क्षेत्रमा थप प्रगति गरेको

आधार पेस हुन आएन। यसैगरी मन्त्रालयले मध्यमकालीन खर्च संरचना तयार गरेपनि बजेटसँग आवद्ध गरेको पाइएन । पहिचान भएका समस्या समाधान गर्ने कार्ययोजना तयार गरी सुधार गर्नुपर्दछ।

१२. **दिगो विकास** - दिगो विकास सूचक अनुरुपको कृयाकलाप प्रदेश तथा स्थानीय तहका नीति, कार्यक्रम र बजेटमा समाहित हुनेगरी आन्तरीकीकरण गर्ने सरकारको लक्ष्य रहेको छ । दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दिगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्य प्रादेशिक सन्दर्भ अनुरूप बनाउने साथै स्थानीय तहका विकास क्रियाकलपाको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा दिगो विकासका सूचक समाहित गराई सञ्चालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने लगायतका लक्ष्य रहेकोमा कार्यान्वयन भएको देखिएन । प्रदेश सरकारले दिगो विकास लक्ष्य २०१६-२०३० का सूचक आन्तरिकीकरण गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ ।

१३. **सम्पत्ति व्यवस्थापन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा सरकारी सम्पत्तिको लगत कायम गरी संरक्षण तथा सम्भारको उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उपलब्ध गराएको सवारी साधन तथा उपकरण सम्बन्धी विवरण अनुसार ४ प्रकारका रू.२ करोड ९ लाख ६६ हजारका १७ थान सवारी साधन र ८ प्रकारका रू. ३२ लाख ३८ हजारका २१ थान उपकरण स्वमित्वमा रहेको देखिन्छ । घरजग्गाको लगत विवरण माग गरेकोमा पेस हुन आएन । सवै सम्पत्तिको व्यवस्थित अभिलेख कायम गरी संरक्षण तथा सम्भारको उचित प्रबन्ध गर्नुपर्दछ ।

१४. **जनशक्ति व्यवस्थापन** - बागमती प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को व्यवस्था अनुसार मन्त्रालयमा जनशक्ति व्यवस्थापन हुँदै आएको छ । मन्त्रालयमा प्रशासनिक ३८ र श्रेणीविहीन ९ गरी ४७ दरबन्दी स्वीकृत भएकोमा प्रशासनिकतर्फ १३ पद पूर्ति भई २५ पद रिक्त रहेको छ । मन्त्रालयमा बजेट योजना तथा कार्यक्रम, प्रशासन, वित्त व्यवस्थापन, वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा अन्तर्गत रहने १० शाखाको कार्यसम्पादन आवश्यकताका आधारमा दरबन्दी कायम गरेकोमा दरबन्दीको तुलनामा ६५ प्रतिशत पद रिक्त रहेको र पदपूर्तिका लागि आवश्यक कार्य हुन नसकेकाले योजना तथा नीति निर्माण तथा कार्यसम्पादन अवस्था प्रभावित हुने देखिन्छ । दरबन्दी अनुसारको जनशक्ति कायम गरी कार्यक्रम व्यवस्थापन र सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश विनियोजन ऐन, २०७८ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत निकासा हुने ११९ स्थानीय तह, ४ संवैधानिक निकाय, ७ मन्त्रालय र सो मातहतका निकाय समेतमा गरी शुरु बजेट रू.५३ अर्ब ४८ करोड ७२ लाख ६३ हजारमा ५५ प्रतिशतले रू.२९ अर्ब ४४ करोड २० लाख ४० हजार थप र ४८ प्रतिशतले रू.२५ अर्ब ९० करोड ५३ लाख ५९ हजार घट समेत रकमान्तरपछि रू.५७ अर्ब २ करोड ३९ लाख ४४ हजार बजेट कायम गरेको छ । शुरु बजेटको तुलनामा रकमान्तरबाट ७

प्रतिशतले वृद्धि भए तापनि खुद बजेटको ६८ प्रतिशतले रू.३८ अर्ब ५७ करोड ३५ लाख ६ हजार मात्र खर्च भएबाट खर्च क्षमता कम भएका शीर्षकमा समेत रकमान्तरबाट बजेट थप गरेको देखिएको छ । विनियोजन ऐनको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

१६. **बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क** - आर्थिक ऐन, २०७८ को अनुसूची १ (ग) मा काठमाडौं उपत्यका भित्रका महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका क्षेत्रभित्र पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन लिखतको थैली अङ्कको शुन्य दशमलव ५ प्रतिशत बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुरुप अन्य सेवा शुल्क तथा बिक्रीमा रू.२ अर्ब ४२ करोड ५९ लाख ४९ हजार सङ्कलन भएको वित्तीय विवरणबाट देखिन्छ । स्थानीय तहले सङ्कलन गरी दाखिला गरेको विवरण अद्यावधिक रुपमा मन्त्रालयमा प्राप्त नभएकोले शुल्क सङ्कलन तथा लेखाङ्कनको यथार्थ अवस्था यकिन गर्न सकिएन । यो वर्ष मन्त्रालयले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलाई रू.२० करोड निकासा गरेको छ। विनियोजित रकमबाट सञ्चालन गर्ने गरी १४ योजना प्रस्ताव गरेकोमा रू.२ करोड ८० लाख ३ हजार अर्थात् १४ प्रतिशत मात्र खर्च भएको छ । निकासा बाँकी रू.१७ करोड १९ लाख ९७ हजार २०७९।८० मा विनियोजित बजेट रू.२५ करोडबाट घटाई रू.७ करोड ८० लाख ३ हजार मात्र निकासा गर्ने गरी विकास समितिसँग सम्झौता भएको छ। यसबाट योजना प्रस्ताव गरेको तुलनामा खर्च क्षमता न्यून देखिएको छ । समितिमा मौज्दात रहनेगरी निकासा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **बजेट कार्यान्वयन** - नेपालको संविधानको धारा २०७ मा प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष वार्षिक अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(२) मा प्रदेश अर्थ मन्त्रीले आषाढ महिनाको १ गतेभित्र प्रदेश सभामा राजस्व र व्ययको अनुमान पेस गर्ने व्यवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट वक्तव्य तथा एकीकृत वित्तीय प्रतिवेदन अनुसार विगत पाँच वर्षको बजेट र खर्चको अवस्था विश्लेषण गर्दा बजेट रू.१ खर्ब ९३ अर्ब ३९ करोड २४ लाखमध्ये रू.१ खर्ब २२ अर्ब ४६ करोड २८ लाख खर्च भएको छ । वार्षिक रुपमा विश्लेषण गर्दा यस्तो खर्च २०७४।७५ मा २६, २०७५।७६ मा ५८, २०७६।७७ मा ५९, २०७७।७८ मा ६९ र २०७८।७९ मा ६६ प्रतिशत रहेको छ । विगत ५ वर्षको वार्षिक रुपमा खर्च प्रतिशत २६ देखि ६९ प्रतिशतसम्म देखिएतापनि औसतमा ५६ प्रतिशत मात्र देखिएकोले बजेट कार्यान्वयन क्षमता उत्साहजनक देखिएन। खर्च क्षमता सुदृढ गरी बजेट कार्यान्वयनमा अपेक्षित प्रगति हासिल गर्नुपर्दछ।

(रू. लाखमा)

क्र.सं.	आर्थिक वर्ष	बजेट	खर्च	खर्च प्रतिशत
१	२०७४।७५	१०२०५	२६९४	२६
२	२०७५।७६	३५६१५६	२०६५२७	५८
३	२०७६।७७	४७६०७८	२७९५०८	५९
४	२०७७।७८	५१४२७४	३५५९४८	६९
५	२०७८।७९	५७७२०९	३७९९४९	६६
	जम्मा	**१९३३९२४**	**१२२४६२८**	**५६**

प्रदेश लेखा नियन्त्रक कार्यालय

१८. **प्रदेश सञ्चित कोष -** प्रदेश सरकारको २०७८।७९ को सञ्चित कोषको प्राप्ती तथा भुक्तानीको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

(रू. हजारमा)

विवरण	२०७७।०७८	२०७८।७९
कर तथा गैर कर राजस्व बाँडफाँटबाट प्राप्त जम्मा (क)	२६७५१३९४	३३४६६८५०
वित्तीय हस्तान्तरण अनुदानबाट प्राप्त जम्मा (ख)	१६९१४६३८	१५६७५५३९
संस्थानबाट ऋण लगानी फिर्ता (ग)	२७०६३७	४३८४५
गत वर्षको बचत (घ)	१७४९१४७७	२३३४६४७८
जम्मा आम्दानी (क+ख+ग+घ)	६१४२८११६	७२५३२७१२
शशर्त अनुदानबाट भएको खर्च (१)	६०००००५	४७६९२५९
विशेष अनुदानबाट भएको खर्च (२)	२७०५४७	२३२७१४
समपूरक अनुदानबाट भएको खर्च (३)	४४०१९०	२१८१९४
वित्तीय हस्तान्तरण अनुदानबाट खर्च जम्मा (ङ)=(१+२+३)	६७१०७४२	५२२०१६७
शशर्त अनुदानबाट फिर्ता गर्नुपर्ने रकम (१)	१८८९३३३	१९१४०८०
विशेष अनुदानबाट फिर्ता गर्नुपर्ने रकम (२)	२१९४५३	३२५६८६
समपूरक अनुदानबाट फिर्ता गर्नुपर्ने रकम (३)	३७८०१०	३५६६०६
शसर्त, विशेष र समपूरक अनुदानबाट फिर्ता गर्नुपर्ने जम्मा (च)=(१+२+३)	२४८६७९६	२५९६३७२
वित्तीय हस्तान्तरण अनुदानबाट फिर्ता गरेको रकम	२४८६७९६	२५९६३७२
(छ) शशर्त, विशेष र समपूरकको फिर्ता गर्नुपर्ने घटाउदा बाँकी हुने आम्दानी (घ-च)	५८९४१३२०	६९९३६३४०
(ज) आ.व. २०७८।७९ को जम्मा खर्च	३५५९४८४२	३७९९४९६३
(ञ) आर्थिक वर्ष २०७८।७९ को श्रेष्ता अनुसार कोषको मौज्दात रकम (छ-ज+झ)	२३३४६४७८	३१९४१३७७

प्रदेश सञ्चित कोषको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१८.१. सहुलियतपूर्ण कर्जातर्फ सञ्चितकोषको वार्षिक आर्थिक विवरणको व्ययमा रू.१ अर्ब ३० करोड खर्च देखाएको छ । निकासा भएको सबै रकम खर्च हुन नसकी रू.४ करोड ३८ लाख ४५ हजार फिर्ता प्राप्त गरेकोमा खर्च नघटाई राजस्वतर्फ आम्दानी बाँधिएकोले राजस्व तथा खर्च अवास्तविक रुपमा वृद्धि हुन गएको छ । तसर्थ सञ्चित कोषको हिसाब यथार्थपरक रहेको देखिँदैन ।

१८.२. प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन करको अद्यावधिक अभिलेख राखी सञ्चितकोषमा आम्दानी बाँधेको देखिएन । राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी जनाउनुपर्दछ ।

१९. **कोष ट्रान्सफर -** प्रदेश आर्थिक ऐन, २०७८ को दफा ३(४) मा बागमती प्रदेशभित्र सावरी साधन कर, सवारी चालक अनुमतिपत्र नवीकरण तथा सवारी साधन दर्ता दस्तुर, नवीकरण, बाटो इजाजतपत्र आवेदन तथा नवीकरण दस्तुर वापत असुल उपर गरेको करको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सुत्रबमोजिम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सवारी साधन कर वापतको ट्रान्सफर हुनुपर्ने रू.९ अर्ब ७७ करोड ६९ लाख ८४ हजारमध्ये वर्षान्तसम्म रू.९ अर्ब ४३ करोड ७३ लाख ९ हजार ट्रान्सफर भई रू.३३ करोड ९६ लाख ७५ हजार ट्रान्सफर हुन बाँकी देखिन्छ । कार्यालयले आषाढ मसान्तमा बाँडफाँटका लागि प्राप्त भइसकेको रकम पाँच महिना ढिलो गरी २०७९।८।२१ मा दाखिला गरेको छ । स्थानीय तहको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने परिषद्को बैठक प्रत्येक वर्ष आषाढ १० भित्र बस्नुपर्ने प्रावधान रहेकोमा असुल भैसकेको रकम ढिलो गरी ट्रान्सफर गर्दा स्थानीय तहको आय प्रक्षेपणमा समेत असर पर्ने देखिन्छ । असुल भइसकेको नियमानुसारको रकम समयमा ट्रान्सफर गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

विवरण	प्रदेश सरकार	स्थानीय सरकार	जम्मा
ट्रान्सफर भएको	५६६२३८५	३७७४९२३	९४३७३०९
ट्रान्सफर हुन बाँकी	२०३८०५	१३५८७०	३३९६७५
जम्मा	**५८६६१९०**	**३९१०७९३**	**९७७६९८४**

२०. **ऋण लगानी -** उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८ को व्यवस्था अनुसार कार्यालयले कृषि विकास बैङ्क लिमिटेडलाई रू.१ अर्ब ३० करोड र साना किसान विकास लघुवित्त संस्थालाई रू.१ अर्ब ४० करोड बढीमा पाँच वर्ष अवधिको लागि लगानी गर्न सहुलियत पूर्ण ऋण उपलव्ध गराएको छ । कृषि विकास बैङ्कमार्फत ऋण प्रवाह गर्ने गरी निकासा गरेको रकममध्ये ४८४ ऋणीलाई रू.९८ करोड ५५ लख १८ हजार लगानी गरी बाँकी रू.३१ करोड ४४ लाख ८२ हजार साँवा फिर्ता भएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्थाले भने विभिन्न सहकारी संस्था मार्फत ९०८ साना किसानलाई कर्जा प्रवाह गरी कुल निकासाको शत प्रतिशत लगानी गरेको प्राप्त विवरणबाट देखिन्छ । ऋण लगानी कार्यविधिमा मन्त्रीको संयोजकत्वमा निर्देशक समिति सचिवको संयोजकत्वमा अनुगमन समिति, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला अनुगमन समिति रहने व्यवस्था भए तापनि सो अनुसार ऋण लगानी तथा सुरक्षाको अवस्थाका सम्बन्धमा अनुगमन गरेको पाइएन ।

२१. **संघीय वित्त हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा दफा ८ देखि ११ सम्ममा वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था छ । विगत २०७६।७७ देखि २०७८।७९ सम्म फिर्ता नहुने शीर्षकको समानीकरण अनुदानमा रू.२३ अर्ब १७ करोड २५ लाख निकासा भएकोमध्ये रू.१६ अर्ब ५ करोड १ लाख ९ हजार खर्च भई प्रदेश सञ्चित कोष खातामा रू.७ अर्ब १२ करोड २३ लाख ९० हजार मौज्दात रहेको छ । त्यसैगरी सशर्त, विशेष र समपुरक अनुदानमा २०७६।७७ देखि २०७८।७९ सम्मको निकासा रू.२६ अर्ब ४ करोड ९१ लाख ७३

हजारमध्ये रू.१८ अर्ब ५ करोड ६८ लाख ७३ हजार खर्च भई २०७६।७७ मा ३२ प्रतिशत, २०७७।७८ मा २७ प्रतिशत र २०७८।७९ मा ३३ प्रतिशत फिर्ता गरेको छ । निकासाको तुलनामा ३० प्रतिशतभन्दा बढी फिर्ता भएको अवस्थाले प्रदेश अन्तर्गतका निकायको खर्च गर्ने क्षमता अपेक्षा गरेअनुरुप भएको छैन । स्रोतसाधन तथा जनशक्ति व्यवस्थापन गरी निकासा अनुसारको खर्च गर्ने क्षमता सुदृढ गर्नुपर्ने देखिन्छ ।

२२. **खर्च क्षमता** - प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश आर्थिक ऐन, २०७८ अनुसार चालु तथा पुँजीगत खर्च लेखाङ्कन गर्दै आएको छ । प्रदेश मातहतका कार्यालयले चालुतर्फ रू.२२ अर्ब ५० करोड ५० लाख ९० हजार बजेटमध्ये रू.१५ अर्ब ६९ करोड ९९ लाख ६ हजार र पुँजीगततर्फ रू.३३ अर्ब २१ करोड ५८ लाख ३७ हजार मध्ये रू.२० अर्ब ९९ करोड ५० लाख ५६ हजार खर्च गरी कुल बजेट रू.५५ अर्ब ७२ करोड ९ लाख २७ हजार मध्ये रू.३६ अर्ब ६९ करोड ४९ लाख ६२ हजार खर्च भएको छ । यसबाट प्रदेश मातहतका निकायको खर्च क्षमता न्यून रहेको देखिन्छ । प्रथम चौमासिक अवधि देखिनै निर्माण कार्य, योजना तथा कार्यक्रम व्यवस्थापनका शुरु चरणका काम सम्पन्न गरी कार्यक्रम अनुसारका योजना सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी क्षमता तथा प्रकृया सुदृढीकरण गर्नुपर्ने देखिन्छ ।

२३. **एकीकृत वित्तीय अभिलेख** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय तहले आफूले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र प्रदेशमा पेस गर्नुपर्ने र प्रदेशले स्थानीय तहबाट समेत प्राप्त गरी आफ्नो आय-व्ययको विवरण चौमासिक अवधि समाप्त भएको ३० दिनभित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो विवरण स्थानीय तहबाट सङ्कलन गरेको र अर्थ मन्त्रालयमा पठाएको देखिएन जसबाट क्षेत्रगत रुपमा सरकारका तीनवटै तहले गरेको खर्च यकिन हुन सकेन । क्षेत्रगत रुपमा सरकारका तीनवटै निकायले गरेको आय र खर्चको एकीकृत अभिलेख तयार गरी प्रतिवेदन गर्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२४. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने ब्यवस्था छ । यस वर्ष प्रदेश सरकार मतहतका सबै कार्यालयको प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयमार्फत ४१८ कार्यालयको लेखापरीक्षण सम्पन्न गरेको छ । लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.३ करोड ४८ लाख ९२ हजार, नियमित गर्नुपर्ने रू.२५ करोड ८४ लाख ६९ हजार, म्याद नाघेको पेस्की रू.५७ करोड १९ लाख ५ हजार समेत रू.८६ करोड ५२ लाख ६७ हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म पनि उक्त बेरुजु फर्स्यौंट भएको छैन । बेरुजुको लगत अद्यावधिक गरी फर्स्यौंट गर्ने प्रणाली विकास नभएकोले बेरुजुको केन्द्रीय विवरण तयार गरेतापनि सुधारको अवस्था यकिन गरी अभिलेखिकरण गरेको छैन । लेखापरीक्षणका सुझाव अनुसार सुधार गरेको सम्बन्धमा आश्वस्त हुने व्यवस्था गरी आन्तरिक लेखापरीक्षण थप प्रभावकारी बनाउँनुपर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालय र मातहत समेत १४ निकायमा लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

पाँच वर्षे कार्यसम्पादन

- **बजेट कार्यान्वयन स्थिति -** आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट वक्तव्य तथा एकीकृत वित्तीय प्रतिवेदन अनुसार विगत पाँच वर्षको बजेट कार्यान्वायन अवस्था विश्लेषण गर्दा कुल बजेट रू.१ खर्ब ९३ अर्ब ३९ करोड २४ लाख मध्ये रू.१ खर्ब २२ अर्ब ४६ करोड २८ लाख खर्च भएको छ। जुन बजेटको तुलनामा औसत ५६ प्रतिशत हुन आउँछ । त्यसैले प्रदेश सरकारको मन्त्रालयको प्रशासनिक तथा संस्थागत क्षमता सुदृढ गरी कार्यसम्पादन स्थितिमा सुधार गर्नुपर्दछ ।

- **राजस्वको लक्ष्य र प्रगति** - मन्त्रायलयले पेस गरेको विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म राजस्व संकलनको अनुमानित लक्ष्य रू.१ खर्ब ९३ अर्ब ३९ करोड २४ लाख रहेकोमा रू.१ खर्ब ६५ अर्ब ३३ करोड ४० लाख संकलन भएको छ । जुन लक्ष्यको तुलनामा ८५.४९ प्रतिशत हुन आउँछ । त्यसैले राजस्व संकलनको लक्ष्य यथार्थ र विश्वसनीय बनाई लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

- **वित्तीय हस्तान्तरण -** संघीय सरकारबाट आर्थिक वर्ष २०७६।७७ देखि २०७८।७९ सम्ममा फिर्ता नहुने शीर्षकको समानीकरण अनुदानमा रू.२३ अर्ब १७ करोड २५ लाख निकासा भएकोमा उक्त अवधिमा रू.१६ अर्ब ५ करोड १ लाख खर्च भई रू.७ अर्ब १२ करोड २३ लाख प्रदेश संचित कोषमा मौज्दात रहेको छ । जसअनुसार वित्तीय हस्तान्तरणबाट प्राप्त रकमको ३१ प्रतिशत रकम खर्च हुन सकेको देखिएन । सोही अवधिमा सशर्त, विशेष र समपुरक अनुदानमा उल्लेखित तीन वर्षको तथ्याङ्कका आधारमा रू.२६ अर्ब ४ करोड ९१ लाख निकासा भएकोमा रू.१८ अर्ब ५६ करोड ६९ लाख खर्च भएको छ । सो खर्च समेत अनुदान निकासाको तुलनामा ६९ प्रतिशत हुन आउँछ ।

  त्यसैले प्रदेश सरकार मातहतका निकायहरुको योजना कार्यान्वायन क्षमता वृद्धि गर्दै प्राप्त अनुदान रकमको पूर्ण उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकारको (कार्यविभाजन) नियमावली, २०७८ अनुसार संघसँगको समन्वय र सहकार्यमा प्रशासन सञ्चालन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चारमाध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानुनहरूको तर्जुमा, समसामयिक संशोधन र फैसला कार्यान्वयन गर्ने कार्यमा सहयोग पुऱ्याउन यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका २ कार्यालयको विनियोजन रू.५५ करोड १० लाख ९ हजार, राजस्व रू.१ करोड २३ लाख ४८ हजार, धरौटी रू.४ करोड ४१ लाख ४६ हजार र अन्य कारोबार रू.१४ करोड १४ लाख ७९ हजार समेत रू.७४ करोड ८९ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** – बागमती प्रदेश कार्यविभाजन नियमावली, २०७८ मा यस मन्त्रालयलाई ५२ वटा कार्यजिम्मेवारी तोकिएको छ । कार्य जिम्मेवारी मध्ये विगत ५ वर्षमा संघीय कानुनबमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन, प्रादेशिक कारागार तथा हिरासतको व्यस्थापन र सुरक्षा, अन्तरप्रदेश सुरक्षा सम्बन्ध, प्रदेश स्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन, साईवर सुरक्षा अनुगमन, व्यक्तिगत घटना दर्ता, प्रदेश भित्रको सडक सुरक्षा, यातायात र ट्राफिक व्यवस्थापन, प्रदेश भित्रका गैर सरकारी संघ संस्थाहरूको अभिलेख र समन्वय लगायतका कार्यमा अपेक्षित प्रगति भएको देखिँदैन । तोकिए अनुसारको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **कानुन निर्माण** - संविधानको धारा ५७ मा अनुसूची-६ मा प्रदेशको अधिकारतर्फ उल्लेखित विषयमा अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कानुनमध्ये २०७९ पौष सम्म संशोधनसहित ७० ऐन, १३ अध्यादेश, ३३ नियमावली, ३ विनियमावली, ५ निर्देशिका, ४६ कार्यविधि, ७ मापदण्ड र १२ आदेश गरी १८९ कानुन तथा कार्यविधि निर्माण गरेको छ । उक्त कानुन तथा कार्यविधि मध्ये १४ ऐन, १२ नियमावली, १ विनियमावली, १ निर्देशिका, ८ कार्यविधि, १ मापदण्ड र ५ आदेश गरी ४२ मा संशोधन भएको देखिन्छ ।

२.१. **नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन** - प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित नीतिगत व्यहोरा प्राथमिकता निर्धारण गरी मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ। प्रदेशको २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रममध्ये प्रदेश प्रहरी ऐनबमोजिम प्रदेश प्रहरी गठन गरी प्रहरी सेवालाई समय सापेक्ष, सक्षम, सुदृढ र व्यावसायिक बनाई प्रदेशको शान्ति सुरक्षाको स्थिति मजबुत बनाइने, विपद् सचेतना, सीप तथा तथा क्षमता विकास र नमुना अभ्यास सहभागितामूलक बनाई सचेतना र सुरक्षालाई संस्कारको रुपमा विकास गरिने साथै विपद् प्रभावित व्यक्तिको तत्काल खोज तथा उद्धार गर्न प्रदेश प्रहरीमा द्रुत परिचालन दस्ता गठन गर्ने, प्रदेशका बालबालिका तथा युवा लक्षित गरी लागु औषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव बेचविखन र विद्युत्तीय अपराध विरुद्ध सचेतना जगाउन "हाम्रो ध्यान युवा सचेतना अभियान" लगायतका कार्यक्रमहरू सञ्चालन भएको देखिएन।

३. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । त्यसैगरी बागमती प्रदेश विनियोजन ऐन, २०७८ को दफा ३ मा रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने व्यवस्था छ । सो अनुसार पूर्व स्वीकृत कार्यक्रममा मात्र तोकिएको सीमाभित्र रकमान्तर गर्न सकिने देखिन्छ । मन्त्रालयको अन्य सार्वजनिक निर्माणतर्फ शुरू बजेट रू.६० करोड ३० लाख भएकोमा प्रदेश सरकार मन्त्रिपरिषद्को २०७८।११।०३ को निर्णयले रू.४९ करोड २९ लाख संघीय प्रहरी कार्यालयको भौतिक पूर्वाधार सुधारमा रकमान्तर गरेको छ । प्रदेश सरकारको कार्यक्षेत्र भन्दा बाहिरको निकायलाई रकमान्तर गरी अख्तियारी प्रदान गर्नु नियमसम्मत देखिएन । आर्थिक वर्षको अन्तमा रकमान्तर गरी कार्यक्षेत्रभन्दा बाहिरको संघीय कार्यालयलाई निकासा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४. **राहत सहयोग परिचालन र वितरण** – विपद् उद्धार तथा राहत विवरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १२ मा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले कार्यक्रम अनुसारको आम्दानी र खर्च सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले विपद्, खोज, राहत वितरणको लागि विनियोजित रकमबाट १३ जिल्ला प्रशासन कार्यालयलाई रू.१ करोड ३० लाख निकासा दिएको छ । कार्यविधिमा तोकिए अनुसार रकम वितरण सम्बन्धी प्रतिवेदन मन्त्रालयमा पेस गरेको छैन । जसबाट मन्त्रालयले राहत सहायता वापत निकासा दिएको रकम सोही प्रयोजनमा खर्च गरेको यकिन गर्न सकिएन ।

५. **क्षेत्राधिकार बाहिरको खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७८ को अधिनमा रही सार्वजनिक खर्च नियमित, व्यवस्थित, मितव्ययी, प्रभावकारी, जवाफदेही, पारदर्शी बनाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष संघीय अर्थ मन्त्रालयको स्वीकृती बेगर रू.१ करोड ६७ लाख ९३ हजार मूल्यका ६ जीप खरिद गरेको छ। खरिद भएका जीपमध्ये ५ बागमती प्रदेश प्रहरी कार्यालयलाई र १ भिमफेदी कारागारलाई हस्तान्तरण गरेको छ । कार्यक्षेत्रभन्दा बाहिरको कार्यमा खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।

६. **मनसुनजन्य विपद् प्रभावितलाई अनुदान** - मनसुनजन्य विपद् प्रभावित अनुदान कार्यविधि, २०७७ को बुँदा १८ मा प्रत्येक समितिले आर्थिक वर्षमा गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गरी पेस गर्ने र बचत रकम मन्त्रालयको खातामा फिर्ता गर्न शर्त सहित मन्त्रालयले नुवाकोट जिल्लाका ८ पालिकालाई रू.६० लाख ६० हजार र नुवाकोट जिल्ला प्रशासन कार्यालयलाई रू.१९ लाख ३५ हजार समेत रू.७९ लाख ९५ निकासा दिएकोमा ती निकायले मन्त्रालयमा खर्चको विवरण पेस नगरेकोले कार्यविधिले तोकेबमोजिमको कार्यमा भएको खर्च यकिन गर्न सकिएन। आम्दानी र खर्चको विवरण माग गरी खर्च नभई बाँकी रहेको रकम फिर्ता प्राप्त गर्नुपर्दछ ।

७. **कोभिड-१९ कोष** - बजेट निकासा तथा मार्गदर्शन, २०७८ मा बजेट खर्चको विवरण मासिक रुपमा महिना समाप्त भएको ७ दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने र खर्च नभई बाँकी रहेको रकम मन्त्रालयको कोभिड कोष खातामा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कोषको गतवर्षको मौज्दात रू.१७ करोड ८२ लाख ७४ हजार र यस वर्ष स्रोत नखुल्ने रू.३८ करोड १८ लाख ६३ हजार समेत रू.५६ करोड १ लाख ३७ हजार आम्दानी देखाएकोमा खर्च भएको छैन । कोषमा निष्कृय रहेको रकमको उपयोगको सम्बन्धमा नीतिगत व्यवस्था गर्नुपर्दछ ।

८. **न्यायिक सहजकर्ता -** स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०७८ को प्रस्तावना अनुसार अन्यायमा परेका महिला, दलित, फरक क्षमता भएको, द्वन्द्व पीडित तथा गरिबीको रेखामुनि रहेका व्यक्ति लगायत विभिन्न वर्ग, समुदायलाई स्थानीय सरोकारको विषय एवं सेवा प्रवाहको सम्बन्धमा निःशुल्क न्यायिक सहायता प्रदान गर्ने उद्देश्यले बागमती प्रदेशका १३ जिल्लाका ११९ स्थानीय तहमध्ये ९८ स्थानीय तहमा ९८ न्यायिक सहजकर्ता नियुक्ति गरेको छ । सहजकर्ता छनौट तथा तलब भत्ता समेत रू.४ करोड ७० लाख खर्च गरेको छ। कार्यविधिको प्रस्तावनामा उल्लेख भएबमोजिमका स्थानीय तहले निःशुल्क न्यायिक सहायता प्रदान गरे नगरेको सम्बन्धमा प्रतिवेदन गरेको छैन । कार्यक्रमको प्रभावकारिता सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नुपर्दछ।

सञ्चार रजिष्ट्रारको कार्यालय

बागमती प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली, २०७६ ले तोकेअनुसार सञ्चार माध्यमको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने गरी, २०७६ असारमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत कार्यालयको स्थापना भएको छ ।

९. **जिम्मेवारी कार्यान्वयन -** प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली, २०७६ मा प्रदेशभित्र पत्रपत्रिका दर्ता गर्ने, अभिलेख राख्ने, वर्गीकरण गर्ने, अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने, प्रदेशभित्र एकसय देखि एकहजार वाटसम्मको रेडियो, एफएम र स्याटलाइट प्रणालीबाट प्रशारण हुने बाहेकको सञ्चार माध्यमको अनुमति, रेखदेख र सञ्चालनको नीति निर्माण र कार्यान्वयन गर्ने, इजाजत पत्र दिने, नवीकरण गर्ने, प्रसारणमा रोक लगाउने, नियमन गर्ने लगायतका कार्य गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष रू.१ करोड ८९ लाख १३ हजार खर्च गरेकोमा ऐन नियमबमोजिम सम्पादन गरेका कार्यको अभिलेख राखेको देखिएन। प्रभावकारी रुपमा कार्य सम्पादन एवं नियमन गर्नुपर्दछ ।

१०. **पत्रकार कल्याण कोष** - प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ अनुसार पत्रकारिताको कार्य सम्पादन गर्दा दुर्घटना परी घाइते भएको वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगका लागि २०७६ मा पत्रकार कल्याण कोषको स्थापना गरेको छ । उक्त कोषमा कार्यालयको तर्फबाट गत वर्षको समेत रू.३० लाख ५७ हजार र पत्रकारहरूबाट रू.५२ हजार समेत रू.३१ लाख ९ हजार जम्मा भएको छ । कोष स्थापना भएको तीन वर्षमा कार्यविधि र मापदण्ड तर्जुमा नभएकोले कार्यविधि र मापदण्ड तर्जुमा गरी उद्देश्य अनुसार खर्च गर्नुपर्दछ ।

११. **वितरण तथा नवीकरण शुल्क -** प्रदेश संचार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली, २०७६ अनुसार एफ एम रेडियोले प्रसारण तथा वितरण शुल्क र नवीकरण दस्तुर बुझाउनु पर्ने व्यवस्था छ। एक एफ. एम ले हालसम्म बुझाउनु पर्ने शुल्क र जरिवाना रू.३३ लाख बुझाएको छैन । ऐन अनुसारको दस्तुर र जरिवाना असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालय र मातहत ६ निकायको लेखापरीक्षणबाट रू.२ करोड ८२ लाख ४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फर्स्यौट भएको छैन । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

पाँच वर्षे कार्यसम्पादन

- **कार्य सम्पादन स्थिति -** मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म रू.३ अर्ब ७३ करोड १८ लाख बजेट विनियोजन भएकोमा चालुतर्फ रू.१ अर्ब १३ करोड ७ लाख (५०.६%) र पुँजीगततर्फ रू.१ अर्ब १५ करोड ७५ लाख (४९.४ प्रतिशत) खर्च भएको प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार तोकिएका जिम्मेवारीमध्ये कानुन निर्माण गर्ने मुख्य जिम्मेवारी रहेकोले ५ वर्षको अवधिमा २ नीति, २२ नियम, २ विनियम र ३९ कार्यविधि समेत १०९ कानुन तर्जुमा गरेको छ। उक्त अवधिमा रू.३ अर्ब २७ करोड ७३ लाख लागतमा ८८ वटा प्रदेश प्रहरी भवन निर्माणका लागि ठेक्का गरेको ६७ वटा भवन सम्पन्न भएका छन् भने २१ वटा भवनहरू निर्माणाधीन अवस्थामा रहेका छन्। त्यसैगरी १३ वटै जिल्लामा विपद् व्यवस्थापन कोष सञ्चालन भएको, स्थानीय तहहरुमा न्यायिक सहजकर्ता नियुक्ति गरी न्याय सम्पादनमा सहजता ल्याएको, सञ्चार रजिष्टारको कार्यालय स्थापना र सञ्चालन मार्फत तोकिएका अन्य कार्यहरु गर्दै आएको छ ।

  यद्यपि स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति हुन नसकेको, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतहरू छोटो समयमा नै परिवर्तन भइरहेको, प्रदेश प्रहरी गठन हुन नसकेको जस्ता समस्याहरू रहेका छन् ।

  यसर्थ दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरी तोकिएको म्याद भित्रै निर्माण कार्य सम्पन्न गर्ने, प्रदेश प्रहरी गठन र परिचालन गर्नुका साथै मन्त्रालयको प्रशासनिक नेतृत्वको स्थिरता कायम गर्नेतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, वन तथा भू-संरक्षण, वातावरण, जलवायु परिवर्तन अनुकुलन एवं धार्मिक तथा साँस्कृतिक क्षेत्रमा नीति, कानुन एवं कार्यक्रमको तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने उद्देश्यले मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका २३ कार्यालयको विनियोजन रू.१ अर्ब ९५ करोड ९५ लाख २६ हजार, राजस्व रू.१२ करोड १५ लाख ९० हजार, धरौटी रू.१३ करोड ७१ लाख ७ हजार र अन्य कारोबार रू.५२ करोड २२ लाख ६३ हजार समेत रू.२ अर्ब ७४ करोड ४ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना** - प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोगले २०७६।७७ देखि २०८०।८१ सम्म कार्यान्वय गर्ने गरी पहिलो आवधिक योजना कार्यान्वयनमा ल्याएको छ । आवधिक योजनामा उल्लेख भएका वैज्ञानिक वन व्यवस्थापन र उपयोगमा समुदायको पहुँच, काठमा आधारित लघु उद्यम र उद्योगको प्रवर्द्धन, निजी, संरक्षित, कबुलियत र सामुदायिक वनको व्यवस्थापन लगायका क्षेत्रमा नतिजा सूचकका आधारमा प्रगति देखिएपनि रेडपाण्डा, हिम चितुवा र कस्तुरी जस्ता लोपोन्मुख, संकटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको संरक्षण, वातावरणीय सेवाको भुक्तानी, जलवायुमैत्री दिगो विकास सञ्चालनमा स्थानीय तहसँग सहकार्य, हरित गृह ग्यास उत्सर्जन (यातायात तथा उद्योग क्षेत्र) न्यूनीकरण, वायुप्रदुषणको मात्रा न्यूनीकरण लगायतका योजनाको प्रगति भएको देखिएन। कार्यान्वयनयोग्य लक्ष्य समावेश गरी योजना प्रणाली कार्यान्वयनयोग्य बनाउँनुपर्दछ ।

२. **बजेट वक्तव्य** - बजेट वक्तव्य २०७८।७९ मा वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण लगायतका दिगो विकासका लक्ष्यहरू हासिल हुने किसिमका कार्यक्रमहरूलाई प्राथमिकता दिने, शहरी क्षेत्रमा देखिएको वायु प्रदूषण र यसबाट जनस्वास्थ्यमा पारेको असर न्यूनीकरण गर्न, "बागमती प्रदेश, स्वस्थ्य र सफा प्रदेश" अभियान मार्फत शहरी क्षेत्रका नदी किनारमा जग्गा, नदी उकास जग्गा, सार्वजनिक पर्ती, ऐलानी जग्गाहरूमा शहरी वन कार्यक्रम सञ्चालन गर्ने, चालु आर्थिक वर्षमा करिब ४ हजार ८ सय रोपनीमा व्यवसायिक जडिबुटी खेती थालनी गर्ने तथा चुरे लगायतका संवेदनशील जलाधार क्षेत्रको "स्वच्छ जलाधार, सफा पानी" सोचका साथ नदी प्रणालीमा आधारित व्यवस्थापन कार्यक्रम थप व्यवस्थित बनाउन एक जिल्ला एक उपजलाधार व्यवस्थापन कार्यक्रमको थालनी गर्ने लगायतका कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा कार्यक्रम सञ्चालन भएको देखिएन ।

३. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ र नियमावली, २०७६ को नियम ४१ मा रकमान्तर सम्बन्धी व्यबस्था छ । मन्त्रालय मातहतका निकायमार्फत कार्यान्वयन भएका योजनाको शुरु बजेट रू.१ अर्ब ९४ करोड ९२ लाख ४२ हजार रहेकोमा यस वर्ष रू.६५ करोड ४४ लाख ४३ हजार थप रू.४४ करोड ८६ लाख ४७ हजार घटाई खुद रू.२ अर्ब १५ करोड ५० लाख ३८ हजार अन्तिम बजेट कायम गरेको छ । बजेटको तुलनामा ७५ प्रतिशत अर्थात् रू.१ अर्ब ६३ करोड ५८ लाख ३२ हजार मात्र खर्च भएको छ । बजेट वास्तविक वनाई रकमान्तर तथा स्रोतान्तरबाट थप घट गर्ने पद्धतिमा न्यूनीकरण गर्दै बजेट कार्यान्वयन प्रकृयामा सुधार गर्नुपर्दछ।

४. **परामर्श सेवा -** मन्त्रालयले पर्यटन क्षेत्रको तथ्याङ्क अभिलेखिकरणका लागि अनलाइन सफ्टवेयर निर्माण, वन क्षेत्रको तथ्याङ्क अभिलेखीकरणका लागि अनलाइन सफ्टवेयर निर्माण, जडीबुटी प्रशोधन केन्द्रको विस्तृत आयोजना प्रतिवेदन तयारी, प्रदेशभित्रका विगतमा सञ्चालन भई बन्द भएका रुग्ण उद्योगहरूको पुनः सञ्चालनका लागि अध्ययन गर्न सफ्टवेयर निर्माणको कार्य गर्न रू.६४ लाख ८८ हजार एक परामर्शदातालाई भुक्तानी गरेको छ । सफ्टवेयर निर्माणमा खर्च गरेतापनि निर्मित सफ्टवेयर प्रयोगमा आएको छैन । नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ अनुसार सूचना प्रविधि विभागबाट स्वीकृत समेत लिएको छैन । निर्मित सफ्टवेयरको प्रयोग गर्नुपर्दछ ।

५. **जग्गा उपयोग -** वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तर्राष्ट्रिय, सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । संघीय वन तथा वातावरण मन्त्रालयद्वारा सार्वजनिक वन तथा वातावरण क्षेत्रको वर्तमान अवस्थाको स्थिति पत्र, २०७५ अनुसार सम्झौताका शर्तको अधिनमा रही प्रयोग गर्ने गरी वन क्षेत्र अन्य प्रयोजनका लागि उपलब्ध गराएको छ । मन्त्रालयले जलविद्युत योजना तथा प्रशारण लाइनको लागि ८६३.२६, नेपाली सेनालाई ५४६.५७, सुकुम्वासी समस्या समाधानका लागि ५४४, संघ संस्था तथा पार्क प्रयोजनमा ७३.७३, सरकारी भवन तथा भौतिक पूर्वाधार निर्माणमा ६६.६९, विश्वविद्यालय तथा शैक्षिक क्षेत्रलाई ६२.८८, निजी कम्पनी तथा प्रा. लि. लाई ६१.४५, रिसोर्ट होटल पर्यटनका लागि ४८.१२, सिमेन्ट उद्योगलाई २२.९७, खानेपानी आयोजनाका लागि २१.५४, सडक बिस्तार कार्यका लागि १७.७५ र सरकारी तथा निजी सञ्चार क्षेत्रमा ०.७१ हेक्टर समेत २ हजार ३२९.६७ हेक्टर सरकारी जमिन लिज, भाडा तथा भोगाधिकार मार्फत उपलब्ध गराएको छ । लिज तथा भाडामा उपलब्ध गराएको वन क्षेत्रको जमिनको सम्झौता अनुसार राजस्व प्राप्त भई सरकारी कोषमा आम्दानी बाँधेको यकिन हुनेगरी एकीकृत राजस्व विवरण पेस हुन आएन । साथै उपलब्ध गराएको वन क्षेत्र सम्झौताका शर्त पालना भई उपयोग भएको, सम्झौता अनुसारको समयमा निर्धारित किस्ता प्राप्त भएको साथै भोगाधिकार क्षेत्रमा वन क्षेत्र संरक्षण तथा वातावरण व्यवस्थापनमा भएको कार्य समेत यकिन हुन आएन । अन्य क्षेत्रमा प्रयोग भएको वनको अवस्था पहिचान गरी प्राप्त हुने राजस्व सरकारी कोषमा निर्धारित समयमानै प्राप्त गर्नुपर्दछ ।

६. **खहरे तथा पहिरो उपचार** - बजेट वक्तव्य २०७८।७९ मा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलित दिगो विकास लक्ष्य हासिल हुने किसिमका कार्यक्रमलाई प्रथमिकता दिई बजेट व्यवस्था गरेको छ । मन्त्रालय र मातहतका निकायले २०७८।७९ मा खहरे तथा पहिरो उपचार वापत १ हजार २८४ योजनामार्फत २० हजार २३० मिटर लम्वाईका संरचनाहरू निर्माण गरी पहिरो नियन्त्रणमा रू.२३ करोड ५६ लाख ७० हजार र खहरे खोला नियन्त्रणमा रू.१० करोड ३६ लाख ४५ हजार समेत रू.३३ करोड ९३ लाख १५ हजार खर्च गरेको छ । बजेट र योजना सङ्ख्याको आधारमा विश्लेषण गर्दा प्रति योजना औसतमा रू.२ लाख ६४ हजार खर्च भएको देखिन्छ । मन्त्रालयले दिगो प्रकृतिको ठुला योजनामा भन्दा स-साना टुक्रे योजनामा लगानी गरेको देखिएकोले यस्ता योजनाको प्रभावकारिताका सम्बन्धमा विश्लेषण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **सहरी पार्क तथा सडक किनारा वृक्षारोपण** - मन्त्रालयले वार्षिक योजना तथा कार्यक्रममा समावेश गरी पार्क निर्माण तथा सडक किनारा वायोइन्जिनियरिङ कार्य मातहतका निकायबाट सञ्चालन गर्ने गरी बजेट व्यवस्थापन भएअनुसार मन्त्रालय र अन्तर्गतका निकायमार्फत ६४ सहरी पार्क र ८० किलोमिटर सडकमा वृक्षारोपण कार्यमा रू.४ करोड ६१ हजार खर्च गरेको छ । वन निर्देशनालयले प्रकाशन गरेको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, २०७९ मा कार्यक्रम तथा बजेट विनियोजन गर्दा स्थानीय समुदायसँग पूर्व छलफल तथा अन्तरक्रिया नगरेको, पार्कसँग जोडिएको तर नक्साङ्कन नभएको बाटो बन्द हुने अवस्था भई विवाद सृजना भएकोमा समाधानको उपाय अवलम्वन नगरेको, पार्कको जग्गा र स्थानीयको जग्गा छुट्याउन नसकी विवादित रहेको, पार्क मिचिएको, जग्गा छुटाउन विवाद भएकोमा समाधान नभएको, निर्माण शुरु गरिएका पार्क अधुरो रहेको लगायतका समस्या उल्लेख गरेको छ । प्रत्येक वर्षका योजना कार्यान्वयन गर्दा समान किसिमका समस्या देखिएकोमा समस्या समाधान गरी योजना कार्यान्वयनमा स्थायित्व कायम गरेको देखिएन ।

८. **जल पुनर्भरण तथा पर्यापर्यटन** - मन्त्रालयले जल पुनर्भरण पोखरी निर्माण, साविकका पोखरी संरक्षण, सिल्टेशन कन्ट्रोल प्रविधि तथा वायोइन्जिनियरिङ, रेन वाटर हार्भेस्टिङ, पानी वहाव गति न्यूनीकरण लगायतका कार्यक्रममा यो वर्ष रू.३ करोड ३४ हजार खर्च गरेको छ । जग्गाको अत्याधिक खण्डीकरण, अनियन्त्रित सडक निर्माणका कारण सीमसार क्षेत्र प्रभावित भएको, एकीकृत जलाधार व्यवस्थापनमा समस्या भएको लगायतका कारण उल्लेख गरी रकमान्तर तथा स्रोतान्तरबाट पानी मुहान र सीमसार क्षेत्र संरक्षण ३० र पर्यापर्यटन ७८ नयाँ कार्यक्रममा खर्च गरेकोमा पहिचान गरेका समस्याको निराकरण भएको सम्बन्धमा प्रतिवेदन गरेको छैन ।

९. **बिरुवा उत्पादन तथा रोपण** - बागमती प्रदेश आवधिक योजना २०७६।७७ देखि २०८०।८१ ले वातावरणमैत्री विकास र उत्पादनशील वन व्यवस्थान गर्ने दीर्घकालीन सोच लिएको छ । यसै अनुरुप वन विकासका कृयाकलापबाट वन क्षेत्रमा पर्ने असरका साथै कटानी तथा फडानी समेतबाट वन क्षेत्रमा भएको क्षति न्यूनीकरण गर्न मन्त्रालय र मातहतका कार्यालयले बिरुवा उत्पादन तथा बृक्षारोपणका कार्य गर्दै आएको छ । मन्त्रालय र मातहतका कार्यलयमार्फत बिरुवा उत्पादनमा रू.६८ लाख १४ हजार र वृक्षारोपणमा रू.८ करोड ५१ लाख २९ हजार खर्च गरेको छ । वन निर्देशनालयको प्रगति प्रतिवेदन अनुसार कुल १२ लाख ५४ हजार बिरुवा उत्पादन भएको देखाएको छ । मन्त्रालय मातहत १३ डिभिजन कार्यालयको बिरुवा रोपणको तथ्याङ्क अनुसार १३७ स्थानको ३५३ हेक्टर जमिनमा ४ लाख १८ हजार बिरुवा रोपण गरेको देखिन्छ । उत्पादनको तुलनामा ३३ प्रतिशत मात्र बिरुवा रोपण देखिएकोले रोपणको आवश्यकता विश्लेषण नगरी उत्पादनमा मात्र खर्च गरेको देखिन्छ। उत्पादित बिरुवाको मौज्दात नदेखाएकोले सोही बिरुवा पुनः आगामी वर्ष समेत उत्पादन देखिई खर्च हुने अवस्था रहेको छ । बिरुवा उत्पादनको लक्ष्य निर्धारण नभई रू.१३ लाख ३५ हजार मूल्यका ८ लाख ३६ हजार बिरुवा मौज्दात रहेको अवस्थामा वृक्षारोपणमा विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्नु मनासिव देखिएन ।

१०. **वन मुद्दा** - यस मन्त्रालय अन्तर्गतका डिभिजन वन कार्यालयमा गत वर्ष ३५८ आरोपीका १२६ वन मुद्दा दायर भएकोमा यो वर्षमा आरोपी १३ प्रतिशत र वन मुद्दा ३९ प्रतिशत वृद्धि भई क्रमशः ४०५ र १७५ पुगेको छ । जनचेतना, जागरण तथा नियमित गस्ती जस्ता गतिविधिमार्फत वन अपराध न्यूनीकरण तथा चोरी निकासी नियन्त्रण गर्नुपर्दछ ।

११. **वनपैदावार व्यवस्थापन** - वन ऐन, २०७६ मा विभिन्न प्रकारबाट प्राप्त काठ दाउराको समयमै उचित व्यवस्थापन गरी राजस्व आर्जन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार कबुलियति वन तथा आयोजनाहरूले कटान मुछान गरेको, वैज्ञानिक सामुदायिक वनबाट कटान मुछान भएको, सामुदायिक वनमा आन्तरिक खपतका लागि कटान भएको र सामुदायिक वनमा बाह्य विक्रीका लागि कटान भएको समेत यो वर्ष १८ लाख ८३ हजार २४० क्यू फिट काठ र १० लाख ९७ हजार ५०० क्यू फिट उत्पादन तथा आपूर्ति भएको देखिन्छ । यो वर्ष काठ र दाउरा बिक्रीबाट रू.४६ करोड ५७ लाख राजस्व सङ्कलन गरेको छ । वन पैदावार उत्पादन तथा बिक्री र राजस्व प्राप्तिको एकीकृत अभिलेख तयार नगरेकोले बिक्रीको परिमाण अनुसार राजस्व प्राप्त गरेको यकिन हुन आएन। सङ्कलन बिक्री तथा राजस्व आम्दानीबीच तादाम्यता कायम हुनेगरी लेखाङ्कन तथा अभिलेख प्रणाली सुदृढ गर्नुपर्दछ ।

१२. **कबुलियत र सामुदायिक वन** - वन नियमावली, २०७९ को नियम ६७ मा कबुलियत वन तथा सामुदायिक वन सम्बन्धी व्यवस्था छ । नियमावली अनुसार यस्ता वनले सम्झौतामा उल्लेख भएअनुसार ५ देखि १० वर्षमा सम्झौता नवीकरण गर्ने प्रावधान रहेकोमा मन्त्रालयको तथ्याङ्क अनुसार ०७८।७९ मा ३०७ सामुदायिक र २४२ कबुलियत वनले मात्र कार्ययोजना नवीकरण गरेको देखिन्छ । मन्त्रालयले नवीकरणमा आएका वाहेकको तथ्याङ्क नराखेकोले यी क्षेत्रमा रहेका वन सङ्ख्या र नवीकरण अवस्था यकिन हुन सकेन । यस वर्ष वन क्षेत्रको तथ्याङ्क अभिलेखिकरणका लागि अनलाइन सफ्टवेयर प्रणाली निर्माण गर्न एक प्राइभेट लिमिटेडलाई रू.२१ लाख ९७ हजार भुक्तानी गरेकोमा सफ्टवेयर प्रयोगमा ल्याई विवरण अद्यावधिक गरेको छैन । तथ्याङ्क अद्यावधिक गरी कबुलियती तथा सामुदायिक वनको अवस्था यकिन गर्नुपर्दछ ।

१३. **वन्यजन्तु उद्धार** - वन नियमाली, २०७९ मा सम्बन्धित वन कार्यालयले घाईते वन्यजन्तुको उद्धार गरी प्राकृतिक वासस्थानमा पुनर्स्थापना गराउने र विभिन्न कारणबाट मृत फेला परेका वन्यजन्तु व्यवस्थापन गर्ने व्यवस्था छ । वन निर्देशनालयबाट प्राप्त विवरण अनुसार यो वर्ष ६३२ घाइते वन्यजन्तु उद्धार गरेकोमा यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ५५ प्रतिशतले वृद्धि भएको छ । एकै आर्थिक वर्षमा अस्वभाविक रुपमा घाइते जनावर वृद्धि भएको सम्बन्धमा तथ्ययुक्त कारण पहिचान गरेको छैन । मन्त्रालयले विभिन्न १० बजेट उपशीर्षकमा यस वर्ष रू.६६ करोड ४१ लाख ५३ हजार खर्च गरेकोमा वन्यजन्तु वासस्थान संरक्षण र दुर्घटना न्यूनीकरणका क्षेत्रमा अपेक्षित नतिजा हासिल गर्न सकेको छैन । मानवीय अतिक्रमण घटाई जैविक मार्ग संरक्षण कार्यमार्फत वन्यजन्तु संरक्षण गरी घाइते वन्यजन्तुको सङ्ख्यामा कमी ल्याउनुपर्दछ ।

वन निर्देशनालय

१४. **वन व्यवस्थापन** - वन ऐन, २०७६ मा वन क्षेत्रमा संरचना निर्माण गर्दा वातावरण संरक्षण तथा पर्यावरणीय स्वच्छता कायम हुनेगरी कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । वन मन्त्रालय र मातहतका निकायले यस वर्ष वन व्यवस्थापन सम्बन्धी कार्यमा पुँजीगत खर्च रू.१ अर्ब ३३ करोड ४ लाख ८१ हजार गरेको छ । वन निर्देशनालयबाट प्रकाशित अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, २०७९ ले निर्देशनालय मातहतका १५ डिभिजन वन कार्यालय र ५ भू तथा जलाधार व्यवस्थापन कार्यालयमार्फत

सम्पादन भएको वन तथा वातावरण क्षेत्रका ३३ विकास कार्यक्रमको नमुनाका आधारमा अनुगमन गरेकोमा अधिकांश कार्यक्रम कार्यालयले प्रस्ताव गरे भन्दा फरक भई आएको र यस्ता कार्यक्रम माग आवश्यकता पहिचान नभई प्रदेश सरकारको बजेटमा सोझै समावेश भई आएको कारण योजनाको स्वामित्व ग्रहणमा समस्या परेको उल्लेख छ । नुवाकोटको लवलेटारको किरियापुत्री भवन, सिन्धुली कमलामाईको रक्तमाला मन्दिर, काभ्रेपलाञ्चोकको कालीदेवी मन्दिर पदमार्ग कार्यक्रम वन डिभिजनबाट कार्यान्वयन भएकोमा वन संरक्षण तथा सम्वर्द्धनको उद्देश्यसँग मिल्ने देखिएन । उद्देश्य र कार्यक्षेत्र मेल नखाने योजना वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने पद्धतिमा सुधार हुनुपर्दछ ।

१५. **वन क्षेत्र विस्तार -** वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा बजेटको अधिनमा रही निर्देशनालय र मातहतका कार्यालयले वन क्षेत्र संरक्षण, व्यवस्थापन र अवैध चोरी निकासी नियन्त्रण गर्न बिरुवा उत्पादन तथा वृक्षारोपण, जल पुनर्भरण तथा पोखरी निर्माण, पहिरो तथा खहरे नियन्त्रण, सडक किनारा वायो इन्जिनियरिङ्ग लगायतका वन क्षेत्र संरक्षण तथा बिस्तारको क्षेत्रमा कार्य गर्दै आएको छ। निर्देशनालयको प्रगति प्रतिवेदन अनुसार प्रदेशमा कुल क्षेत्रफलमध्ये ५१.५३ प्रतिशत वन र २.२० प्रतिशत अन्य काष्ठ तथा बुट्यान क्षेत्र गरी ५३.७३ प्रतिशत वन क्षेत्र रहेको छ । प्रदेशका १३ जिल्ला मध्ये मकवानपुर जिल्लामा सबैभन्दा बढी ६८.१५ र भक्तपुरमा २०.१० प्रतिशत वन क्षेत्र रहेको छ । प्रदेश मातहत वार्षिक रुपमा वनक्षेत्र बिस्तारका लागि खर्च हुँदै आएतापनि अन्य काष्ठ तथा बुटयान क्षेत्रलाई वन क्षेत्रमा रुपान्तरण गर्ने कार्यको प्रभावकारिता मूल्याङ्कन गरेको पाइएन ।

१६. **प्रतिवेदन कार्यान्वयन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २३ मा सार्वजनिक निकायले सोही नियमावलीको अनुसूची-५ बमोजिमको सम्झौतामध्ये कुनै एक सम्झौता गरी परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था छ । निर्देशनालयले यो वर्ष स्टडिज अफ कन्डिशन अफ ट्रि आउटसाइड फरेस्ट अफ बागमती प्रोभिन्स र नदी जलाशयमा जलचर संरक्षणका लागि पानीको गुणस्तर चेकजाँच कार्य क्रमशः स्मार्ट भुगोल सिलानी जे. भि. काठमाडौं र वनबाटिका नेपाल प्रा. लि. हेटौंडामार्फत कार्य गराई रू.२५ लाख ३९ हजार भुक्तानी गरेको छ । वन क्षेत्र तथा नदी जलाशयमा जलाधार संरक्षणको कार्यमा सुधार गर्न परामर्शदाताले प्रतिवेदन पेस गरेकोमा कार्यान्वयन भएको देखिएन । उपलब्धि हासिल हुनेगरी परामर्श सेवा मार्फत तयार भएको प्रतिवेदन कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१७. **वन अतिक्रमण -** वन तथा वातावरण क्षेत्रको वर्तमान अवस्थाको स्थिति पत्र, २०७५ अनुसार मुलुकभित्र ६६ लाख १० हजार हेक्टर वन क्षेत्र रहेको उल्लेख छ । वन क्षेत्रमध्ये करिब १० हजार हेक्टर अतिक्रमणमा परेको र सोमध्ये बागमती प्रदेशमा ७ हजार ७४.६ हेक्टर क्षेत्रमा अतिक्रमण रहेको देखिन्छ । वन अतिक्रमण नियन्त्रणका लागि प्रत्येक वर्ष बजेट विनियोजन गरी डिभिजन र अन्य मातहत निकायबाट कार्य गर्दै आएतापनि अतिक्रमित क्षेत्र खाली गराउने कार्यमा उल्लेख्य प्रगति भएको छैन । केही क्षेत्रमा तारबार तथा टहरा भत्काउने कार्य गरेको भएतापनि अतिक्रमण हटाउने कार्यमा अपेक्षित प्रगति भएको देखिएन । वन क्षेत्रमा भएको अतिक्रमण हटाई वन तथा वातावरण क्षेत्रको संरक्षण गर्नुपर्दछ ।

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

१८. **उद्योगग्राम** - निर्देशनालयले वार्षिक कार्यक्रममा समावेश गरी दोलखा जिल्लास्थित बैतेश्वर-७ को सरकारी वन क्षेत्रको जमिनमा घोषित उद्योगग्राम पूर्वाधार निर्माण कार्यको वाउण्ड्री वाल, क्यान्टीन, प्रदर्शनी हल, शिशु कक्ष, सर्भिस भवन, गार्ड हाउस, सामुदायिक भवन, प्रशासनिक भवन र अन्य कार्य समेत सम्पन्न गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ । सो क्षेत्रमा तारबार लगाउने कार्यमा रू.९६ लाख १५ हजारको लागत अनुमान तयार गरी बोलपत्रमार्फत एक निर्माण व्यवसायीसँग रू.६५ लाख २२ हजारको सम्झौता भएकोमा प्रथम रनिङ विलसम्म रू.२७ लाख ३८ हजार मात्र खर्च भएको छ । विस्तृत परियोजना प्रतिवेदन अनुसार २५ रोपनीभन्दा बढी क्षेत्रमा रू.१९ करोडको लागतमा उद्योगग्राम स्थापना गर्ने अवधारणा स्वीकृत भए तापनि प्रतिवेदन तयार भएको दुई वर्षको अवधिमा फेन्सिङ्ग र जमिन सम्याउने कार्य मात्र भएको छ। उद्योगग्राम स्थापना कार्यक्रमको कार्यान्वयन पक्ष कमजोर देखिएकोले निर्धारित समयमा पुरा गर्ने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१९. **नदी नियन्त्रण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा सार्वजनिक निकायले बोलपत्रको माध्यमबाट खरिद सम्झौताको पालना गरी खरिद गर्ने व्यवस्था छ । निर्देशनालयले सिन्धुलीको हरिहरपुरगढीमा स्थापना हुने औद्योगिक क्षेत्रमा विस्तृत परियोजना प्रतिवेदनको एक कम्पोनेन्टको रुपमा रहेको नदी नियन्त्रण संरचना निर्माण गर्न यसवर्ष रू.१ करोड ९३ लाख ४ हजारको लागत अनुमान तयार गरी रू.९५ लाख ६ हजारको सम्झौता भई निर्माण सम्पन्न भएको छ। औद्योगिक क्षेत्र स्थापना गर्ने स्थानमा गत वर्ष पनि नदी सोही कार्यमा रू.२ करोड ३० लाख ६० हजारको निर्माण कार्य भएको देखिन्छ । निर्मित संरचना समेत प्रत्येक वर्ष बर्सात्को समयमा क्षति हुँदै गएको कारण क्षतिग्रस्त संरचनामा पुनः निर्माण कार्य गर्नुपरेको जानकारी गराएको छ । प्रत्येक वर्ष नदी नियन्त्रणको आंशिक कार्य गर्ने र निर्मित संरचना वर्षाको बाढीबाट क्षति हुँदा सोमा भएको खर्च उपलब्धिमूलक देखिएन । औद्योगिक ग्राम स्थापनाको विस्तृत परियोजना प्रतिवेदनका अन्य कार्य नगरी नदी नियन्त्रण कार्य मात्र गर्दा उद्देश्य अनुरुप औद्योगिकग्राम ग्राम स्थापना गर्ने कार्य प्रभावित भएको छ। विस्तृत परियोजना प्रतिवेदन अनुसार कार्य गर्नुपर्दछ ।

२०. **अनुगमन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २० मा प्रत्येक कार्यालयले तालुक निकायको निर्देशन र मन्त्रालयले निर्धारण गरेको बजेट सीमा, बजेट तर्जुमा दिग्दर्शन र परिपत्रको अधिनमा रही उद्देश्य अनुरुपको कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गरी सोको आधारमा आगामी आर्थिक वर्षका लागि बजेट तर्जुमा गर्नुपर्ने र नियम २७ मा बजेट कार्यान्वयनको भौतिक र वित्तीय प्रगतिको समीक्षा गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले उद्देश्य अनुरुप बजार अनुगमन योजना तयार गरी कार्यान्वयन गर्ने र सोको अनुगमन प्रतिवेदन तयार गरी प्रगति समीक्षा गर्ने गरेको देखिएन। अनुगमन योजना तयार गरी कार्यान्वयन अवस्था समेत यकिन हुने संयन्त्र बनाउनुपर्दछ ।

डिभिजन वन कार्यालयहरू

२१. **काठ दाउरा बिक्री** - वन ऐन, २०७६ मा डिभिजन वन कार्यालयले विभिन्न स्रोतबाट प्राप्त काठ दाउराको समयमै उचित व्यवस्थापन गरी राजस्व आर्जन गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, मकवानपुरबाट प्राप्त विवरण अनुसार कबुलियति वन, निर्माण आयोजनाहरूले कटान मुछान गरेको, वैज्ञानिक सामुदायिक वनबाट कटान मुछान भएको, सामुदायिक वनमा आन्तरिक खपतका

लागि कटान भएको र सामुदायिक वनमा बाह्य बिक्रीका लागि कटान भएको समेत १८ हजार ५८ थान गोलिया, १ लाख २३ हजार ११ क्यू फिट काठ र १०४ चट्टा दाउरा मौज्दात रहेको देखिन्छ। सोमध्ये १६ हजार ४१४ क्यू फिट काठ, ५८ चट्टा दाउरा बिक्री गरी सामुदायिक वनलाई रू.१ करोड ७३ लाख ६६ हजार, प्रदेश सरकारलाई रू.२१ लाख ४३ हजार, स्थानीय तहलाई रू.१९ लाख २९ हजार र मूल्य अभिवृद्धि कर रू.२९ लाख २० हजार अम्दानी भएको देखिन्छ । चालु वर्षको बिक्रीको अवस्था विश्लेषण गर्दा मौज्दातमा रहेकोमध्ये अधिकांश काठ दाउरा बिक्री तथा व्यवस्थापन गर्न बाँकी देखिन्छ । अधिक लाभ प्राप्त हुनेगरी काठ दाउराको व्यवस्थापन गर्नुपर्दछ ।

२२. **लागत सहभागिता** - डिभिजन वन कार्यालय, मकवानपुरले लागत सहभागितामा कार्यक्रम सञ्चानल गर्ने गरी वार्षिक नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरेको छ । हेटौंडा नगरपालिकाको लागत सहभागितामा वनको पत्कर लगायतका फोहर प्रशोधन, प्लाण्ट स्थापना र सञ्चालन गर्न मानवसेवा आश्रम, मकवानपुर हेटौंडालाई रू.९ लाख ६२ हजार भुक्तानी गरेको पाइयो । उपमहानगरपालिकाले लागत सहभागिता सुनिश्चित गरेपनि कार्य सम्पन्न सम्बन्धी कागजात अध्ययन गर्दा उक्त कार्य सम्पन्न भएको देखाई रू.७ लाख ४३ हजार भुक्तानी गरेकोले सहभागिता बेहोरेको देखिन आएन । प्रोडक्ट स्पेशिफिकेशन तयार गरेपनि सम्झौता पूर्व लागत अनुमान तयार गरेको छैन। खरिद पूर्वका कार्यहरू समेत सम्पन्न गरी सम्झौता अनुसारको खर्च व्यहोर्ने दायित्व पुरा गर्ने गरी व्यवस्थापन गर्नुपर्दछ ।

२३. **वन क्षेत्रको संरक्षण** - वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८ मा वन क्षेत्र अतिक्रमण नियन्त्रणका सम्बन्धमा संस्थागत तथा कार्यगत व्यवस्था छ । डिभिजन वन कार्यालय, मकवानपुरले संघीय अनुदानबाट अतिक्रमण हटाई व्यवस्थापन गर्ने कार्यमा रू.८ लाख खर्च गरेको छ। डिभिजन अन्तर्गत ८ स्थानीय तहमा ३ हजार ५४९ हेक्टर अतिक्रमित क्षेत्र रहेको र ती क्षेत्रमा ५ हजार ७१३ घरधुरी बसोबास गरेको डिभिजनले तयार गरेको प्रतिवेदनबाट देखिन्छ । अतिक्रमण गरी बनाएका स-साना छाप्रा हटाउने बाहेक स्थाई रुपमा लामो समयदेखि बसोबास हुँदै आएको अतिक्रमित क्षेत्रमा प्रभावकारी कार्य गरेको देखिएन। वन सुरक्षा तथा समन्वय समितिको २०७८।९।१० को बैठकले एक महिनाभित्र अतिक्रमण हटाउने निर्णय गरेकोमा डिभिजनले ८ सव डिभिजन वन कार्यालयलाई २१ दिनभित्र सोको कार्यान्वयनको प्रगति उपलव्ध गराउने पत्राचार गरेकोमा थप प्रगति भएको देखिएन। अतिक्रमण हटाई वन क्षेत्र संरक्षणका लागि प्रभावकारी र नतिजामुलक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२४. **वृक्षारोपण** - वन नियमावली, २०७९ को नियम ९ मा वन विकासका लागि मन्त्रालय र मातहतका कार्यालयले वृक्षारोपण गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, मकवानपुरले यस वर्ष फलफूल, बाँस, कागती, टिमुर जस्ता बिरुवा उत्पादन गरी सडक किनार तथा नदी उकास क्षेत्र समेत ३५.७५ हेक्टरमा ३२०५४ बिरुवा वृक्षारोपण गरेको र सो वापत रू.७७ लाख खर्च गरेको छ । सालवसाली रुपमा वृक्षारोपणका कार्यक्रम सञ्चालन गरेतापनि बिरुवा सर्ने र हुर्कने सफलताको दरका सम्बन्धमा अभिलेखिकरण गरेको देखिएन । कार्यक्रम अनुसार वृक्षारोपण गर्ने तर संरक्षणको पर्याप्त प्रबन्ध नगरेकोले कार्यक्रमको दिगोपना र उपलब्धि अपेक्षित रुपमा भएको छैन ।

२५. **वितरण अभिलेख** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुग वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, मरिण, सिन्धुलीले मरिण गाउँपालिका, सिन्धुलीले ६ किसिमका २० हजार बिरुवा खरिद गरी वितरण गरेको कागजातका आधारमा रू.१३ लाख ३५ हजार गरेको

छ । कार्यालयले वितरित बिरुवा बुझिलिनेको स्पष्ट सङ्ख्या देखिने अभिलेख नराखेकोले सबै बिरुवा वितरण भएको सम्बन्धमा यकिन हुन सकिएन ।

२६. **अनुगमन -** वन नियमावली, २०७९ को नियम ९ मा वन विकास गर्नको लागि मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय, डिभिजन वन कार्यालयले वन क्षेत्रभित्र र बाहिर वृक्षारोपण गर्नुपर्ने व्यवस्था र वृक्षारोपण गरिएको क्षेत्रको संरक्षण र व्यवस्थापन सम्बन्धित वन व्यवस्थापन समूहको सहभागितामा डिभिजन वन कार्यालयले गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, सिन्धुलीले यो वर्ष विभिन्न सामुदायिक वन उपभोक्ता समूहसँग सम्झौता गरी सो वापत रू.२६ लाख ५५ हजार खर्च गरेको छ। कुल ९१ हजार २६१ बिरुवा वृक्षारोपण गरेको जनाएकोमा व्यवस्थापन तथा संरक्षण प्रबन्ध गरेको सम्बन्धमा अनुगमन गरेको देखिएन ।

२७. **लिलाम मूल्य -** वन नियमावली, २०५१ को नियम ६८ सँग सम्बन्धित अनुसूची-२ मा गोलिया काठ ३ स्तर (ग्रेड) मा विभाजन गरी सामुदायिक वन उपभोक्ता समितिद्वारा लिलाम गरिने साल काठको न्यूनतम मूल्य निर्धारण गरेको छ। न्यूनतम मूल्य अनुसार ए, वी र सी ग्रेडको प्रति क्यु. फिट न्यूनतम मूल्य क्रमशः रू.१ हजार, ७ सय र ५ सय रहेको छ। उक्त मूल्य २०७१ मा निर्धारण भएकोमा पुनरावलोकन भएको छैन । डिभिजन वन कार्यालय, सिन्धुलीले यस वर्ष लिलाम गरेको काठको मूल्यमा कटान मूल्य, मूल्य अभिवृद्धि कर र व्यावसायीको नाफा समेत जोड्दा रू.११ करोड ६८ लाख ५८ हजार मात्र कायम गरेकोमा जिल्ला दररेटको आधारमा गणना गर्दा रू.१६ करोड ६५ लाख ९० हजार हुने देखिन्छ । जिल्ला दररेटको आधारमा मूल्याङ्कन नगरी २०७१ को न्यूनतम मूल्यको आधारमा गणना गर्दा रू.४ करोड ९७ लाख ३२ हजार घटी मूल्यमा लिलाम बिक्री भएको छ । जिल्ला दररेटका आधारमा मूल्याङ्कन गरी अधिकतम राजस्व आर्जन गर्नुपर्दछ ।

२८. **वनक्षेत्र प्रयोग -** वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधीको लागी बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, नुवाकोटले ३१.२२ हेक्टर वन क्षेत्रको जग्गा माथिल्लो त्रिशुली ३ ए २२० के भी विद्युत प्रसारण लाईन आयोजना निर्माणको लागि उपलब्ध गराएकोमा २०७०।७१ देखिको रू.१८ लाख ८८ हजार, देबुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी तल्लो तादी खोला जलविद्युत आयोजनाको बाँकी २०७४।७५ देखिको रू.१ लाख ५ हजार र सलाखु खोला हाइड्रोपावर प्रा.लि.ले २०७३।७४ देखिको रू.५५ हजार समेत रू.१९ लाख ७८ हजार बुझाउन बाँकी छ । बाँकी रकम सम्बन्धित संस्थाबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू

२९. **सव कन्ट्याक्ट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा सम्झौता अनुसारको कार्य उपभोक्ता समिति स्वयंले सम्पन्न गर्नुपर्ने तथा निर्माण व्यवसायी वा सवकन्ट्याक्टरबाट गराउन नहुने व्यवस्था छ । भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, चितवनले ६ लाभग्राही समुदायसँग सम्झौता गरे अनुसारको रू.३८ लाख ९८ हजारको डिप बोरिङ्गको सम्पूर्ण कार्य सबकन्ट्याक्टर मार्फत गराएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

३०. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाखसम्म सोझै, रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । नमूना

छनौटको आधारमा परीक्षण गर्दा भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, चितवनले १० आपूर्तिकर्ताबाट विभिन्न उपभोक्ता समितिका लागि समरसिवल पम्प खरिद तथा डिप ट्युवेल पम्प घर निर्माण लगायतमा रू.५९ लाख २९ हजार सोझै खरिद गरेको पाइयो । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार नहुने गरी खरिद कार्य गर्नुपर्दछ ।

घरेलु तथा साना उद्योग कार्यालयहरू

३१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाखसम्म सोझै, रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुपाल्चोकले यो वर्ष डेक्स्टप कम्प्युटर, क्यामेरा, रेफ्रिजेरेटर, वासिङ मेशिन, थ्रेसर मेशिन, पेटर मेशिन, च्याप कटर लगायतका सामग्री रू.३९ लाख २६ हजारको सामग्री दुई आपूर्तकबाट खरिद गरी वर्षान्तमा रू.३२ लाख ६२ हजार भुक्तानी गरेको पाइयो । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार नहुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३२. **अधुरो निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा आवश्यक बजेट नभई खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । लागत अनुमान रू.४४ लाख १६ हजार रहेको दुप्चेश्वर-६ मा कोशेली घर निर्माण गर्न स्थानीय तह, सम्बन्धित उपभोक्ता समिति र घरेलु तथा साना उद्योग कार्यालय, नुवाकोटबीच २०७८।१२।१६ मा त्रिपक्षीय सम्झौता भएको छ । सम्झौतामा दुप्चेशेवर गाउँपालिकाले रू.२० लाख, कार्यालयले रू.२० लाख र सम्बन्धित उपभोक्ता समितिले रू.४ लाख १६ हजार व्यहोर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष यस योजनाको लागि बजेट विनियोजन नगरेकोले उपभोक्ता समितिले यस कार्यालय र उपभोक्ता समितिबाट व्यहोर्ने रकम समेत रू.२१ लाख ८७ हजारको निर्माण कार्य गरी रू.२० लाख भुक्तानी लिएको छ। गाउँपालिकाबाट बजेट व्यवस्था नभएको कारण उक्त भवन अधुरो अवस्थामा रहेको छ । निर्माण कार्य पूरा गरी कार्यालयले लगानी गरेको रकम उद्देश्यबमोजिम उपयोग भएको सुनिश्चित हुनुपर्दछ।

- **बेरुजु स्थिति** - मन्त्रालय तथा मातहतका समेत १९ निकायमा रू.३ करोड १३ लाख ९४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रू.४८ लाख ९१ हजार फर्स्यौट गरेकोले रू.२ करोड ६५ लाख ३. हजार बेरुजु देखिएको छ । सोमध्ये रू.१५ लाख २३ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

पाँच वर्षे कार्यसम्पादन

- **वनपैदावार राजस्व** - मन्त्रालयबाट प्राप्त विवरण अनुसार विगत चार वर्षको तथ्याङ्क विश्लेषण गर्दा ६४ लाख ४ हजार क्यू फिट काठ तथा ३४ लाख ८५ हजार क्यू फिट दाउरा उत्पादन भई बिक्री वितरण मार्फत् रू.२ अर्ब ३० करोड २१ लाख राजस्व प्राप्त गरेको छ । काठ दाउरा सङ्कलनका साथै बिक्री वितरण व्यवस्थित गर्दै वन पैदावारबाट प्राप्त हुने आम्दानीलाई प्रदेश सरकारको महत्वपूर्ण स्रोतको रुपमा स्थापित गर्न ध्यान दिनुपर्दछ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार उद्योग, वाणिज्य तथा आपूर्तिको क्षेत्रमा नीति, कानुन एवं कार्यक्रमको तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने उद्देश्यले मन्त्रालयको स्थापना भएको हो।

यो वर्ष मन्त्रालय र मातहतका १५ कार्यालयको विनियोजन रू.२९ करोड ३५ लाख २८ हजार, राजस्व रू.३३ करोड ५९ लाख ९६ हजार र धरौटी रू.२ करोड १८ लाख ६२ हजार समेत रू.६५ करोड १३ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्यक्रम कार्यान्वयन -** मन्त्रालयले वार्षिक विकास कार्यक्रम स्वीकृत गरी सोही अनुसारका कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । वार्षिक कार्यक्रममा समावेश भएको उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम अन्तर्गत एक स्थानीय तह एक उद्योग ग्राम अन्तर्गत रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर र धादिङमा उद्योग ग्राम स्थापना साथै प्रदेशभित्र प्रस्तावित कागज उद्योग स्थापनाको सम्भाव्यता अध्ययन समेतका लागि १३ कार्यक्रममा रू. ८९ लाख ४८ हजार बजेट विनियोजन भएकोमा कार्यान्वयन अवस्था शुन्य रहेको छ। स्वीकृत कार्यक्रम समयमानै सम्पन्न गर्न सक्ने गरी संरचनागत, कार्यगत तथा जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२. **खर्च प्रगति -** मन्त्रालयले वातावरणमैत्री कपडाको झोला तयारी, फरक क्षमता भएका समुदायलाई उद्यमशीलता तथा रोजगारी, प्रदेश स्तरीय उद्यमी सम्मेलन र नवप्रवर्तन प्रदर्शनी, प्रदेश व्यवसाय मञ्चसँग अन्तरक्रिया, प्रदेशमा रहेका रुग्ण उद्योगको पुनः सञ्चालन, प्रदेश स्तरीय प्रदर्शनी तथा मेला आयोजना जस्ता कार्यक्रमका लागि रू.१ करोड विनियोजन सहित कार्यक्रम स्वीकृत गरेको छ। स्वीकृत कार्यक्रम मध्ये आर्थिक वर्षभित्र कुनै पनि कार्यक्रम सञ्चालन गरेको छैन । तोकिएअनुसारका कार्य सम्पादन गरी प्रगति कायम गर्ने सम्बन्धमा क्रियाशीलता अपनाउनुपर्ने देखिन्छ ।

३. **दरबन्दी र पदपूर्ति -** मन्त्रालयको कार्य सञ्चालनका लागि स्वीकृत संगठन संरचना र दरबन्दी निर्धारण गरेको छ । मन्त्रालयमा प्रशासनिक २०, प्राविधिक २ र श्रेणी विहीन ७ गरी २९ दरबन्दी रहेको मध्ये प्रशासनिक ९ र प्राविधिक १ गरी १० पदपूर्ति भए तापनि प्रशासनिक तर्फको ११, प्राविधिकतर्फको १ र श्रेणी विहीन ७ गरी १२ पद रिक्त रहेको छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा मन्त्रालयबाट हुने सेवा प्रवाहमा असर परेको छ । दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय तथा मातहतका समेत ७ निकायमा रू.१ करोड ४४ लाख ४४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रू.१६ लाख ७०हजार फर्स्यौट गरेकोले रू.१ करोड २७ लाख ७४ हजार बेरुजु देखिएको छ । सोमध्ये रू.८४ लाख ५९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश भित्रको कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहत ३८ कार्यालयको विनियोजन रू.२ अर्ब ४० करोड ५३ लाख १२ हजार, राजस्व रू.११ अर्ब ७० करोड २७ लाख ५६ हजार, धरौटी रू.१३ करोड ७३ लाख १२ हजार र अन्य कारोबार रू.१५ करोड ५७ लाख ३७ हजार समेत रू.१४ अर्ब ४० करोड ११ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका १७ जिम्मेवारी तोकिएका छन् । नियमावलीमा उल्लेखित कार्यहरू मध्ये कृषि उपजको न्युनतम समर्थन मूल्य कार्यान्वयनका लागि यो वर्ष बजेट व्यवस्थापन भएतापनि कार्य भएको छैन । चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य, भूमि व्यवस्थापन सम्बन्धी कार्य र सहकारी व्यवस्थापन सम्वन्धी अधिकांश कार्य भएको छैन । कार्यतालिका बनाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **मध्यमकालीन खर्च संरचना -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यमकालीन खर्च संरचना लागु गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले २०७८।७९ देखि २०८०।८१ सम्मको मध्यकालीन खर्च संरचना तयार गरेको छ। २०७७।७८ को नीति तथा कार्यक्रम र वार्षिक बजेट अनुसार सम्पादन भएका क्रियाकलापको आधारमा लागु गरेको प्रतिवेदन अनुसार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका ३८ निकाय समेतको चालु र पुँजीगत गरी कुल रू.३ अर्ब ५ करोड ४३ लाख ३८ हजार खर्च हुने प्रक्षेपण गरेकोमा रू.२ अर्ब १० करोड १५ लाख (६८.८० प्रतिशत) खर्च भएको छ । सञ्चालित क्रियाकलापको कार्यान्वयन प्रभावकारी बनाउँनुपर्दछ ।

३. **आवधिक योजनाको समीक्षा -** बागमती प्रदेश सरकारले आवधिक योजना २०७६।७७-२०८०।८१ जारी गरी २०७६।७७ को नीति तथा कार्यक्रममार्फत् खाद्य संप्रभुताको सुनिश्चितताको लागि बहुआयामिक कृषि उत्पादनमा जोड दिंदै कृषिलाई आधुनिक, प्रतिस्पर्धी र दिगो बनाई दिगो विकास गर्न कृषितर्फ ५ मूख्य सूचक ४७ उपसूचक सहितको लक्ष्य तोकेको छ । उपलव्ध तथ्याङ्क अनुसार २०७७ देखि २०७९ सम्म वित्तीय प्रगति औसत ६०.५ प्रतिशत भएको छ । योजनाले लक्षित गरेका सूचकाङ्क अनुसारको उपलब्धि हासिल गर्न वित्तीय, मानवीय लगायतका स्रोत परिचालन गरी प्रभावकारिता हासिल गर्नुपर्दछ ।

४. **नीति कार्यक्रम र बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेशको २०७८।७९ को लागि पारित भएको नीति तथा कार्यक्रममा यस मन्त्रालय अन्तर्गत १८ कार्यक्रम सञ्चालन हुने उल्लेख छ । पारित नीति तथा कार्यक्रम मध्ये खाद्य तथा पोषण सुरक्षा सुनिश्चितताका लागि कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यवसायीकरण र बजारीकरणमार्फत् प्रदेशलाई प्रमुख कृषि उपजहरूमा आत्मनिर्भर बनाउने कार्यक्रम, सङ्घीय सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा भूमिको बनोट र उपयुक्तताका आधारमा

वर्गीकरण गरी सोहीअनुसार भू-उपयोग गर्ने व्यवस्था मिलाउने कार्यक्रम, समानता तथा औचित्यका आधारमा भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासहरूको समस्या समाधान गर्न सङ्घीय सरकार र स्थानीय तहसँग आवश्यक सहकार्य गर्ने कार्य र चितवन जिल्लामा चक्लेट, क्याटवरी सहितको दूध प्रशोधन केन्द्र निर्माण गर्ने कार्य कार्यान्वयन भएको देखिएन । वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

५. **अनुदान कार्यविधि** - प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट उपलब्ध गराउने अनुदान रकम व्यवस्थित गर्न प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ अनुसार प्रदेश सरकारले प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ निर्माण गरेको छ । उक्त कार्यविधिको बुँदा नं. ३ मा मन्त्रालय वा निकायबाट विभिन्न विकासका कार्यक्रमका लागि प्रदान गरिने अनुदान प्रणालीमा एकरूपता ल्याउनेगरी कार्यविधि निर्माण गर्न सकिने उल्लेख छ । मन्त्रालयले कार्यक्रम अनुसार फरक फरक हुने गरी १३१ कार्यविधि निर्माण गरी रू.१४ अर्ब ९६ करोड ९२ लाख अनुदान वितरण गरेको छ । निर्माण भएका कार्यविधि र प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि बीच सामञ्जस्यता नरहेका केही व्यहोरा निम्न अनुसार छन्:

५.१. कार्यविधिहरूमा एउटै प्रकृतिका कार्यक्रममा फरक फरक प्रतिशत तोकेको निजी क्षेत्रलाई ५० प्रतिशत अनुदान दिएको, सबैजसो कार्यविधिमा बढीमा भन्ने व्यवस्था रहेकोले स्वविवेकीय निर्णयका आधारमा अनुदान तोक्ने गरेको देखिन्छ ।

५.२. शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम नुवाकोटमा सञ्चालित २ शीत भण्डार निर्माणको लागि ठेक्का रू.४१ करोड ६५ लाख ५५ हजार व्यवस्थापन भएकोमा ५० प्रतिशत अनुदान भुक्तानी भएको छ भने अन्य ९ योजनामा ७० प्रतिशत खर्च भएको छ । एकै प्रकृतिका योजनाहरूमा फरक फरक प्रतिशत तोकी भुक्तानी भएको छ ।

५.३. धादिङमा सञ्चालित एक योजनामा रू.१२ करोड ८३ लाख ७० हजार मध्ये संस्थाले व्यहोर्नुपर्ने रकम रू.३ करोड ८५ लाख ११ हजार मन्त्रालयले व्यहोरेको देखिन्छ। संस्थाले व्यहोर्नुपर्ने रकम मन्त्रालयबाटै भुक्तानी हुनु उपयुक्त देखिएन ।

५.४. मन्त्रालयले मातहतका निकायबाट वार्षिक कार्यक्रम सञ्चालन गर्दा एकरूपता ल्याउन तथा कृषक छनौटको मापदण्ड निर्धारणका लागि १३१ कार्यविधि निर्माण गरेको छ । ती कार्यविधिहरू मध्ये अधिकांश कार्यविधि वार्षिक बजेट तथा कार्यक्रमसँगै संशोधन गर्ने गरेको देखिन्छ । कार्यक्रमै पिच्छे कार्यविधि तयार गर्ने तथा कार्यविधि वार्षिक रुपमा संशोधन गर्ने गरेको कारण लाभग्राही समुदाय यस विषयमा जानकार नहुने अवस्था छ । मन्त्रालयले दुग्ध उत्पादनमा आधारित अनुदान वितर कार्यविधि, २०७५ को ५ पटकसम्म संशोधन गरेको छ। कुनै निश्चित परियोजना स्वीकृत गर्ने प्रयोजनका लागि कार्यविधि संशोधन हुनु उपयुक्त होइन । कानुन निर्माणमा दक्षता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

६. **शीतभण्डार** - शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा ४ अनुसार मन्त्रालयको ७० प्रतिशत र साझेदार सहकारी संस्थाको ३० प्रतिशत लागत साझेदारीमा विभिन्न जिल्लाका १० स्थानीय तहमा शीतभण्डार निर्माण गर्न रू.१ अर्ब १७ करोड ३ लाख ७ हजारको सम्झौता भएकोमा १० साझेदार संस्थाबाट सम्झौता रकमको ३० प्रतिशतले हुने रू.३५ करोड १९ लाख प्राप्त हुनुपर्नेमा रू.२१ करोड २६ लाख ५० हजार मात्र प्राप्त भएको छ । साझेदार संस्थाले

आफूले व्यहोर्नुपर्ने ३० प्रतिशत रकम आफैंले नव्यहोरी स्थानीय तहबाट रू.१३ करोड ९२ लाख ५० हजार व्यहोरेकोले उक्त रकम असुल गरी प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्दछ भनी चौथो वार्षिक प्रतिवेदनमा उल्लेख गरेको भए तापनि स्थिति यथावत छ। शीतभण्डार गृहको सम्पत्तिको स्वामित्व सम्बन्धित स्थानीय तहको हुने व्यवस्था समेत गरेको हुँदा शीतभण्डारको सम्पत्ति माथिको स्वामित्व, सञ्चालन व्यवस्थापनको जिम्मेवारी र प्राप्त प्रतिफल सम्बन्धित स्थानीय तहको हुनुपर्दछ । सम्झौता बमोजिमको लागत साझेदारीवापत उठ्न बाँकी रकम सम्बन्धितबाट सहकारी संस्थाबाट दाखिला गर्नुपर्दछ ।

७. **डकुमेन्ट्री तथा प्रशारण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयको अनुदान वितरण लगायतका कार्यक्रमसँग सम्बन्धित प्राङ्गारिक खेती, कृषि गतिविधि, सूचना प्रकाशन, कृषि अनुदान, मन्त्रालयको गतिविधि विषयमा डकुमेन्ट्री निर्माण तथा सूचना प्रकाशन प्रशारण गर्न ४४ सेवा प्रदायक कम्पनीहरूसँग प्रतिस्पर्धा बेगर पटक पटक सोझै सम्झौता गरी रू.५९ लाख ७० हजार भुक्तानी गरेको छ । प्रतिस्पर्धात्मक र मितव्ययी तवरले सेवा खरिद गर्नुपर्दछ ।

८. **योजनाको कार्यान्वयन अवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२० मा म्याद थप र १२५ मा कार्यसम्पन्न सम्बन्धी व्यवस्था छ । शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम ७० प्रतिशत मन्त्रालय तथा ३० प्रतिशत साझेदार संस्थाको लागत सहभागितामा ११ योजनाहरूलाई तीन (३) प्याकेज बनाई २०७६।०३।३५ मा सम्झौता गरी ठेक्का व्यवस्थापन गरेकोमा ३ वर्ष ६ महिना नाघिसक्दा पनि केही योजनाको ६.९७ प्रतिशत मात्र कार्य भएको, ४ योजनाको ६० प्रतिशत, एउटा योजना ठेक्का रद्द भएको, अन्य योजनाको ९५ प्रतिशत प्रगति भएको उल्लेख छ । त्यस्तै लागत सहभागिताको ३० प्रतिशत रकम १३ करोड ९२ लाख ५० हजार असुल हुन बाँकी देखिन्छ । उल्लिखित योजनामध्ये २ योजना करिब १६.२२ प्रतिशत लागत वृद्धि भई रू.६ करोड ३५ लाख भेरियसनको लागि प्राविधिक पुष्ट्याइसहित फाईल मन्त्रालयमा पेस गरेको जनाएको छ । ती सबै योजनाको २०७९ आषाढसम्म म्याद थप भएको छ भने पुनः म्याद थप गर्नुपर्ने अवस्था रहेकोले योजना समयमा सम्पन्न हुने अवस्था देखिँदैन । सम्झौता अनुसार समयमै कार्यसम्पन्न गर्नुपर्दछ ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै कृषि तथा पशुपन्क्षी विकासका कार्यहरू गर्ने, कृषि तथा पशुपन्क्षी विकासको क्षेत्रमा सार्वजनिक निजी साथै सहकारी क्षेत्रको लगानी समुचित रुपमा वृद्धि गरी कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने, प्रदेशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने तथा बागमती प्रदेशमा समग्र पशुपालन क्षेत्रको विकास गर्ने उद्देश्य सहित निर्देशनालयको स्थापना भएको हो । निर्देशनालयमा यो वर्ष रू.२३ करोड ८७ लाख बजेट विनियोजन भई रू.२० करोड ३३ लाख खर्च भएको छ।

९. **क्षेत्रगत छनौट -** प्रदेश स्तरीय एकीकृत अनुदान वितरण कार्यविधि, २०७५ को बुँदा ८ मा निश्चित् वर्गलाई फाइदा हुने गरी अनुदान वितरण गर्न नहुने उल्लेख छ । निर्देशनालयले दूग्ध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७५ को बुँदा १८ अनुसारको मापदण्ड पुरा गरेका १० जिल्लाका २६० सहकारी संस्थालाई प्रतिलिटर रू.१।६३ का दरले रू.१५ करोड ९९ लाख ९२ हजार अनुदान दिएको छ। अनुदान प्राप्त गर्ने लाभग्राही तथा रकमको तुलना गर्दा कुल अनुदानको

४० प्रतिशत चितवन, २० प्रतिशत काभ्रे, १८ प्रतिशत मकवानपुर र १५ प्रतिशत ललितपुर गरी ४ जिल्लामा मात्र कुल अनुदानको ९३ प्रतिशत रकम वितरण गरेको देखिन्छ । त्यसैगरी सहकारी संस्थाको आधारमा २६० मध्ये २४२ सहकारी संस्था उपरोक्त अनुसारका ४ जिल्लाको रहेको देखिन्छ । सिन्धुली, रसुवा र भक्तपुर जिल्लामा अनुदान वितरण भएको देखिएन । निर्देशनालयले प्रदेश एकीकृत अनुदान कार्यविधिमा उल्लेख भए अनुसार सबै जिल्लाको सहभागिता हुने गरी अनुदान वितरण गर्नुपर्दछ । साथै अनुदान वितरणबाट दुध उत्पादनमा वृद्धि भएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

१०. **संस्था तोकी अनुदान -** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा नं. ११ (१) मा अनुदान रकमबाट कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने खरिद व्यवस्थापन सम्बन्धी प्रकृया प्रचलित कानुन सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार हुने उल्लेख छ । निर्देशनालयले यो वर्ष चौरी प्रजनन् तथा स्रोत केन्द्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम भनी सिन्धुपाल्चोक जिल्लाका ३ संस्थालाई संस्था नै तोकी रू.९४ लाख ९३ हजार अनुदान निकासा गरेको छ । उक्त संस्था छनौटको आधार लेखापरीक्षणमा पेस हुन आएन । प्रत्येक फर्मले लागत अनुमान अनुसार ६१।६१ चौरीगाईहरू प्रतिगाई रू.६० हजारको दरले सिधै खरिद गरेको छ । पशु चौपाया समेत खरिद गर्दा प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नुपर्नेमा अमानतबाट सीधै खरिद गरेको छ । प्रचलित कानुनबमोजिम प्रतिस्पर्धातमक तवरबाट खरिद गर्नुपर्दछ ।

११. **कार्यविधि पालना -** पशु स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि, २०७८ को बुदाँ नं. ६ ले (४) मा बंगुर, भैसी, बाख्रा र गाई स्रोत केन्द्र स्थापनाका लागि उल्लेख गरिएका क्रियाकलापलाई आधार बनाई आवेदकले कम्तिमा २० प्रतिशत अनुदान रकम प्रजनन् योग्य पशु खरिदमा खर्च गर्ने गरी प्रस्ताव पेस गरी सोही अनुरुप खर्च गर्नुपर्ने व्यवस्था छ । सोमध्ये फर्मले पेस गरेका बिल भर्पाइ परीक्षण गर्दा रू.२३ लाख २० हजारको भुक्तानीमा ३ वटा संस्थाले कुल खर्चको २० प्रतिशत रकम प्रजनन योग्य पशु खरिदमा खर्च नगरी रू.२३ लाख खर्च गरेकोले कार्यविधिको पालना गरेको पाइएन। कार्यविधिले तोकेभन्दा फरक हुने गरी खर्च गर्न मिल्ने देखिँदैन ।

१२. **दोहोरो अनुदान -** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा नं. ८ मा दोहोरो हुने गरी अनुदान उपलब्ध गराउन नहुने व्यवस्था छ । पशुपंक्षी तथा मत्स्य निर्देशनालयले १० जिल्लाका २६० सहकारी संस्था मार्फत रू.१५ करोड ९९ लाख ९२ हजार दूग्ध उत्पादनमा अनुदान उपलब्ध गराएको छ । सोका अतिरिक्त चितवनका ४ स्थानीय तहबाट रू.५ करोड ८ लाख ४३ हजार अनुदान वितरण गरेको छ । अनुदान मन्त्रालय बाहेक पालिकाबाट समेत वितरण हुने गरेको देखिएको हुँदा दोहोरो पर्ने स्थिति रहेको छ । त्यसैले अनुदान रकम प्रदान गर्दा संघ र स्थानीय तहसँग समन्वय गरी अनुदानलाई प्राविधिक सेवा र बजारीकरणसँग आवद्ध गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

कृषि विकास निर्देशनालय

निर्वाहमुखि कृषि प्रणालीलाई यान्त्रीकरण, व्यवसायीकरण र बजारीकरणको माध्यमबाट व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी बागमती प्रदेशका कृषकको जीवनस्तरमा सुधार ल्याउन तथा

कृषि क्षेत्रको दिगो विकास गर्ने उद्देश्यले निर्देशनालयको स्थापना भएको छ । यो वर्ष निर्देशनालयमा रू.४५ करोड १४ लाख ३७ हजार बजेट व्यवस्था भई रू.२५ करोड १२ लाख २२ हजार खर्च भएको छ ।

१३. **संस्था तोकी अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम १६ मा बजेट तथा कार्यक्रम तयारी र नियम २० मा अख्तियारी दिनुपर्ने व्यवस्था गरेको छ। प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ ले प्रतिस्पर्धा सीमित हुने गरी खरिद कारबाही गर्न नहुने व्यवस्था गरेको छ । निर्देशनालयले चितवनका ७ तथा मकवानपुरका ४ गरी ११ संस्थालाई संस्था तोकेर डिपवोरिङ्ग कार्यक्रम अन्तर्गत एक ड्रिलिङ्ग उद्योगसँग सम्झौता गरी रू.२ करोड ८३ लाख ८१ हजार भुक्तानी गरेको छ। खरिद नियमावली तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि अनुसार प्रतिस्पर्धा सीमित हुने तथा निश्चित संस्था किटान गरी मन्त्रालयले बजेट तथा कार्यक्रम तयार गरेको उपयुक्त देखिएन ।

१४. **कृषि फर्म बीमा -** एकीकृत मोडेल कृषि फर्म कार्यविधि, २०७६ को बुँदा नं. ११ मा अनुदानग्राहीले अन्तिम किस्ता भुक्तानी अगावै कृषि व्यवसायको बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । निर्देशनालयले ६ संस्थालाई रु.१ करोड २४ लाख २४ बीमा कार्यक्रम वापत भुक्तानी दिएकोमा ती कृषि फर्मले बीमा गरेको पाइएन । बीमा बेगर भुक्तानी दिएको नियमसम्मत देखिएन।

१५. **अनुदानमा विविधता -** अनुदान वितरण प्रकृया व्यवस्थित गर्न बागमती प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा २ मा अनुदान व्यवस्थापन विधि तर्जुमा गरेको छ। निर्देशनालयले यस वर्ष सञ्चालित एकीकृत मोडल फार्म विकास तथा विस्तार अन्तर्गत कृषि पर्यटन प्रवर्द्धन अन्तर्गत ७ वटा कार्यक्रम, फेब्रिकेटेड कोल्ड च्याम्वर निर्माण अन्तर्गत १० वटा कार्यक्रम तथा सिचांई अन्तर्गत २१ कार्यक्रम सञ्चालनको लागि कार्यक्रम पिच्छे छुट्टाछुट्टै ७ कार्यविधि तर्जुमा गरेको छ ।

एकीकृत अनुदान कार्यक्रममा ५०/५० प्रतिशत, कृषि पर्यटन प्रवर्द्धनमा ५०/५० प्रतिशत, जीविकोपार्जन कार्यक्रममा ८५:१५ प्रतिशत, डिप वोरिङ्ग ९०:१० प्रतिशत र शुन्य शक्ति कार्यक्रम अन्तर्गत ९५:५ प्रतिशत अनुदान दर तोकेको छ । एउटै निकायबाट प्रदान गरिने अनुदानको लागि फरक फरक दर निर्धारण गरेको उपयुक्त देखिएन । कार्यविधि निर्माणमा एकरूपता कायम गर्न सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू

१६. **लाभग्राही छनौट -** अनुदान सम्बन्धी कार्यविधिमा सुचना आह्वान गरी मापदण्ड अनुसारको अधिकतम अंक प्राप्त गर्नेसँग मात्र सम्झौता गर्नुपर्ने प्रावधान रहेको छ । यस वर्ष पशु विज्ञ केन्द्र, दोलखाले लाभग्राही छनौटको आधार स्पष्ट नगरी स्थान किटान गरी ५ अनुदानका कार्यक्रमतर्फ रू.७८ लाख ४० हजार अनुदान दिएको छ । लाभग्राही छनौटको आधार स्पष्ट गरी अनुदान उपयोगको अनुगमन गर्नुपर्दछ ।

१७. **ट्राउट अनुदान -** माछा व्लक कार्यक्रम अन्तर्गत दोलखामा सञ्चालित १ माछा फर्मले पेस गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार कुल काम रू.८१ लाख ५ हजार मध्ये रेसवे निर्माणमा रू.६१ लाख

६६ हजार खर्च भएको छ भने बाँकी रकम ह्याचरी निर्माणमा खर्च गरेको छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखाले स्थलगत निरीक्षणमा गएकोमा गत विगतमा छुट्टै अनुदानबाट निर्माण भई सकेको ह्याचरीको लागि पुनः रकम भुक्तानी गर्न नमिल्ने भनी प्रतिवेदनमा उल्लेख गरेको छ। अनुगमन प्रतिवेदन अनुसार रेसवेको कामको मात्र भुक्तानी दिन सकिने भएकोले सोको ५० प्रतिशतले हुने रकम रू.३० लाख ८३ हजार मात्र भुक्तानी दिनुपर्नेमा रू.३५ लाख ४८ हजार भुक्तानी दिई कामको मूल्याङ्कन भन्दा रू.४ लाख ६४ हजार बढी भुक्तानी भएको छ। गत विगतको भुक्तानी भइसकेको काम यस वर्षको नापीमा समावेश गरी प्राविधिक मूल्याङ्कन भएको देखिएको हुँदा त्रुटीपूर्ण मूल्याङ्कन गर्नेलाई आवश्यक कारवाही गरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

१८. **कार्यविधिको पालना** - चौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ६ मा अनुदानग्राही छनौट गर्दा कम्तिमा ५ जना सदस्य हुनुपर्ने र कम्तीमा ५० चौरी पालना गरेको हुनुपर्ने उल्लेख छ। कार्यविधिमा उल्लेखित मापदण्ड पालना गरेर मात्र अनुदानग्राही छनौट गर्नुपर्नेमा कार्यविधि पालना नगरी पशुपंक्षी तथा मत्स्य निर्देशनालय, मकवानपुरले एक कृषक छनौट गरी रू.२७ लाख ९० रकम भुक्तानी दिएको छ । कार्यालयले मापदण्डको पालना गरी रकम भुक्तानी गर्नुपर्दछ ।

१९. **सोझै खरिद** - प्रदेश एकीकृत अनुदान कार्यविधि, २०७६ अनुसार प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । भेटनरी तथा पशु विज्ञ केन्द्र, चितवनले १ सहकारी तथा ८ पशु फर्म छनौट गरी किसानबाट सोझै रू.१ करोड ६६ लाख ७६ हजार लागतको होलिष्टीन २१४ वटा गाई तथा पशु विज्ञ केन्द्र हेटौंडाले ३ सहकारीमार्फत् रू.६३ लाखको ४२ वटा मुर्रा भैंसी सिधै खरिद गरी अनुदान भुक्तानी गरेको पाईयो। सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था विपरीत किसानबाट सोझै खरिद गरेको नियमसम्मत देखिएन । कार्यालयले प्रचलित कानुनको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

२०. **कालिज प्रवर्द्धन कार्यक्रम** - भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्र, सिन्धुलीले कालिज प्रवर्द्धन कार्यक्रममा रू.२५ लाख बजेट व्यवस्था भएकोमा पटक पटक गरी ३ पटक प्रस्ताव आव्हान गरिएको पाईयो । पहिलो पटकको कार्यक्रम अनुसार रामेछाप जिल्ला भित्रका कालिज पालक किसानहरू मध्ये एक फर्म छनौट गरी अनुदान दिन स्वीकृति भएको देखिन्छ । सो अनुसार आव्हान गरिएको प्रस्तावमा कुनै पनि फर्मले कम्पनीले न्यूनतम मापदण्ड पुरा गर्न नसकेको कारण जनाई कार्यक्रम संशोधन नगरी तेश्रो पटक ३ वटा फर्महरूलाई सोझै छनौट गरी रू.२२ लाख ३० हजार अनुदान रकम भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत मापदण्ड पुरा नगरेका फर्मलाई अनुदान भुक्तानी गर्न मिल्ने देखिँदैन । कार्यालयले कानुनको पालना गरी अनुदान भुक्तानी गर्नुपर्दछ ।

२१. **बाखा प्रवर्द्धन कार्यक्रम** - बाखा प्रबर्द्धन कार्यक्रमवाट तीनपाटन गाँउपालिका सिन्धुलीलाई कार्यक्रम सञ्चालनका लागि रू.१५ लाख बजेट व्यवस्था गरेको छ । भेटेरीनरी तथा पशु विज्ञ केन्द्र, सिन्धुलीले २०७८।७।२६ मा प्रथम पटक सूचना प्रकाशन गरी प्रस्ताब आव्हान गर्दा न्यूनतम मापदण्ड कुनैपनि फर्मले पुरा गर्न सकेको देखिएन । कार्यालयले कार्यक्रम संशोधन नगराई ५ बाखा पालक किसानहरूलाई रू.१५ लाख अनुदान भुक्तानी दिएको पाइयो । यसरी स्वीकृत कार्यक्रम

विपरित अनुदान दिन मिल्ने देखिएन । कार्यालयले मापदण्ड पुरा गरी अनुदान दिने व्यवस्था मिलाउनुपर्दछ ।

कृषि ज्ञान केन्द्रहरू

२२. **संस्था तोकेर अख्तियारी -** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ ले प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयबाट कार्यक्रम तथा संस्था तोकेर रु.१४ करोड ९२ लाख ५४ हजार अख्तियारी प्राप्त भए अनुसार कृषि ज्ञान केन्द्र, चितवनले २५८ कृषि संस्थालाई सोझै सम्झौता गरी रू.१० करोड ९२ लाख ५४ हजार अनुदान भुक्तानी गरेको छ। मन्त्रालयले छनौट प्रक्रिया पुरा नगरी सिधै संस्था तोकेर अख्तियारी दिएकोमा लाभग्राही छनौटको आधार स्पष्ट छैन । प्रचलित कानुनबमोजिम लाभग्राही छनौट गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्नुपर्दछ ।

२३. **लाभग्राही समुदायबाट खरिद -** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न विभिन्न कृषक समूह, फर्म एवं संस्थाहरूसँग साझेदारीमा सञ्चालन गरिने कार्यक्रम अनुसार सम्झौता गरी कृषि ज्ञान केन्द्रहरूले ५० प्रतिशत अनुदान उपलब्ध गराएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार निर्माण कार्य मात्र उपभोक्ता समिति मार्फत् गराउन मिल्ने व्यवस्था भएकोमा विभिन्न ६ लाभग्राही समुदायबाट सामान खरिदको कार्यसमेत उपभोक्ता समितिबाट गराई कृषि ज्ञान केन्द्र, चितवनले रू.६२ लाख ८७ हजार र धादिङले ९ लाभग्राहीलाई रू.७० लाख ७ हजार समेत रू.१ करोड ३२ लाख ९४ हजार अनुदान दिएको छ । प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गर्न मिल्ने देखिएन ।

२४. **दोहोरो अनुदान -** बागमती प्रदेशको अनुदान सम्बन्धी कार्यविधि, २०७६ बमोजिम अनुदान दिँदा दोहोरो नपर्ने गरी दिनुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, नुवाकोटबाट प्राप्त विवरण अनुसार ४ सहकारी संस्थालाई विभिन्न शीर्षकमा रू.८५ लाख ८१ हजार अनुदान दोहोऱ्याएर दिएको पाइयो । एउटै अनुदानग्राहीलाई एकै आर्थिक वर्षमा पटक पटक धेरै कार्यक्रमबाट अनुदान दिनु उपयुक्त देखिएन । दोहोरो देखिएको उक्त अनुदान रकम असुल गर्नुपर्दछ ।

२५. **बाली बीमा -** सामुहिक खेती कार्यक्रमको कार्यविधि, २०७५ बमोजिम कार्यक्रम सञ्चालन गर्दा सम्झौताका बखत दोस्रो पक्ष आफैंले स्थानीय तहको समन्वयमा बाली बीमा गर्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, नुवाकोटले उक्त कार्यक्रम अन्तर्गत जिविकोपार्जन कार्यक्रम, आलुखेती कार्यक्रम लगायत ४ कार्यक्रमको लागि ३२ कृषकलाई बीमा नगराई रू.३८ लाख ४४ हजार अनुदान भुक्तानी भएको छ। कार्यविधि विपरीत बाली बीमा नगराइ भुक्तानी दिनु नियमसम्मत देखिएन । कार्यविधिले तोकेअनुसार बीमा गराएर मात्र अनुदान दिने व्यवस्था गर्नुपर्दछ ।

प्रदेश दूग्ध विकास बोर्ड

प्रदेश स्तरमा दूग्ध व्यवसाय सम्बन्धी नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन तथा दूग्ध क्षेत्रको विकास गरी निजी, सहकारी तथा सरकारी क्षेत्रको सहभागितामा दूग्ध उत्पादन प्रशोधन तथा बजारीकरण मार्फत दिगो आर्थिक समृद्धि हासिल गर्न २०७५ मा प्रदेश दूग्ध विकास बोर्ड स्थापना भई २०७६ मार्गदिखि

कार्य शुरु गरेको छ । यो वर्ष रू.३४ करोड ३४ लाख ७५ हजार विनियोजन भएकोमा रू.२९ करोड ७२ लाख ५८ हजार खर्च गरेको छ।

२६. **कार्यविधि निर्माण** - प्रदेश सरकार अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जारी गरेका कार्यविधिहरूमा प्रत्यायोजित विधायनको स्रोत खुलाएको छैन । स्रोत नखुलाएको कार्यविधिले कानुनी हैसियत प्राप्त गर्न नसक्ने व्यहोरा संघीय संसदको राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७६ मा उल्लेख छ । प्रत्यायोजित विधायनको क्षेत्र नखुलेको कार्यविधिको आधारमा साझेदारीमा दूग्ध पदार्थ यान्त्रिकरण कार्यक्रमबाट चिलिङ्ग भ्याट कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७, साझेदारी दूग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७, विउपूजी परिचालन, उन्नत गाई आयातमा ढुवानी अनुदान, साईलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यविधि, २०७९ लगायत ९ कार्यविधिहरू मार्फत ९० कृषकलाई रू.२ करोड ७८ लाख ८५ हजार अनुदान वितरण गरेको छ । अनुदानको उपयोग एवं कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गर्दा कानुनी स्रोत खुलाउनुपर्दछ ।

२७. **दूग्ध पाउडरको प्लाण्ट निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद गर्दाका बखत पूर्वामान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को प्रष्ट कारण खुलाई भेरीएसन आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था छ । बोर्डले दूग्ध पाउडरको प्लान्ट निर्माणको लागि रू.४१ करोड २२ लाखको लागतमा एक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गरेकोमा योजनाको कुनै आर्थिक तथा वित्तीय प्रगति नभएको अवस्थामा भेरिएसन आदेश स्वीकृत गरी रू.२ करोड ५ लाख ४८ हजार थप गरेको छ । साविकको दूग्ध विकास संस्थाले क्षेत्रमा कार्यक्षेत्र निर्धारण गरी ठेक्का आव्हान गरेकोमा स्थान परिवर्तन गराई कार्य गराएको छ । नयाँ क्षेत्रमा कार्य गर्दा थप माटो परीक्षण गरेको भनी रू.१९ लाख ८८ हजार भुक्तानी भएको छ। सम्झौता पछि कार्यक्षेत्र परिवर्तन गरी प्रदेश सरकारलाई थप व्ययभार पारेको उपयुक्त देखिएन ।

२८. **काउ म्याट** - साझेदारी दूग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम बढीमा २ वटा गाई/ भैंसी पालन गरेको कृषकलाई मात्र १५ प्रतिशत लागत साझेदारीमा रबर म्याट उपलब्ध गराउने व्यवस्था छ । बोर्डको स्वीकृत कार्यक्रम अन्तर्गत साना कृषक एक गाई एक रबर म्याट एक भैसी एक रबर म्याट खरिद तथा वितरण कार्यक्रम अन्तर्गत रू.१ करोड विनियोजन भएकोमा पाइयो । बोर्डको तर्फबाट ८५ प्रतिशत र १५ प्रतिशत लागत साझेदारीमा व्यहोर्ने गरी १ हजार १ हजार ४५० रवर म्याट खरिदको लागि बोलपत्र आव्हान गरेकोमा एक सप्लायर्सले कबोल गरेको रू.७७ लाख २८ हजारको वोलपत्र स्वीकृत गरी भुक्तानी गरेको छ । बागमती प्रदेशका १३ वटा जिल्ला मध्ये ८ जिल्लाका ३२ दूग्ध सहकारी संस्थालाई ३० देखि ९० थान सम्म रवर म्याट वितरण गरेको छ । कार्यविधिअनुसार प्रदेशका ८ जिल्लामा मात्र कार्यक्रम लागु भएको देखिएको छ। सञ्चालित कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा अनुगमन भएको देखिएन ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहत समेत १८ निकायमा रू.२७ करोड ८६ लाख ५९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ११ निकायले रू.२ करोड ५८ लाख ३१ हजार फर्स्यौट गरेकोले रू.२५ करोड २८ लाख २८ हजार बेरुजु देखिएको छ । सोमध्ये रू.७

करोड ९२ लाख ३९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

पाँच वर्षे कार्यसम्पादन

- **कार्य सम्पादन स्थिति** - मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म रू.१४ अर्ब ९० करोड ३४ लाख बजेट विनियोजन भएकोमा चालुतर्फ रू.६ अर्ब ७ करोड ४७ लाख र पुँजीगततर्फ रू.३ अर्ब ८९ लाख समेत रू.९ अर्ब ८ करोड ३६ लाख खर्च भएको छ । जुन विनियोजित बजेटको ६०.९४ प्रतिशत हुन आउँछ ।

  यस अवधिमा मन्त्रालय अन्तर्गत चितवनको भण्डारामा ३ कृषि तालिम केन्द्र भवनको निर्माण भएको, मकवानपुरमा दुग्ध पाउडर प्लान्ट निर्माण अन्तिम चरणमा पुगेको, ९ जिल्लाका १० स्थानमा शीतभण्डारहरु निर्माणाधीन अवस्थामा रहेका, कृषि तथा दुग्ध अनुदान व्यवस्थापनको कार्य हुँदै आएको लगाएत कृषि उत्पादन केन्द्र, कृषि मेशिनरी वितरण, कृषि आधुनिकीकरण र यान्त्रिकीकरणमा समेत सहयोग गर्दै आएको छ ।

  यद्यपि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय नहुँदा दुग्ध तथा अन्य अनुदानमा दोहोरोपना देखिएको, प्राविधिक जनशक्तिको उपलब्धता न्यून रहेको, तोकिएको समयमा शीत भण्डार र दुग्ध प्लान्ट निर्माण हुन नसकेको, वितरण भएको अनुदान र त्यसले उत्पादनमा पारेको असर बारे अध्ययन विश्लेषण नभएको जस्ता समस्याहरू देखिएका छन् ।

  त्यसैले संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी संगठनात्मक संरचना र अनुदान व्यवस्थापनमा देखिएको दोहोरोपना, अनुदानको उपयोग बारे अनुगमन र मूल्याङ्कन गर्दै एकीकृत अवधारणा अनरुप सेवा प्रवाह गर्न तथा कृषि, पशु प्राविधिक, उत्पादन र बजारीकरणसँग अनुदानको प्रत्यक्ष स्थापित हुने गरी कार्यसम्पादन गर्न ध्यान दिनुपर्दछ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश भित्रको सहकारी दर्ता नियमन तथा अनुगमन, मालपोत तथा नापी कार्यालयहरूको भौतिक पूर्वाधार विकास, संस्थागत सुदृढीकरण र श्रेष्ता व्यवस्थापन, भूमि प्रशासन, सहकारीको कानुन तर्जुमा तथा नियमनको साथै गरिबी निवारण सम्बन्धी कार्य गर्ने उद्देश्यले साविकमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट विभाजन भई २०७८।०९।०९ मा मन्त्रालयको स्थापना भई २०७८ फागुन २६ बाट सञ्चालनमा रहेको छ ।

यो वर्ष मन्त्रालय र मातहतका २ कार्यालयको विनियोजन रू.९ करोड ७१ लाख २७ हजार, राजस्वतर्फ रू.४ लाख २ हजार, धरौटी तर्फ रू.७ लाख ९९ हजार समेत रू.९ करोड ८३ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कृषि तथा पशुपन्छी मन्त्रालयका १६ जिम्मेवारी तोकिएका छन् । तोकिका जिम्मेवारी मध्ये भूमि व्यवस्थापन सम्वन्धी कार्य, सहकारी व्यवस्थापन सम्बन्धी कार्य र गरिबी निवारण सम्वन्धी कार्यहरू कार्यान्वयन भएको छैन । कार्यतालिका बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **बजेट तथा कार्यक्रम कार्यान्वयन -** मन्त्रालयले नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ । मन्त्रालयले बजेट वक्तव्यमा उल्लेखित निम्न कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएको छैनः-

२.१. नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा भूमिको बनौट र उपयुक्तताको आधारमा वर्गीकरण गरी सोही अनुसार भू-उपयोग गर्ने र समानता तथा औचित्यका आधारमा भूमिहिन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्ने कार्यक्रम बजेट वक्तव्यमा उल्लेख भएकोमा प्रदेश भू उपयोग परिषद् गठनको लागि समन्वय भइरहेको जानकारी प्राप्त भएको छ । अव्यवस्थित बसोवासीहरूको समस्या समाधान भएको देखिएको छैन ।

२.२. सहकारी क्षेत्रको पूँजी, प्रविधि, प्रतिभा र सीपलाई उत्पादन, प्रशोधन र वितरण प्रणालीसँग आबद्ध गराई अर्थतन्त्रको आधार स्तम्भको रुपमा विकास गरिने साथै सहकारी संस्थालाई स्थानीय तहसँगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराउने प्रबन्ध गर्ने बजेट वक्तव्यमा उल्लेख भएकोमा सहकारी संस्थालाई स्थानीय तहसँगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना गर्ने सम्बन्धमा प्रगति भएको देखिएन।

२.३. भूमिहिन, दलित एवं पिछडिएका वर्ग र समुदायलाई सहकारी संस्थामा आवद्ध गरी उद्यमशीलता कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गर्ने बजेट वक्तव्यममा उल्लेख भएकोमा चितवन र मकवानपुर जिल्लामा केही कार्यक्रम बाहेक अन्य जिल्लामा उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालन गरेको देखिएन।

३. **भूमि व्यवस्थापन तथा नियमन -** प्रदेश सरकार (कार्य विभाजन), नियमावली २०७८ मा उल्लेख भएबमोजिम यस मन्त्रालयको प्रमुख कार्यहरूमध्ये भूमि व्यवस्थापन तथा नियमन रहेका छन् । यस कार्यक्रम अन्तर्गत मन्त्रालयले मालपोत तथा नापी कार्यालयहरूको भौतिक पूर्वाधार विकास, स्रेस्ता व्यवस्थापन गर्ने प्रयोजन लगायतका लागि प्रथम चरणमा २३ वटा नापी र २३ वटा मालपोत कार्यालयका लागि रू.३ करोड ७ लाख तथा अर्को चरणमा रू.१ करोड ९५ लाख गरी कूल रू.५ करोड २ लाख अख्तियारी दिएकोमा कार्य प्रगति विवरण तयार गरेको छैन । यसका अतिरिक्त जग्गा

व्यवस्थापन, सुरक्षित आवास, जग्गा एकीकरण, गुठी जग्गा व्यवस्थापन लगायतका कार्यमा प्रगति देखिएन । कार्यान्वयन गरेका योजना तथा कार्यक्रमको वित्तीय र भौतिक प्रगति देखिने अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

४. **सहकारी व्यवस्थापन -** सहकारी ऐन, २०७६ बमोजिम प्रत्येक सहकारीले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र साधारण सभा गर्नुपर्ने र साधारण सभा गरेको १५ दिनभित्र लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ५ बमोजिम कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा रजिष्ट्रारले त्यस्तो संस्थालाई बढीमा ३ लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ। मन्त्रालयको कार्यक्षेत्र १३ जिल्लाभित्र कुल जम्मा ३ हजार ८७ वटा सहकारी संस्था दर्ता रहेका मध्ये बचत तथा ऋण सहकारी १ हजार ५७१, बहुउद्देश्यीय ९५१ तथा दूग्ध कृषि, उपभोक्ता तथा अन्य ५६५ रहेका छन्। यसवर्ष समयमा साधारण सभा र लेखापरीक्षण प्रतिवेदन पेस नगर्ने सहकारीहरूबाट रू.३ लाख ९९ हजार जरिवाना असुल गरेको छ । मन्त्रालयले उपलव्ध गराएको तथ्याङ्क अनुसार हेटौंडाको क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरू मध्ये २०७९ माघ मसान्तसम्म जम्मा ७२२ सहकारी संस्थाले लेखापरीक्षण प्रतिवेदन सहित साधारण सभाको निर्णय प्रतिलिपी प्रदेश रजिष्ट्रार कार्यालयमा बुझाएको अभिलेखबाट देखिन्छ। ऐनको दफा ५ बमोजिम यस्ता विवरण नबुझाउने सहकारी संस्था २ हजार ३६५ रहेकोमा ती संस्थाबाट प्रति सहकारी जरिवाना समेत रू.३ लाखसम्म जरिवाना असुल हुन सक्नेमा असुल गरेको छैन । सहकारी संस्थाको अनुगमन तथा नियमन गरी सेवा प्रवाह भरपर्दो तथा विश्वसनीय बनाउँनुपर्दछ ।

५. **गरिब समुदाय लक्षित कार्यक्रमहरू -** प्रदेश सरकार (कार्य विभाजन), नियमावली २०७८ मा उल्लेख भएबमोजिम यस मन्त्रालयको प्रमुख कार्यहरूमध्ये गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घर पहिचान, सामाजिक सुरक्षा र संरक्षण गर्नुपर्ने रहेको छ । मन्त्रालयले यस वर्ष जम्मा ३ दिने सीप विकास तथा व्यवसाय प्रवर्द्धन तालिम ५ वटा र २ महिने सिलाई कटाई तालिम १ वटा मात्र सञ्चालन गरेको छ । यस प्रदेशभित्रका गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको तथ्याङ्क अद्यावधिक गरेको छैन । बागमती प्रदेशभित्र गरिब घरपरिवार समेट्ने गरी सम्वद्ध निकायसँग समन्वय गरी सूचना सङ्कलन तथा तथ्याङ्क व्यवस्थापन मार्फत् कार्यक्रम प्रभावकारी बनाउँनुपर्दछ ।

६. **दरबन्दी तथा पदपूर्ति -** मन्त्रालयमा स्वीकृत दरबन्दी ३३ रहेकोमा १४ कार्यरत र १९ जनाको दरबन्दी रिक्त रहेको देखिन्छ । कर्मचारी रिक्त हुँदा मन्त्रालयको सेवा प्रभावकारी ढंगबाट सम्पादन हुन नसकेको अवस्था छ । रिक्त दरबन्दीमा स्थायी पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७. **स्थापना र विघटन -** साविक भूमि व्यवस्था तथा कृषि मन्त्रालयबाट छुट्टिई २०७८।११।२६ देखि यो मन्त्रालय स्थापना भई भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण सम्वन्धी कार्य गर्ने जिम्मेवारी तोकिएको थियो । यो वर्ष रू.३ करोड ४६ लाख ५१ हजार खर्च भएको छ । मिति २०७९।१०।११ गते पुनः मन्त्रालयको विघटन भई कृषितर्फको कार्य कृषि तथा पशुपंक्षी मन्त्रालयमा र सहकारी तर्फको कार्य पर्यटन उद्योग तथा सहकारी मन्त्रालयतर्फ रहने गरी संगठन संरचना परिवर्तन भएको छ । पटक पटक मन्त्रालयको कार्यक्षेत्र परिवर्तन गर्नाले खर्चको अनुगमन र प्रतिवेदन प्रणालीमा असर परेको छ ।

- **बेरुजु स्थिति** – मन्त्रालय र मातहत निकायमा लगती बेरुजु देखिएको छैन । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश स्तरको उर्जा, विद्युत, सडक, सिँचाई, खानेपानी, जल उत्पन्न प्रकोप र नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका १९ कार्यालयको विनियोजन रू.८ अर्ब ९० करोड ५५ लाख ८२ हजार, राजस्व रू.२ करोडल ७ लाख ७९ हजार, धरौटी रू.१ अर्ब २१ करोड ४२ लाख ८४ हजार र अन्य कारोबार रू.२ करोड १६ लाख ५८ हजार समेत रू.१० अर्ब १६ करोड २३ लाख ३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ मा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेको रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन प्रदेश स्तरका सरकारी कार्यालयको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति कानुन मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रमुख सचिव तथा सचिवहरूको आवास पूर्वाधार व्यवस्थापन, प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन, सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, प्रदेशभित्रको सडक सुरक्षा, अपाङ्गमैत्री र लैङ्गिक मैत्री भौतिक पूर्वाधार प्रणालीको निर्माण, प्रवर्द्धन र विकास, प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण साथै भौतिक संरचनाको निर्माण, स्तरोन्नती, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान लगायतका कार्यहरू पुरा भएको देखिएन । कार्यान्वयन तालिका बनाई तोकिएको कार्य गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतले कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सम्पादन गर्न तथा वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयलले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मन्त्रालयबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाएको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन दक्षता बढाउनुपर्दछ ।

३. **कार्यक्रम कार्यान्वयन -** बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ मा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफल समेतको विचार गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा उल्लेखित सह-लगानीमा पोष्ट बहादुर बोगटी (भिमफेदी-कुलेखानी) सुरुङ्ग मार्ग निर्माणमा रू.७५ करोड र चितवनको नारायणी खडेरी सिँचाई प्रणालीको इम्व्याकमेन्टमा मेट्रो रेल, ट्राम जस्ता यातायातको लागि अध्ययन कार्य प्रारम्भ गर्न साथै प्रदेश राजधानी हेटौंडा-भरतपुर-मेघौली जोड्ने मेट्रो रेल सञ्चालनको पूर्व सम्भाव्यता अध्ययनको लागि रू.४५ करोडको बजेट विनियोजन भएकोमा कार्यक्रम कार्यान्वयन हुन नसकेकोले बचत रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमा फिर्ता पठाएको छ । प्रदेश राजधानी पूर्वाधार विकास विशेष

आयोजना मार्फत बागमती प्रदेशको राजधानी हेटौंडालाई सुविधा सम्पन्न बनाउन सरकारी कार्यालय भवन, शिक्षा, स्वास्थ्य, सडक लगायतका विकासका पूर्वाधार गर्न रू.९७ करोड बजेट विनियोजन गरेकोमा प्रदेश राजधानी गुरुयोजना तयारी बाहेक अन्य कार्य भएको छैन । कार्यान्वयन हुन नसक्ने कार्यक्रम बजेटमा समावेश गर्ने अभ्यास नियन्त्रण गर्नुपर्दछ ।

४. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०६६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । भौतिक पूर्वाधार मन्त्रालयको शुरु विनियोजित बजेट रू.१ अर्ब ८६ करोड ६१ लाख ६२ हजार रहेकोमा रू.१ अर्ब ४६ करोड ७० लाख ९३ हजार थप र रू.३ अर्ब ६ करोड ४४ लाख ५७ हजार घटाई अन्तिम बजेट रू.२६ करोड ८७ लाख ९८ हजार कायम गरी रू.१३ करोड २० लाख ९६ हजार खर्च गरेको छ । विनियोजन रकम भन्दा २० प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिनेमा ८६ प्रतिशतले घटी रकमान्तर गरेको छ। प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

५. **प्रदेश गौरवका आयोजना -** बागमती प्रदेश सरकारले २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा प्रदेश विश्व विद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी (भिमफेदी-कुलेखानी) सुरुङ्गमार्ग गरी ४ योजनालाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेको थियो । उक्त योजना सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

५.१. **प्रदेश विश्व विद्यालय स्थापना -** प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनको लागि नीतिगत र कानूनी व्यवस्था गर्ने गरी घोषणा भएकोमा नीतिगत तथा कानूनी व्यवस्था तयार गर्ने काम भएको छैन । यो वर्षको बजेट वक्तव्यमा सो सम्बन्धी व्यवस्था गरेको समेत नपाइएकोले विश्व विद्यालय स्थापना कार्य अगाडि बढाएको देखिएन ।

५.२. **मदन भण्डारी स्वास्थ्य प्रतिष्ठान -** हेटौंडा अस्पताललाई मदन मण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नामाकरण गरी स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्ने गरी घोषणा गरेकोमा प्रतिष्ठान रुपान्तरण गर्न ऐन तथा नियमावली जारी गरी २०७७।७८ देखि नै हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य प्रतिष्ठान मातहतमा राखी भरपर्दो र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्ने उद्देश्यले नीतिगत व्यवस्था गरेपनि हालसम्म कार्यान्वयन भएको छैन ।

५.३. **पुष्पलाल प्रदेश चक्रपथ -** संघीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ (रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ्ग-चितवन-मकवानपुर-सिन्धुली-काभ्रेपलान्चोक) को गुरुयोजनाको मस्यौदा २०७६।७७ मा तयार गरी चक्रपथ खण्डको पहिचान भए तापनि त्यस पछिका २ वर्षमा कुनै कार्य भएको देखिएन ।

५.४. **पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्ग -** पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्ग भिमफेदी-कुलेखानी ३.४२५ कि. मि. निर्माण गर्न रू.१९ अर्ब ३२ करोड लागत अनुमान तयार गरी २०८१ अर्थात् ४ वर्षभित्र निर्माण कार्य गर्ने गरी २०७७।७८ मा रू.२ करोड विनियोजन गरेकोमा कुनै कार्य नभएको, २०७८।७९ मा समेत रू.७५ करोड विनियोजन भएकोमा उक्त रकम समेत फिर्ता भई भौतिक प्रगति भएको

देखिएन । सुरुङ्ग मार्ग निर्माणका लागि परामर्श सेवामा रू.२ करोड ७ लाख ५१ हजार खर्च गरेकोमा प्रदेश गौरवको आयोजनाको भौतिक प्रगति नभएको हुँदा उक्त निर्माण कार्यमा हालसम्म भएको खर्च अनुत्पादक देखिएको छ ।

६. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सृजना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । प्रदेश सरकारको विनियोजन विधेयक अनुसार मन्त्रालय र मातहत कार्यालयको लागि २०७८।७९ मा पुँजीगत बजेट रू.१४ अर्ब ६२ करोड ६६ लाख ५५ हजार र चालु बजेट ३७ करोड ८८ लाख गरी कुल रू.१५ अर्ब ५४ लाख ५५ हजार विनियोजन भएकोमा क्रमशः पुँजीगत तर्फ रू.८ अर्ब ५२ करोड ९० लाख ८१ हजार (५८.३१ प्रतिशत) र चालु तर्फ रू.२० करोड ८७ लाख ३ हजार (५५.०९ प्रतिशत) समेत जम्मा रू.८ अर्ब ७३ करोड ७७ लाख ८४ हजार खर्च भई औसतमा (५८.२३ प्रतिशत) खर्च भई रू.६ अर्ब २६ करोड ७६ लाख ७१ हजार बजेट बाँकी देखिएकोले कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेटको प्रस्ताव गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ ।

७. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्ने विभिन्न सात आधारमध्ये आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रम, लागत व्यहोरिने स्रोत निर्धारण, खर्च र स्रोतको प्रक्षेपण लगायतको आधारमा आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाका लागि रकम प्रस्ताव गर्ने व्यवस्था रहेकोमा आयोजना बैङ्कको स्थापना गरेको छैन। प्रदेश स्तरमा सञ्चालन हुने आयोजना एकीकृत तथा व्यवस्थित अभिलेख राखी प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजान आयोजना बैङ्क स्थापना गरी ऐनको व्यवस्था अनुसार त्यस्ता आयोजनाका लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८. **योजना छनौट तथा सञ्चालन** - आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ अनुसार स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रईङ्ग, डिजाईन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने र १० लाख रुपैयाँभन्दा कम लागत पर्ने आयोजनाको सम्बन्धमा उपयुक्त विधि अपनाई मन्त्रालयले स्वीकृत गरी बजेटमा समावेश गराई काम गराउन सक्ने व्यवस्था छ । मन्त्रालय र मातहत कार्यलयको २०७५ देखि २०७९ सम्म कुल ५ हजार ८७८ योजना छनौट गरी सञ्चालन गरेकोमा १४ आयोजना रू.५ लाख सम्मको, २ हजार १७२ वटा आयोजना रू.५ लाख देखि २० लाख सम्मको र ३ हजार ६९२ आयोजना रू.२० लाख माथिको रहेको छ । मन्त्रालयले रू.५० लाख भन्दा कमका ५ हजार ८७८ वटा योजना सञ्चालन गरेको देखिदा स-साना योजना स्थानीय निकायमा हस्तान्तरण गरी दीर्घकालिन प्रतिफल दिन सक्ने योजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **दिगो विकास -** बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ अनुसार प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने व्यवस्था छ । मन्त्रालयले दिगो विकासको नीति कार्यान्वयन गर्न निकायबीच समन्वय लगायतका कार्यका लागि निर्देशक समिति गठन गर्नुपर्नेमा सो समेत गरेको छैन । दिगो विकासका १७ लक्ष्य प्राप्तिका लागि बजेट व्यवस्था तथा खर्च प्रक्षेपण खर्च गर्नुपर्नेमा २०७८।७९ देखि २०८०।८१ सम्मका

लागि मध्यमकालीन खर्च प्रक्षेपण गरे तापनि दिगो विकास मूल्याङ्कनका आधारमा खर्च प्रक्षेपण गरेको छैन । दिगो विकासका लक्ष्य मापन गर्न प्रादेशिक तथ्याङ्क प्रणाली स्थापना नभएकोले अनुगमन र मूल्याङ्कन समेत हुन सक्ने अवस्था देखिँदैन । विकास सूचकांक तयार गरी सो अनुसार बजेट प्रक्षेपण र सो को उपलब्धि मूल्याङ्कन गर्नुपर्दछ ।

१०. **मध्यमकालीन खर्च संरचना -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम प्रदेश सरकारको २०७८।७९ देखि २०८०।८१ सम्मको मध्यकालिन खर्च संरचना तयार गरेको छ । उक्त प्रक्षेपण अनुसार भौतिक पूर्वाधार मन्त्रालय र मातहत कार्यालय समेतको प्रक्षेपित खर्च संरचना मध्ये २०७८।७९ को खर्च प्रक्षेपण रू.२२ अर्ब २७ करोड ९२ लाख ४७ हजार भएकोमा रू.८ अर्ब ७३ करोड ७७ लाख ८४ हजार अर्थात् (३९.२१ प्रतिशत) मात्र खर्च भएको छ । प्रदेश सरकारले तयार गरेको त्रिवर्षिय खर्च प्रक्षेपण यथार्थपरक रहेको देखिएन ।

११. **परामर्शसेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिष्पर्धालाई सीमित पार्ने गरी खरिद कार्यलाई टुक्रा टुक्रा पार्नु नहुने उल्लेख रहेको छ । मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यतता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको ११५ योजनाको परामर्श सेवाका लागि लागत अनुमानकै हाराहारीमा यो वर्ष रू.५ करोड ८६ लाख २९ हजार खर्च गरेको छ । प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्दा अधिकांश परामर्शदाताहरूसँग लागत अनुमानको १ प्रतिशत वा सो भन्दा कम घटी रकममा सम्झौता भएको छ। परामर्श सेवा खरिदमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:-

११.१. मन्त्रालयबाट २०७५।७६ मा १५७, २०७६।७७ मा १०९, २०७७।७८ मा १४९ र यस वर्ष ११५ गरी ५३० योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी रू.४५ करोड ८६ लाख २९ हजार खर्च गरेको छ । तयार गरेको विस्तृत आयोजना प्रतिवेदनको पूर्ण कार्यान्वयन पश्चात् मात्र नयाँ परामर्श सेवा लिनुपर्नेमा गत वर्षसम्म २१५ योजना कार्यान्वयन गराएकोमा यस वर्ष थप ७३ योजना कार्यान्वयनमा गएको अर्थात् २०७७।७८ सम्म परामर्श सेवा लिएका कुल ४१५ मध्ये १२७ आयोजना कार्यान्वयनमा नजाँदै यो वर्ष थप ११५ आयोजनाको परामर्श लिएको कार्य उचित देखिएन। तयार भएका प्रतिवेदनको कार्यान्वयन पश्चातमात्र नयाँ आयोजनाको लागि विस्तृत प्ररियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

११.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार सार्वजनिक निकायले २० लाख रुपैँयाभन्दा माथिको परामर्शसेवा खरिद गर्दा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रशासन गरी आशयपत्र माग गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले भौतिक पूर्वाधार सम्बन्धी गुणस्तर कायम गर्नको लागि परामर्शदाता खरिद गर्नको लागि रू.१ करोड ४० लाख ६० हजार बजेट विनियोजन गरी प्रदेश मातहतको पूर्वाधार कार्यालयमा कामकाज गर्ने गरी इन्जिनियर र प्राविधिक अधिकृत परामर्श विज्ञको रुपमा छनौट गरी प्रति व्यक्ति मासिक रू.६५ हजार देखि १ लाख ५० हजार रुपैँयासम्म पारिश्रमिक र थप सेवा सुविधा पाउने गरी १५ व्यक्तिसँग सम्झौता गरी कुल रू.९३ लाख २७ हजार भुक्तानी

दिएको छ । खरिद नियमावली अनुसार व्यक्तिसँग सम्झौता गरी खर्चमा वृद्धि गर्नुभन्दा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट परामर्शसेवा खरिद गर्नुपर्दछ।

यातायात पूर्वाधार विकास निर्देशनालय

बागमती प्रदेशमा सडक, पुल, झोलुङ्ग पुल लगायतका यातायात पूर्वाधारको विकास तथा मर्मत सम्भारको लागि यातायात पूर्वाधार विकास निर्देशनालयको २०७५।८।१२ मा स्थापना भएको हो । प्रदेशभित्र रहेका ११९ स्थानीय तहको केन्द्रसम्म कम्तिमा इन्टरमेडियट लेनको कालोपत्रे सडक पुऱ्याउने, अन्तर जिल्ला सदरमुकाम जोड्ने सडक र प्रदेश चक्रपथलाई प्रादेशिक राजमार्गको रुपमा विकास गर्ने, प्रदेशको महत्वपूर्ण आर्थिक तथा पर्यटकीय केन्द्रको यातायात पूर्वाधार विकास गर्ने, सडक दुर्घटना न्यूनीकरण गर्दै दिगो रुपमा सडक तथा पुलको विकास गर्नु यातायात पूर्वाधार निर्देशनालयको प्रमुख उद्देश्य रहेको छ ।

२९. **चुरियामाई सुरुङ्ग -** सार्वजनिक खरिद नियमावली, २०६४ मा बोलपत्रको माध्यमद्वारा खरिद गर्ने व्यवस्था छ । निर्देशनालयले भेरीएसन सहित लागत अनुमान रू.४ करोड ८५ लाख ७३ हजारमा चुरियामाई मन्दिर क्षेत्रमा महेन्द्र राजमार्गको समानान्तर हुनेगरी विगतमा निर्माण भईसकेको सुरुङ्ग पुनः मर्मत तथा व्यवस्थापनका लागि रू.३ करोड ३९ लाख २ हजारमा निर्माण सम्पन्न गर्ने गरी एक कम्पनी लिमिटेडसँग ठेक्का सम्झौता गरेको पाइयो । उक्त कार्यका लागि रू.१ करोड ६५ लाख २५ हजार खर्च भएको विवरण पेस भएको छ । उक्त सुरुङ्ग मार्ग निर्माण पश्चात् पनि पर्यटकीय बाहेक यातायात प्रयोजनमा प्रयोग हुने देखिएन । यातायात प्रयोजनमा उपयोगमा नआउने खर्चको प्रभावकारिता सुनिश्चित हुनेगरी निर्माण हुने मार्ग सुरक्षित रुपमा प्रयोगमा आउने र धार्मिक तथा पर्यटकीय प्रयोग मार्फत उपलब्धि यकिन हुनेगरी सञ्चालन तथा व्यवस्थापनको उचित प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

३०. **विभिन्न निकायबाट काम गरेको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बजेट सीमा र मार्गदर्शनको अधिनमा रही नीति तथा कार्यक्रम सहित प्रस्ताव तयार गरी योजना स्वीकृति र कार्यान्वयन गर्ने व्यवस्था छ । हेटौंडा काठमाडौं जोड्ने कुल ५० किलोमिटरको भिमफेदी दक्षिणकाली सडक निर्माण कार्यको ६ प्याकेजमा ४ अलग अलग निकाय संलग्न रहेको पाइयो । यातायात पूर्वाधार निर्देशनालयले भैंसे भिमफेदी सडक निर्माणमा ९६ प्रतिशत प्रगति हुनेगरी रू.१० करोड ८ लाख ९१ हजार र भिमफेदी कुलेखानी खण्डमा ९८ प्रतिशत प्रगति हुनेगरी रू.१० करोड ९८ लाख १० हजार खर्च गरेको छ । त्यस्तै कुलेखानी सिस्नेरी (ज्यामिरे) खण्डमा पूर्वाधार विकास कार्यालय, चितवनले ९८ प्रतिशत प्रगति हुने गरी रू.५ करोड २ लाख ८५ हजार खर्च गरेको छ । उक्त दुई कार्यालयका अतिरिक्त राजधानी पूर्वाधार विशेष आयोजनाले सिस्नेरी (ज्यामिरे) दक्षिणकाली खण्डको एक प्याकेजमा २४ प्रतिशत मात्र प्रगति हुनेगरी रू.३ करोड ८१ लाख ४१ हजार र अर्को प्याकेजमा ३० प्रतिशत मात्र प्रगति हुनेगरी रू.५ करोड ५४ लाख ६३ हजार खर्च गरेको पाइयो । यसै सडकको दक्षिणकाली बल्खु खण्डमा संघीय सरकार मातहतको सडक विभागले समेत निर्माण गरिरहेको जनाएको छ। यसबाट सडकको स्वामित्व, जवाफदेहिता र अनुगमन, मूल्याङ्कनमा एकरूपता हुने देखिएन । एउटै सडक फरक फरक निकायले विभिन्न खण्डमा निर्माण कार्य गर्दा सडकको एकल स्वामित्व कायम नभई निर्माण कार्यको प्रगति मूल्याङ्कन र मर्मत संभार तथा

रेखदेखमा समेत समस्या हुने देखिन आएको छ । यसैगरी प्रदेश राजधानीको लागि भवन तथा आवास निर्माण गर्ने प्रमुख उद्देश्य सहित स्थापना भएको प्रदेश राजधानी पूर्वाधार विशेष आयोजनाले समेत मुल उद्देश्य भन्दा फरक सडक निर्माण क्षेत्रमा कार्य गरेको छ । निर्माण कार्य प्रगति, गुणस्तर तथा स्वामित्वमा समेत एकरूपता कायम हुनेगरी कार्यक्षेत्र स्पष्ट गरी निर्माण कार्य व्यवस्थापन गर्नुपर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

३१. **ठेक्का सम्झौता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा तोकिएबमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद विधि निर्धारण गर्ने र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, रामेछापले यो वर्ष ४४ प्याकेजमा सडक तथा पुल निर्माण कार्यको लागि ठेक्का आव्हान गरेकोमा प्रथम र दोस्रो चौमासिकमा कुनैपनि सम्झौता नभई सैब प्याकेजको तेस्रो चौमासिकमा रू.४३ करोड २२ लाख ७५ हजार भुक्तानी दिने गरी सम्झौता भएको छ । जसमध्ये आषाढ महिनामा २ ठेक्का रू.२० करोड ८४ लाख ६८ हजार भुक्तानी दिने गरी सम्झौता भएको छ । सम्झौता मध्ये १८ योजनाको काम सम्पन्न भई रू.३५ करोड ५० लाख ६२ हजार भुक्तानी भएपनि २६ योजना सम्पन्न भएको छैन । नियमानुसार प्रथम चौमासिकमा नै ठेक्का सम्झौता हुने व्यवस्था गरी निर्माण कार्य सम्पन्न गर्ने कार्यमा वृद्धि गर्नुपर्दछ ।

३२. **वर्षान्तमा कार्य -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को निमय १६(७) बमोजिम कार्यालयले बार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, ललितपुरले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत आर्थिक वर्षको अन्त्यमा २०७८।३।१९ मा निकासा प्राप्त गरी उपभोक्ता समिति मार्फत रू.१४ करोड १३ लाख खर्च भएको छ । प्रदेश सरकारबाट स्वीकृत गरी पठाएको १५८ वटा कार्यक्रम मध्ये ६१ वटा कार्यक्रम कार्यान्वयनमा आएको छैन । लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३३. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ११९ मा मूल्य समायोजन दिँदा मूल्य समायोजन सम्बन्धी विभिन्न व्यवस्थाहरू खरिद सम्झौतामा उल्लेख गरी सम्झौता गरेको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, नुवाकोटले जनरल आइटम भनी ३ पुल तथा ७ सडकको योजनाको ठेक्कामा भुक्तानी हुँदा राखेको आइटमहरू जस्तै बीमा, ल्याव टेष्ट, साइड अफिस तथा एकोमोडेसन जस्ता कार्यमा समेत मूल्य समायोजन दिएको छ । नियमावलीमा श्रम सामग्री र उपकरण बाहेक अन्यमा मूल्य समायोजन दिन नमिल्ने उल्लेख भएकोमा मूल्य समायोजन वापत दिएको रू.१४ लाख ५४ हजार असुल गरी दाखिला गर्नुपर्दछ ।

३४. **निर्माण व्यवसायी मार्फत कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय,

काभ्रपलाञ्चोकले केही उपभोक्ता समितिले लिएको काम आफैं नगरी निर्माण व्यवसायी मार्फत् काम गराएको देखिएको छ । कार्यालयले प्राविधिक दृष्टिकोणले जटिल बाटो पिच गर्ने, ढलान गर्ने, ट्रयाक खोल्ने लगायतका आदि कार्यको ४ निर्माण व्यवसायीबाट काम गराई रू.५० लाख ६१ हजार भुक्तानी गरेको छ । यसरी हुने निर्माण कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३५. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताबमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भरमग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरू उपलब्ध गराए नगराएको जस्ता कुराहरूको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पूर्वाधार विकास कार्यालय, काभ्रपलाञ्चोकले म्याद थप गर्नु अगाडि यी कुराहरूको बारेमा विश्लेषण नगरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ। तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गरेको ३० निर्माण व्यवसायीले अझै काम सम्पन्न गरेका छैनन् । कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

३६. **बिजक भन्दा बढी बीमा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोकले तीन निर्माण व्यवसायीलाई वि.ओ.क्यू. आइटम भित्र रहेको बीमा वापतको रकम भुक्तानी दिँदा सम्झौता अनुसार बिल अनुसारको बीमा खर्च भुक्तानी दिनुपर्नेमा बिल विजक बेगर भुक्तानी दिएको रू.१५ लाख ६३ हजार असुल गरी प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

३७. **स्थलगत निरीक्षण** - पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोकबाट पनौती नगरपालिका वडा नं. १ मा ढडिनबाट काफलडाँडातर्फ जाने मिल्ने बनाउन लिलावती खोलामा १५ मिटर लामो र ८.४ चौडाइको पक्की पुल निर्माण गर्न एक जे.भी. सँग रू.१ करोड ५२ लाख ९० हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिने गरी २०७७।७८ मा सम्झौता भएकोमा रू.४१ लाख ८२ हजार भुक्तानी भइसकेको छ । उक्त पुल निर्माणको स्थलगत निरीक्षण गर्दा स्लाब ढलान गर्ने काम भइरहेको देखियो । पुल निर्माण स्थलको काफलडाँडातर्फ खोला पारी अग्लो डाँडा रहेको, खोला किनारमा कुनै सडक नभएको हुँदा पुल निर्माण पश्चात् यातायात सञ्चालन हुन सक्ने अवस्था देखिएन । बाटोको सुविधा बेगर पुलमात्र निर्माण हुँदा पुलको सदुपयोग हुने अवस्था नरहेकोले यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।



प्रादेशिक सडक डिभिजन

३८. **उपभोक्ता समिति मार्फतको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धी व्यवस्था छ । उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रियाबमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने साथै निर्माणकार्य सम्पन्न भएपछि सार्वजनिक निकायले रेखदेख तथा मर्मत संभारको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति र लाभग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङले उपलव्ध गराएको विवरण अनुसार आर्थिक वर्षभरी स्थानीय सहरी तथा मर्मततर्फका ४१ योजनाको रू.६ करोड, स्थानीय सडक पुलका २ योजनाको रू.१६ लाख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् शीर्षकमा १६१ योजनाको रू.१२ करोड सहित २०४ योजनाको रू.२६ करोडको उपभोक्ता समितिबाट काम गराई खर्च गरेको छ । आर्थिक वर्षको अन्तिम महिनामा निकासा भई आषाढ महिनाको अन्तिम हप्ता निर्माण सम्पन्न देखाएको, डोर हाजिरमा रकम बुझिलिनेको दस्तखत नभएको, सिमेन्ट प्रयोग हुने कार्यमा फरक पर्ने गरी बिल संलग्न गरेको, आषाढ महिनामामात्र धेरै सङ्ख्यामा योजना कार्यान्वयन गर्दा अनुगमन क्षमता सीमित भई कार्य गुणस्तरमा समेत असर पर्ने देखिन आएको छ।

११.३. निलकण्ठ नगरपालिका वडा नं. ७ स्थित बगैचा कटहरी सुकँ ससाह ३ किलोमिटर कालोपत्रे कार्यका लागि रू.२२ लाख ५९ हजारको लागत अनुमान स्वीकृत गरी रू.२० लाखमा कार्य सम्पन्न गर्ने गरी २०७९।२।२४ मा उपभोक्ता समितिसँग सम्झौता भएको पाइयो । लेखापरीक्षणमा उक्त कार्यको फाइल तथा प्रमाण कागजात पेस भएको छैन । उक्त कार्य गर्ने क्रममा उपभोक्ता समिति र स्थानीयको आपसी विवादको कारणले काम हुन नसकेको उल्लेख छ । उक्त कार्यको विवाद समाधान गरी कानुन बमोजिम काम सम्पन्न गरी प्रमाण कागजात पेस हुनुपर्दछ ।

शहरी विकास तथा भवन कार्यालयहरू

३९. **चौमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेपनि शहरी विकास तथा भवन कार्यालय, हेटौंडाले चौमासिक विवरण पेस गरेको छ । कार्यालयले तयार गरेको विवरण अनुसार यस वर्ष कुल रू.३७ करोड ६५ लाख ९४ हजार खर्च भएकोमा पहिलो चौमासिकमा रू.५ करोड १५ लाख ७१ हजार (१४ प्रतिशत), दोस्रो चौमासिकमा रू.७ करोड २५ लाख ६५ हजार (१९ प्रतिशत) र तेस्रो चौमासिकमा रू.२५ करोड १५ लाख ५८ हजार (६७ प्रतिशत) खर्च गरेकोमा आषाढ महिनामा मात्र रू.७ करोड ६१ लाख ८९ हजार (२० प्रतिशत) खर्च गरेको देखियो । स्वीकृत ढाँचामा प्रगति विवरण तयार गरी कार्यक्रम सञ्चालन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

४०. **कबोलभन्दा बढी रकममा सम्झौता -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले खरिद सम्झौताको लागि सारभुत रुपमा प्रभावग्राही खरिदकर्ताले कबोल गरेको रेट भन्दा माथि नहुने गरी सम्झौता गर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, हेटौंडाले सम्झौता गरेका २ योजनाको लागि निर्माण व्यवसायीले रू.३० करोड ७१ लाख ९३ हजार कवोल गरेकोमा रू.८६ लाख ४० हजार बढी हुने गरी रू.३१ करोड ५८ लाख ३४ हजारको सम्झौता गरेको छ। कबोल रकमभन्दा बढी हुने गरी सम्झौता गर्न मिल्ने देखिँदैन ।

प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना

बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश संसद, मन्त्रालय तथा कार्यालयका लागि आवश्यक भौतिक संरचना निर्माण गरी सेवा प्रवाह व्यवस्थित गर्न यस आयोजना कार्यालयको स्थापना भएको हो । आयोजनाले सडक तथा भवन निर्माण लगायत पूर्वाधार विकासका विविध क्षेत्रमा कार्य गर्दै आएको छ ।

४१. **सिस्ने छैमले सडक -** सार्वजनिक खरिद ऐन, २०६३ मा बोलपत्रको माध्यमबाट खरिद गर्दा स्वीकृत प्रस्तावकसँग खरिद सम्झौता गरी निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था छ । लागत अनुमान रू.६६ करोड ४९ लाख २६ हजारको कुलेखानी सिस्ने छैमले दक्षिणकाली सडक निर्माण गर्न लागत अनुमान भन्दा ३० प्रतिशत घटी कबोल गर्ने एक जे. भि. सँग रू.३१ करोड ९३ लाख १२ हजारको बोलपत्र स्वीकृत भई खरिद सम्झौता गरेको छ । सम्झौताको विशेष शर्त नं. ५७.१ मा सम्झौता पछि ५ प्रतिशत र साइट मोविलाइजेशन पछि ५ प्रतिशत गरी १० प्रतिशतसम्म मोविलाईजेशन पेस्की उपलव्ध गराउने व्यवस्था रहेकोमा साईट मोविलाईजेशन नभई एकै पटक १० प्रतिशतले हुने रकम मोविलाइजेशन पेस्की उपलव्ध गराएको छ । सम्झौताको प्रावधान पालन नहुने गरी साइट मोविलाईजेशन नगरी एकैपटक पेस्की भुक्तानी गरेको उपयुक्त देखिएन ।

४२. **नगरस्तरीय टुक्रे कार्यक्रम -** प्रदेश राजधानी पूर्वाधार विशेष आयोजना २०७८।५।१ मा स्थापना भएको पाइयो । प्रदेश राजधानीमा प्रदेश सभा, प्रदेश मुख्यमन्त्री तथा प्रदेश मन्त्रिहरूको आवास, मन्त्रालय र कार्यालयहरूको भवन लगायतका संरचना निर्माण गर्ने उदेश्यले स्थापना भएपनि २०७८।७९ मा उद्देश्य भन्दा फरक प्रकृतिको सडक निर्माणका ८ कार्यक्रम गराई रू.१४ करोड ७ लाख ८ हजार भुक्तानी गरेको छ । प्रदेश राजधानी पूर्वाधार योजनाले उद्देश्य अनुसार ठुला तथा विशेष महत्वका आयोजना सञ्चालन गर्नुपर्नेमा निम्नानुसार टुक्रे कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्ने गरेको देखिएको छः

- गर्दुई सडक हेटौंडा नगरपालिका ५ हजार २८४ मिटर लम्वाई र १० मिटर चौडाईको काम एक विल्डर्शबाट गराई भेरिएशन सहित रू.६६ लाख ४७ हजार भुक्तानी गरेको छ ।
- हेटौंडा ६/१४ कल्भर्टदेखि मयुरधाप सडकको ७२५ मिटर लम्वाई ८ मिटर चौडाइको काम एक कम्पनीबाट गराई रू.७० लाख ८ हजार भुक्तानी गरेको छ ।
- प्रतिभानगर र नगर सडक हेटौंडा नगरपालिका ४ को ६९० मिटर लम्बाई र ७ मिटर चौडाइको सडक कालोपत्रे गर्न रू.८३ लाख ६९ हजारमा एक निर्माण सेवालाई भुक्तानी गरे तापनि कालोपत्रे गर्ने काम बाँकी रहेको छ ।
- चक्रपथ पनेश खण्ड हेटौंडा नगरपालिका १५ सडकको ५०० मिटर लम्वाई र ६ मिटर चौडाईको बाटो ढलान गर्न रू.४८ लाख ४८ हजारमा एक व्यवसायीसँग ठेक्का सम्झौता भएको पाइयो ।

नगरपालिका क्षेत्रभित्र पर्ने साना टुक्रे कार्यहरूसमेत यस आयोजनाबाट कार्यान्वय गर्दा कार्यक्षेत्रगत अस्पष्टता रहने, काममा दोहोरोपना आउने तथा विशेष आयोजनाको कार्य नतिजामुलक हुन नसक्ने अवस्था देखिएको छ ।

४३. **निर्माणस्थल पहिचान नभएको -** स्थापनाको उद्देश्य अनुसार २०७८।७९ मा प्रदेश सरकारको प्रशासनिक तथा आवास (मन्त्री र कर्मचारी) भवन निर्माणमा रू.४५ लाख २५ हजार, मुख्यमन्त्री कार्यालय तथा मन्त्रालयहरू निर्माणमा रू.५ करोड, हेटौंडा अस्पताल भवन निर्माण-फेज २ मा रू.१ करोड ३४ लाख ७५ हजार, हेटौंडा अस्पताल भवन निर्माण फेज १ मा रू.५ करोड २३ लाख बजेट विनियोजन भएपनि निर्माण स्थलनै पहिचान गर्न नसकेकोले योजना कार्यान्वयनमा जान सकेको छैन । आयोजना स्थापनाको उद्देश्य अनुसार कार्य गरी प्रभावकारिता हासिल गर्नुपर्ने देखिन्छ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय तथा मातहतका समेत १७ निकायमा रू.४१ करोड ४७ लाख २३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रू.५ करोड ३० लाख ४१ हजार फर्स्यौंट गरेकोले रू.३६ करोड १६ लाख ८२ हजार बेरुजु देखिएको छ । सोमध्ये रू.१७ करोड ५० लाख ४३ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

पाँच वर्षे कार्यसम्पादन

- **योजना कार्यान्वयन -** भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत २०७५।७६ देखि २०७८।७९ सम्म कूल रु.६७ अर्ब ७५ करोड ५० लाख विनियोजन भएकोमा चालुतर्फ रु.२ अर्ब १८ करोड १४ लाख र पुँजीगततर्फ रु.४२ अर्ब ७८ करोड ५६ लाख समेत रु.४४ अर्ब ९६ करोड ७० लाख ७९ हजार (६६।३३ प्रतिशत) खर्च भएको छ । यस अवधिमा मन्त्रायलयबाट २३० कि. मी. लोकमार्ग, ३८० कि.मी. प्रादेशिक मार्ग र ६९ वटा पक्की पुल निर्माण कार्यसम्पन्न भएको तथा ४० पक्की पुल निर्माणाधीन अवस्थामा रहेको लगायतका कार्य भएका छन् ।

स्थानीय तहबाट संचालन हुने प्रकृतिका स-साना योजना कार्यान्वयनमा समेत मन्त्रालय संलग्न हुँदा ठुला पूर्वाधारजन्य योजनामा पर्याप्त समय र बजेट व्यवस्था हुन नसकेको, योजना संचालनमा दोहोरोपना देखिएको, बहुवर्षीय ठेक्का तथा सञ्चालित योजनाहरू समयमै सम्पन्न हुन नसकेको, सम्पन्न योजनाको गुणस्तर र दिगोपनामा थप ध्यान दिनुपर्ने लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ ।

खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार साविकको भौतिक पूर्वधार विकास मन्त्रालय अन्तर्गतको खानेपानी, उर्जा तथा सिँचाई लगायतका कार्य गर्ने यस मन्त्रालयको रूपमा स्थापना गरिएको छ । यस मन्त्रालयबाट बागमती प्रदेश अन्तर्गतका १३ वटै जिल्लाहरूमा खानेपानी, उर्जा, सिँचाई तथा नदी व्यवस्थापन सम्बन्धी अध्ययन, योजना तर्जुमा, स्वीकृति तथा मातहतका कार्यालयहरूबाट योजना निर्माण, सञ्चालन र मर्मत सम्भार लगायतका कार्यहरू सञ्चालन हुँदै आएका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका २१ निकायको विनियोजन रू.५ अर्ब ३३ करोड ८३ लाख ६४ हजार, राजस्व रू.१ करोड ३१ लाख ८३ हजार र धरौटी रू.६७ करोड ५ लाख ५६ हजार समेत रू.६ अर्ब २ करोड २१ लाख ३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी प्रभावकारी र कार्य दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न तथा वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन प्रचलित कानुनबमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयलले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । मन्त्रालय र मातहतका कार्यालयबाट प्रदान गर्ने सेवा प्रभावकारी, नियमित, मितव्ययी बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२. **कार्यसञ्चालन स्थिति** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम खानेपानी उर्जा तथा सिँचाई मन्त्रालय अन्तर्गत तोकिएका कार्यहरू यस मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयले आफ्नो जिम्मेवारीमा रहेका कार्यहरू कार्यरुप दिन नीति तथा कार्यक्रम र कार्य योजनामा समावेश गर्नुपर्नेमा प्रदेश स्तरको उर्जा, विद्युत, सिँचाई, खानेपानी, जलउत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन, मौसम र जलमापन संचार सञ्जाल व्यवस्थापन तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन, उर्जा विद्युत सिँचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रबर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन सम्भार र व्यवस्थापन, प्रदेशभित्रको जलस्रोतको उपयोग तथा नदी संरक्षण सम्बन्धी, मौसम र जलमापन, सञ्चार सञ्जाल व्यवस्थापन, जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन लगायतका कार्यहरू पुरा गरेको देखिएन । जिम्मेवारी भित्रको कार्यलाई नीति र कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **नीति तथा कार्यक्रम** - बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । तर २०७८।७९ को बजेट

वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रममा भूमिगत जल व्यवस्थापन तथा पुर्नभरण कार्यक्रम अगाडि बढाउने, प्रदेशको पानी, प्रदेशकै नागरिकको लगानी हुने गरी निजी, सहकारी तथा सार्वजनिक क्षेत्रको समन्वयमा जलस्रोत सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने गरी उल्लेख भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् । त्यसैगरी प्रदेश सरकारको प्रथम आवधिक योजनामा "एक घर एक धारा" कार्यक्रम ५ वर्षभित्र सम्पन्न गर्न २०७५।७६ देखि कार्यान्वयन प्रकृया शुरु गरिने उल्लेख गरेकोमा उक्त कार्यक्रम अन्तर्गत २०७८।७९ सम्म १०६ वटा खानेपानी आयोजनाहरू सम्पन्न भै ११ हजार ७५८ वटा निजी धारा जडान भएको छ । त्यस्तै "खानेपानी गुणस्तर सुधार आयोजना" मार्फत कार्यान्वयनको चरणमा रहेका १०७ नयाँ र २०६ क्रमागत गरी कुल ३१३ वटा खानेपानी आयोजनाको निर्माण कार्य आगामी आ.व. मा सम्पन्न गर्ने उल्लेख भएकोमा २५ वटा योजनामात्र ठेक्कापट्टा भई निर्माण कार्य अन्तिम चरणमा रहेको छ । नीति तथा कार्यक्रममा उल्लेखित कार्यक्रमहरू कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

४. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । प्रदेश सरकारको विनियोजन विधेयकहरू २०७८ अनुसार मातहत कार्यालय २१ र मन्त्रालयलाई संशोधित बजेट रू.७ अर्ब ८४ करोड १० लाख २८ हजार कायम भएकोमा रू.५ अर्ब ८२ करोड ५३ लाख ५१ हजार खर्च भई रू.२ अर्ब १ करोड ५६ लाख ७७ हजार बाँकी छ । मन्त्रालयले यसवर्ष कुल विनियोजनको ७४.२९ प्रतिशत मात्र खर्च गर्न सकेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेटको प्रस्ताव तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ ।

५. **दिगो विकासका लक्ष्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ अनुसार प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई तोकेको छ । कार्यालयले दिगो विकासको नीति कार्यान्वयन गर्न निकायबीच समन्वय लगायतका कार्यका लागि निर्देशक समिति गठन गर्नुपर्नेमा सो समेत गरेको छैन । दिगो विकासका लागि १७ लक्ष्य प्राप्तिका लागि बजेट व्यवस्था तथा खर्चको प्रक्षेपण गर्नुपर्नेमा मध्यमकालीन खर्च संरचना २०७८।७९ देखि २०८०।८१ सम्मका लागि खर्च प्रक्षेपण गरे तापनि दिगो विकास मूल्याङ्कनका आधारमा खर्च प्रक्षेपण गरेको छैन । दिगो विकासका लक्ष्य मापन गर्न प्रादेशिक तथ्याङ्क प्रणाली स्थापना नभएकोले अनुगमन र मूल्याङ्कन समेत हुनसक्ने अवस्था देखिदैन । विकास सूचकांक तयार गरी सो अनुसार बजेट प्रक्षेपण र सो को उपलब्धि मूल्याङ्कन गर्नुपर्दछ ।

६. **खानेपानी आयोजना सञ्चालन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा सार्वजनिक निकायले प्रगति विवरण तयार गरी भौतिक तथा वित्तीय पक्षको समीक्षा गर्ने एंव सुधारको लागि चाल्नुपर्ने कदमबारे उल्लेख गरी पुँजीगत खर्चमा वृद्धि गर्नुपर्नेमा मन्त्रालयले साविक भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत सञ्चालित खानेपानी आयोजना अन्तर्गत २०७५।७६ देखि ०७८।७९ सम्म प्रत्येक घरधुरीमा आधारभूत पँहुच पुऱ्याउने कार्यक्रम अन्तर्गत प्रदेश तथा संघीय सशर्त अनुदानबाट ८६९ वटा खानेपानीको निर्माण कार्य सञ्चालन भएकोमध्ये ७९ वटा आयोजना सम्पन्न भई

बागमती प्रदेश अन्तर्गतका ५ वटा खानेपानी तथा सरसफाई डिभिजन मार्फत ११ हजार ७५८ वटा निजी धारा मार्फत ८८ हजार २७३ जना लाभान्वित भएको विवरण पेस भएको छ । मन्त्रालयले संघबाट हस्तान्तरित योजनाको केन्द्रीय अभिलेख समेत नराखेकोले अभिलेख अद्यावधिक गरी समयमा खानेपानी योजना सम्पन्न गरी स्वच्छ खानेपानीको पहुँचमा सुनिश्चितता गर्नुपर्दछ ।

बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ को दफा ४ बमोजिम कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत गर्न आयोजना प्रस्ताव गर्ने सम्बन्धित मन्त्रालयले प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि ३ वर्ष भएमा कम्तीमा २५ प्रतिशत, ४ वर्षसम्म भएमा लागत अनुमानको २० प्रतिशत र ५ वर्षसम्म र सो भन्दा बढी भएमा लागत अनुमानको १५ प्रतिशत बजेट चालु आर्थिक वर्षमा विनियोजन भएको हुनुपर्ने व्यवस्था छ । तर २०७६।७७ देखि सञ्चालित कतिपय योजना समयमा नै सम्पन्न नभै अधुँरो रहेको देखिँदा प्रर्याप्त बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ । त्यस्तै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २०(२) मा प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा बहुवर्षीय आयोजना तोकी बजेट विनियोजन गर्ने सक्ने व्यवस्था छ। प्रदेश सरकारले कतिपय योजनाको अवधि एक वर्षभन्दा कम रहेको अवस्थामा समेत बहुवर्षीय योजना समावेश गरेको उचित देखिएन । बहुवर्षीय योजनाहरूको मापदण्ड तयार गरी योजनाहरू कार्यान्वयन गर्नुपर्दछ ।

७. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । साथै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । मन्त्रालय मिति २०७८।८।१५ मा स्थापना हुँदा विनियोजित बजेट रू.११ करोड २३ लाख १६ हजारको अख्तियारी प्राप्त भएकोमा रू.४ करोड ८४ लाख ६ हजार घटाई अन्तिम बजेट रू.६ करोड ३९ लाख १० हजार कायम भएकोमा रू.४ करोड ७५ हजार खर्च गरेको छ । विनियोजन रकमको २० प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिनेमा ५८ प्रतिशतले घटी रकमान्तर गरेको हुँदा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा तोकिएको सीमाभन्दा बढी रकमान्तर गर्न मिल्ने देखिएन । समयमा नै स्रोत व्यवस्थापन गरी कार्य गर्नुपर्दछ ।

८. **आयोजना बैङ्क** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्ने विभिन्न सात आधार मध्ये आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रम, लागत व्यहोरिने स्रोत निर्धारण, खर्च र स्रोतको प्रक्षेपण लगायतको आधारमा आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाका लागि रकम प्रस्ताव गर्ने समेत व्यवस्था रहको छ । तर प्राथमिकताको आधारमा आयोजना छनौट गरी आयोजना बैङ्कको स्थापना गरेको छैन । प्रदेश स्तरमा सञ्चालन हुने आयोजनाहरूलाई एकीकृत तथा व्यवस्थित बनाउन आवश्यक पर्ने आयोजना बैङ्क स्थापना गरी ऐनको व्यवस्था अनुसार त्यस्ता आयोजनाहरूका लागि बजेट प्रस्ताव गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

९. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्शदाता नियुक्ति गरी परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । मन्त्रालयले २०७८।७९ मा खानेपानी तथा सरसफाईतर्फ ५ वटा, खानेपानी गुणस्तर

आयोजनातर्फ १० वटा, ढल व्यवस्थापन तर्फ ४ वटा र सिँचाईतर्फ ८ गरी २७ वटा परामर्शसेवा खरिद गर्न विभिन्न परामर्शदाता मार्फत सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार गर्ने लगायतको कार्यको लागि रू.२ करोड ३७ लाखको परामर्श सेवा खरिद गरेको छ । सामान प्रकृतिको कार्यको मिल्दो प्याकेज बनाई बोलपत्र मार्फत खरिद गर्ने व्यवस्था नमिलाएको र विभागीय जनशक्तिबाट गर्न सकिने कार्य हो होइन यकिन नगरी परामर्शदाताबाट कार्य गराएको उपयुक्त देखिएन । मन्त्रालय तथा कार्यालयको जनशक्तिबाट नभ्याउने कार्य मात्र परामर्श सेवाबाट गराउनुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजनहरू

१०. **जनश्रमदान वापत अंश कट्टा नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि सम्झौतामा उल्लेख गर्नुपर्दछ । खानेपानी नीति, २०७१ को बुँदा ९.१३ बमोजिम आधारभूत सेवास्तरको खानेपानी तथा सरसफाई आयोजना निर्माण खर्चको १० देखि २० प्रतिशतसम्म नगद रुपमा उपभोक्ता समूहबाट योगदान गरिने व्यवस्था छ । सो बमोजिम कार्यालयले सम्पूर्ण खानेपानी योजनाहरूमा २० प्रतिशतले जनसहभागिता रहने गरी लागत अनुमान स्वीकृत गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न अनुसार छन्:-

१०.१. आयोजना कार्यान्वयन गर्दा खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुरले यस वर्ष १५ वटा खानेपानी आयोजनाको रू.६ करोड ८९ लाख ९४ हजार भुक्तानी गर्दा न्यूनतम १० प्रतिशतका दरले हुने जनश्रमदान वापतको रकम रू.६८ लाख ९७ हजार कट्टी गरी बाँकी रकम भुक्तानी दिनुपर्नेमा जनश्रमदान वापतको अंश कट्टा गरेको छैन ।

१०.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले यस वर्ष ६ वटा आयोजनाको रू.१ करोड २५ लाख भुक्तानी गर्दा जनश्रमदान वापतको रू.१२ लाख ५० हजार कट्टी गरी बाँकी रकम भुक्तानी दिनुपर्नेमा सो नगरी भुक्तानी दिएको छ ।

११. **भुक्तानी दिन बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नुपर्ने र सोही ऐनको दफा (१९) मा कार्ययोजना तयार गरी बजेट कार्यान्यवन गर्नु गराउनुपर्ने उल्लेख छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र प्रयास कारण भएमा आगामी वर्षमा भुक्तानी दिने गरी प्रमाणित गराई सम्बन्धित कार्यालयले भुक्तानी दिनसक्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, हेटौंडाले विभिन्न उपशीर्षकको सम्झौता भई कार्यान्वयनमा आएको तर आर्थिक वर्षको अन्त्यमा सिग्यास (CGAS) समस्या आई भुक्तानी दिन बाँकी रहेको भनी ३५ वटा कार्यक्रमको रू.४ करोड ७१ लाख ७४ हजार भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी राखेको छ । एकातिर उक्त शीर्षकमा विनियोजित रकमको ५६.६० प्रतिशत मात्र खर्च भई बाँकी रकम फिर्ता भएको छ, भने अर्कोतर्फ चालु वर्षको नियमित कार्यक्रममा असर पर्ने गरी भुक्तानी दिन बाँकीमा राखेकोले समयमै खर्च गर्न सक्ने क्षमता समेतको आधारमा बजेट कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२. **पाइप तथा फिटिङ्गको सामग्री मौज्दात -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । खानेपानी तथा सरसफाई

डिभिजन कार्यालयहरूले पाइप तथा फिटिङ्स औजार खरिद गर्दा विगतको मौज्दात ख्याल गरी खरिद गर्नुपर्नेमा बढी परिमाणमा मौज्दात रहने गरी खरिद गरेका केही व्यहोराहरू निम्न छन् :

१२.१. नेपाल सरकार (सचिव स्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्र अनुसार पाइप तथा फिटिङ्ग/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने व्यहोरा उल्लेख छ । खानेपानी आयोजनाहरूको कुल लागतमा पाइप तथा फिटिङ्गको अंश उल्लेख्य रहने गरेको सन्दर्भमा उक्त सामग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुको साथै स्वीकृत वार्षिक कार्यक्रमको परिधि भित्र रही पुरानो मौज्दात समेतलाई ख्याल गरी खरिद गरिनु पर्दछ । खानेपानी आयोजनाका लागि पुरानो मौज्दात यकिन नगरी पुनः मौज्दातमा रहने गरी पाइप खरिद गरेको देखियो। गत वर्ष मौज्दात रहेका र यस वर्ष खरिद भएका विभिन्न साईजका पाइपमध्ये खानेपानी तथा सरसफाई डिभिजन कार्यलय, धादिङ, रामेछाप, सिन्धुपाल्चोक र भक्तपुरमा रु.५ करोड १४ लाख ३५ हजारको पाइप र खानेपानी तथा सरसफाई डिभिजन कार्यलय, धादिङ र हेटौडामा रु.६७ लाख ७६ हजारको फिटिङ मौज्दातमा रहेकोले आवश्यकताको आधारमा मात्र सामग्री खरिद गर्ने र मौज्दात रहेका सामग्रीहरू सम्बन्धित आयोजनामा प्रयोग गरेको सुनिश्चित हुनुपर्दछ ।

१२.२. खरिद गरिएको निर्माण सामग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च प्रमाणित हुनसक्ने देखिदैन । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङ र सिन्धुपाल्चोकले उपलब्ध गराएको विवरण अनुसार रू.२ करोड ८९ लाख ४६ मूल्यका पाइप जडान हुन सकेको छैन । पाइप प्रयोग पश्चात मात्र नापी किताबमा चढाई जिन्सी खाताबाट खर्च घटाउनुपर्नेमा नापी किताबमा नजनाई खर्च घटाएको छ। जिन्सी खाताबाट खर्च देखाएतापनि नापी किताबमा प्रविष्टि नगरेकाले पाइप खर्च पुष्टि हुने स्थिति छैन । पाइप उपयोगको अवस्थाको पुष्टि हुनुपर्दछ ।

१२.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले उपलव्ध गराएको विवरण अनुसार खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङ र रामेछापले रू.५१ लाख ५८ हजार मूल्यका पाइपहरू अन्य आयोजनालाई सापटी दिएको छ । अन्य आयोजनाको लागि खरिद भएको पाइप सापटी ल्याई प्रयोग गर्दा ती आयोजनाको कार्य प्रगति प्रभावित हुनसक्ने देखिएको छ। पाइप प्राप्ति, प्रयोग र मौज्दात सम्बन्धमा स्पष्ट प्रमाण पेस गरी सापटी जनाइएका पाइपको व्यवस्थापन एवं प्रयोग भएको सुनिश्चित हुनुपर्दछ ।

१३. **बढी दरमा भुक्तानी -** उपभोक्तालाई सम्झौता अनुसार रकम भूक्तानी दिँदा दर विश्लेषण अनुसार दिनुपर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङ्गले रसुवा र नुवाकोट जिल्लाका २० खानेपानी उपभोक्ता समितिलाई पाइप पुर्ने कार्यको लागि बढी दर राखी रू.३ लाख ९८ हजार र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले एच.डि.पि. पाइप खरिद गर्दा एक सप्लायर्सलाई सम्झौता भन्दा रू.३ लाख ७५ हजार समेत रू.७ लाख ७५ हजार बढी भुक्तानी दिएको देखिएकोले सम्बन्धितबाट असुल गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१४. **सीमाभन्दा बढीको भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सार्वजनिक निकायले उपभोक्ता समितिबाट रू.१ करोड रुपैँयाँसम्म लागत अनुमान भएको निर्माण कार्य गराउन सकिने व्यवस्था रहेको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले नवुघाट तल्लो वेतिनि लिफ्ट खानेपानी योजनाको लागि फरक फरक ३ वटा कार्यको लागि छुट्टाछुट्टै सम्झौता गरी कार्य सम्पन्न गरेको आधारमा रू.१ करोड २५ लाख ७ हजार भुक्तानी भएको छ ।

साथै खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुपाल्चोकले ३ वटा निर्माण कार्यको लागि उपभोक्ता समितिबाट निर्माण गराई प्रत्येक योजनामा रू.१ करोड भन्दा माथि हुने गरी रू.३ करोड ४६ लाख भुक्तानी भएको छ । प्रचलित नियमावलीको पालना गरी उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ ।

१५. **उपभोक्ता समितिबाट सामग्री खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई श्रममुलक कार्य गराउनुपर्ने व्यवस्था रहेको छ खानेपानी तथा सरसफाई डिभिजन, हेटौंडाले ९ वटा योजनाको लागि उपभोक्ता समितिबाट निर्माण कार्यमा सामग्री बापत रू.१ करोड ४ लाख १६ हजार मूल्य बराबरको सामान खरिद गरी भुक्तानी भएको छ ।

१६. **अधुरो योजना -** स्वीकृत कार्यक्रमबमोजिम योजनाहरू समयमा नै सम्पन्न गर्नुपर्दछ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङ्गले स्वीकृत कार्यक्रमबमोजिम २०७०।७१ भन्दा अगाडिदेखि शुरुवात भएका १७ योजनाहरू १० वर्ष भन्दा बढी अवधिमा पनि कार्य सम्पन्न भएको छैन । यी आयोजनाहरूमा हालसम्म रू.२३ करोड ४४ लाख ७४ हजार खर्च भैसकेको भए पनि अझै सम्पन्न हुन सकेको छैन। तोकिएको समयमा योजनाहरू सञ्चालन नहुँदा सेवाग्राहीहरूले समयमा प्रतिफल प्राप्त गर्न नसकेको र लागत तथा श्रम उपलब्धि विहिन भएको अवस्था छ । समयमै योजना सम्पन्न गरी उपलब्धि हासिल गर्न प्रभावकारी ढंगले योजना छनौट तथा बजेट विनियोजन गर्न तालुक निकायको समेत ध्यान जानुपर्दछ ।

जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरू

१७. **मूल्य अभिवृद्धि कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नं. र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, रामेछापले विर्ता सिँचाई आयोजना निर्माण कार्यको लागि ठेक्का आव्हान गरी सारभूत रुपमा प्रभावकारी एक निर्माण व्यवसायीसँग सम्झौता गरी २ वटा रनिङ विलबाट मूल्य अभिवृद्धि कर वापत रू.८ लाख ८ हजार भुक्तानी भएकोमा मूल्य अभिवृद्धि करमा दर्ता भएको नदेखिएकोले मूल्य अभिवृद्धि कर भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१८. **सम्झौता अनुसार कार्य -** उपभोक्ता समितिबीच तोकिएको कार्य गर्ने सम्झौता भईसकेपछि सम्झौता अनुसार कार्य गराउनुपर्दछ । जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, ललितपुर र एक सिँचाई जल उपभोक्ता समितिबीच रू.५३ लाख ४२ हजारको लागतमा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको थियो । बीचमा जि.आई. पाइप, कन्ट्रोल प्यानल समरसिएवल पम्प लगायतको मूल्य वृद्धि भएको कारण उपभोक्ताले काम गर्न नसकेको कारण जनाई सजिलो र मूल्य बचत हुने कार्य मात्र गराई रू.२३ लाख ५१ हजारको कार्यसम्पन्न भएको आधारमा रू.२१ लाख १६ हजार भुक्तानी दिएको छ। लिफ्ट सिँचाई जस्तो प्राविधिक दृष्टिले कठिन काम उपभोक्ता मार्फत गराउन खोज्दा कार्यसम्पन्न हुन नसकि सर्वसाधारणले पाउने सुविधाबाट बञ्चित हुनु परेको र कार्यसम्पन्न नभई काम अधुरो रहने जोखिम कायमै छ । सम्झौता अनुसार मूल्य वृद्धिको कारण देखाई कार्य नगर्ने उपभोक्ता समितिलाई कार्यालयले कारवाही नगरी सम्पन्न गरेको कामको भुक्तानी दिनु उपयुक्त देखिएन ।

१९. **नहर सञ्चालन र सिंञ्चित क्षेत्रफल** - चितवन जिल्लामा नारायणी लिफ्ट र खगेरी सिँचाई गरी २ सिँचाई प्रणाली सञ्चालन गर्न वि.सं. २०४० सालमा स्थापना भएको यस कार्यालयले चितवन जिल्लाको पश्चिम

क्षेत्रमा धान खेती गर्ने बेला प्रत्येक वर्ष सामान्यतः असार १० देखि ३ महिना सम्म नहर सञ्चालन गर्ने गरेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार नारायणी लिफ्टको ए क्यानल पाँच सय मिटर, बी क्यानल १९ किलोमिटर र सी क्यानल १६.५ किलोमिटर रहेको छ । नारायणी लिफ्टको सिँचाई क्षमता ४७०० हेक्टर भएकोमा बढ्दो शहरीकरण र जग्गा खण्डीकरणका कारण सिञ्चित क्षेत्र ३५०० हेक्टरमा सीमित रहेको छ । सञ्चालन अवस्था पुनरावलोकन गरी उपयोग क्षमता सुदृढ गर्नुपर्दछ ।

१९.१. कार्यालयले यस वर्ष नारायणी लिफ्ट सिँचाई प्रणालीको पुनर्स्थापना र आधुनिकीकरण कार्यको लागि मूल्य अभिवृद्धि कर सहित रू.४८ करोड ४४ लाख ६० हजारको लागत अनुमान तयार गरी अन्तर्राष्ट्रियस्तरको बोलपत्र प्रकाशन गरेकोमा प्राविधिक प्रस्ताव सफल भई सबैभन्दा न्यून कबोल गर्ने बोलपत्रदाता एक प्रा.लि. सँग १५ जुन २०२३ (म्याद थप समेत) सम्म कार्य सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि कर सहित रू.२६ करोड ३२ लाख ४३ हजारमा ठेक्का सम्झौता गरेकोमा उपकरण जडानको कार्य भईरहेको छ । कार्यालयसँग भएको सम्झौताबमोजिम प्राप्त गरेका उपकरणहरूको गुणस्तरबारे आश्वस्त हुन स्वतन्त्र तेस्रो पक्षबाट गुणस्तर जाँच र परीक्षण गर्न एक प्रा.लि. लाई छनौट गरेको र निजको सेवा शुल्क वापतको खर्च सम्बन्धित आपूर्तक मार्फत नै भुक्तानी हुने उल्लेख छ । गुणस्तर परीक्षण गर्ने तेस्रो पक्षको शुल्क आपूर्तक फर्म मार्फत् भुक्तानी हुने व्यवस्थाले निज तेस्रो पक्ष कार्यालय प्रति उत्तरदायी नहुने तथा निष्पक्ष भूमिकामा संकुचन आउन सक्नेतर्फ ध्यान दिनुपर्दछ ।

१९.२. आयकर ऐन, २०५८ को दफा ८९(३)(क) अनुसार कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैर बासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा पाँच प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोलकत्ता स्थित एक प्रा.लि. लाई रू.५ करोड ५० लाख ८९ हजार नेपाल राष्ट्र बैङ्क मार्फत् भुक्तानी गर्दा १.५ प्रतिशतले हुने अग्रिम आयकर रू.८ लाख २६ हजार कट्टी गरी राजस्व दाखिला गरेको छ । उक्त भुक्तानीमा आयकर ऐनको दफा ८९(३)(क) आकर्षित हुने देखिएकाले ३.५ प्रतिशतले नपुग हुने कर रू.१९ लाख २८ हजार असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन

बागमती प्रदेशका विभिन्न पहाडी जिल्लामा भूमिगत जलस्रोतको अन्वेषण, अध्ययन, अनुसन्धान, अनुगमन गर्नुका साथै डिप तथा पावरड्रिल स्यालो ट्युवबेल सिँचाई योजनाहरूको कार्यान्वयन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै समग्र देश बिकासमा योगदान पुऱ्याउने उदेश्यले यस कार्यालयको स्थापना भएको हो । यसको कार्यक्षेत्र बागमती प्रदेश भित्रका ११ जिल्ला रहेका छन् ।

२०. **निर्देशिका विपरीत खरिद -** प्रदेश सरकारले डीप ट्युववेल सम्बन्धी कार्यविधि तयार गरेको छैन । संघले तयार गरेको डीप ट्युववेल सिंचाइ योजना कार्यान्वयन निर्देशिका, २०७२ (पहिलो संशोधन) अनुसार डीप ट्युववेल निर्माण कार्यको लागि पम्प खरिद तथा जडान, विद्युतीकरण र पानी वितरण प्रणाली निर्माण सम्बन्धी कार्यहरू कामको प्रकृति हेरी प्याकेज वनाई प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार ठेक्कापट्टाद्वारा गर्नुपर्ने उल्लेख छ । तर भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, चितवनले उक्त कार्य ठेक्कापट्टाको माध्यमद्वारा नगरी उपभोक्ता समितिमार्फत् गराई निर्माण सामग्रीमा रू.१४ लाख ९६ हजार, वितरण प्रणालीमा ७ लाख ९५ हजार, विद्युतीकरणमा रू.२२ लाख ५४ हजार र पम्प खरिदमा रू.११ लाख ९१ हजार खर्च गरेको छ । निर्देशिका

विपरीत हुने गरी उपभोक्ता समितिमार्फत् कार्य गराउनु नियमसम्मत देखिएन । यसमा सुधार गर्नुपर्दछ।

२१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रू.१० लाखसम्म सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन, चितवनले विभिन्न उपभोक्ता समितिको लागि समरसिवल पम्प खरिद, डिप ट्युवेल पम्प घर निर्माण लगायतका कार्य १० निर्माण व्यवसायीबाट रू.५९ लाख २८ हजार सोझै खरिद गरेको छ । प्रचलित ऐन तथा नियमावली विपरीत सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहत १९ निकायमा रू.२१ करोड ४० लाख ६५ हजार बेरुजु देखिएको प्रतिक्रयाबाट ६ निकायको रु.३९ लाख ११ हजार फस्यौट गरेकोले रु.२१ करोड १ लाख ५४ हजार बेरुजु बाँकी छ । सो मध्ये पेस्की बेरुजु रु.२ करोड १२ लाख ८० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्वन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

पाँच वर्षे कार्यसम्पादन

- **कार्य सम्पादन स्थिति** - मन्त्रालय साविकमा भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत रही कार्यसम्पादन गर्दै आएकोमा मिति २०७८।८।१५ पश्चात् खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयमा रुपान्तरण भई कार्य गर्दै आएको छ । मन्त्रालय अन्तर्गत ९५ प्रतिशत जनतामा खानेपानी पुगेको, सबै जिल्लामा सिँचाई मास्टर प्लान र १६ वटा नदीहरूको नदी नियन्त्रण मास्टर प्लान तयार भई सो अनुरुप कार्य सुरु भएको, १०४१ वटा सिंचाई योजनाहरू सम्पन्न भई १ लाख ३१ हजार ३८४ हेक्टरमा सिँचाई सुविधा उपलव्ध भएको, जस्ता प्रगति प्रतिवेदन पेस भएको छ । यद्यपि प्रादेशिक सीमा नदीको व्यवस्थापन एंव सञ्चालन संघीय तह अन्तर्गत रहेको, प्रयाप्त बजेट विनियोजन नभएको, योजनाको लागतमा समुदायको योगदान न्यून हुने गरेको जस्ता समस्या देखिएकोले नीति निर्माण तथा कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी कार्य सम्पादन स्थितिमा सुधार गर्नुपर्दछ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्यक्षेत्र सामाजिक विकास मन्त्रालयको रहेको छ ।

यो वर्ष मन्त्रालय र मातहत ६ कार्यालयको विनियोजन रू.२ अर्ब ३३ करोड ७ लाख ९५ हजार, राजस्व रू.१ करोड ७२ लाख २२ हजार, धरौटी रू.१२ करोड ७९ लाख १९ हजार र अन्य कारोबार रू.४८ करोड ८५ लाख ५३ हजार समेत रू.२ अर्ब ९६ करोड ४४ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **एकीकृत आर्थिक विवरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ८६ मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गरेको छैन। तोकिएको समयमा आर्थिक विवरण पेस गर्नुपर्दछ।

२. **दरबन्दी र पदपूर्ति -** मन्त्रालय र अन्तर्गतका ६ निकायमा प्रशासनिक र प्राविधिक समेत ११९ दरबन्दी मध्ये ८८ (७३.९५ प्रतिशत) मात्र पदपूर्ति भई ३१ पद रिक्त रहेको छ। स्वीकृत मध्ये ३१ पद रिक्त रहेको कारण सेवा प्रवाहमा असर पर्न गएको छ । स्वीकृत दरबन्दी समयमै पदपूर्ति गर्नुपर्दछ ।

३. **खर्च दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले खर्च सृजना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । मन्त्रालयको यस वर्ष संशोधित बजेट रू.३ अर्ब ७६ करोड ९३ लाख ६८ हजार रहेकोमा रू.२ अर्ब ३३ करोड ७ लाख ९५ हजार (६१.८४ प्रतिशत) मात्र खर्च भएको कारण मन्त्रालयको खर्च दक्षता कमजोर देखिएको छ । विनियोजित रकम खर्च गरी लक्ष्य प्राप्त गर्नुपर्दछ ।

४. **प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ ले तोके अनुसारको ढाँचामा मन्त्रालयले आफूले सम्पादन गरेको कामको साथै अन्तर्गत निकायहरूबाट सम्पादित काम समेत समेटी वार्षिक प्रगति विवरण तयार गर्नुपर्नेमा सामाजिक विकास मन्त्रालय आफैंले सम्पादन गरेको कामको तोकेको ढाँचामा प्रगति प्रतिवेदन तयार नगरेको कारण भौतिक तथा वित्तीय प्रगति प्रतिशत यकिन भएन । मन्त्रालय अन्तर्गत निकायहरूको प्रगति भौतिक तर्फ ७४.१३ प्रतिशत र वित्तीयतर्फ ६४.६८ प्रतिशत रहेको छ । अन्तर्गत निकायहरूको स्वीकृत बार्षिक कार्यक्रममध्ये ३१ कार्यक्रममा शुन्य प्रगति भएको, ५ कार्यक्रममा १ देखि २५ प्रतिशत प्रगति भएको, ३ कार्यक्रममा २६ देखि ५० प्रतिशतसम्म प्रगति भएको र २ कार्यक्रममा ५० देखि ७५ प्रतिशतसम्म प्रगति भएको देखिन्छ। लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ मन्त्रालयको ध्यान जानुपर्दछ।

५. **नीति तथा कार्यक्रम कार्यान्वयन -** यस वर्ष प्रदेश सभामा पेस भएका नवप्रवर्द्धन कोष स्थापना गर्ने, मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम परिमार्जन गरी स्थानीय तहसम्म बिस्तार, प्रदेश मातहत रहेका अस्पतालबाट नागरिकलाई एकीकृत स्वास्थ्य सेवा प्रदान, प्रदेश मातहतका अस्पतालमा

डायलासिस सेवा सञ्चालनका लागि जनशक्ति तथा व्यवस्थापन सहयोग अनुदान, महिलाहरूमा हुने स्तन तथा पाठेघरको क्यान्सरको निःशुल्क परीक्षणका लागि क्यान्सर अस्पताललाई तालिम/प्राविधिक सहयोग, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं र बागमती प्रदेशका सरकारी अस्पतालहरूमा हृदयघात भएर आएका बिरामीहरूको उपचार सहजीकरण तालिम व्यवस्थापन, एन्जियोप्लाष्टी सेवा लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा घोषणा भएका कार्यक्रमबीच तादम्यता ल्याउनुपर्दछ ।

६. **रकमान्तर -** बागमती प्रदेश विनियोजन ऐन, २०७८ को दफा ३ को उपदफा ३ मा रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत भन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा सामाजिक विकास मन्त्रालयको रू.१ अर्ब ५८ करोड २४ लाख ३ हजार शुरु बजेट विनियोजन भएकोमा रू.४३ लाख ६४ हजार थप र रू.१ अर्ब २६ करोड ८८ लाख ३० हजार घटी भई रू.३१ करोड ७९ लाख ३७ हजार बजेट कायम गरेको छ । सो मध्ये रू.१२ करोड ५१ लाख ९० हजार निकासा खर्च गरेको छ । ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ ।

७. **कानुन निर्माण -** मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत आवश्यक कानुन निर्माण गर्ने दायित्व रहेको मन्त्रालयले यो वर्ष १ ऐन, १४ कार्यविधि, १ निर्देशिका, १ मापदण्ड, १ नीति र १ कार्य योजना तर्जुमा गरेको छ भने हालसम्म ३ वटा ऐन, २२ वटा कार्यविधि, ९ वटा निर्देशिका र ७ वटा मार्गदर्शन, मापदण्ड, नीति, रणनीति र कार्ययोजना समेत ४१ वटा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। अन्य आवश्यक कानुन समयमा निर्माण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८. **बजेट वक्तव्यको कार्यान्वयन -** बागमती प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा यस प्रदेशमा बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र समुदायलाई प्राथमिकतामा राखी सामुदायिक क्याम्पस/विद्यालय/शिक्षालयमा कृषि, भेटेनरी, सर्भेयर, सिभिल इन्जिनियरिङ र वन विज्ञान विषयमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत छोरी बुहारी छात्रवृत्ति कार्यक्रममा रू.२ करोड १० लाख ३० हजार बजेट व्यवस्था भएको देखिन्छ । मन्त्रालयले छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७८ प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गराएको भए पनि यस किसिमको छात्रवृत्ति उपलब्ध गराएको देखिएन । बजेटमा घोषित कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

९. **युवा वैज्ञानिक प्रोत्साहन कोष -** प्रदेशको आर्थिक विकास र नागरिकको समृद्धि जीवनका लागि उत्पादन, उत्पादकत्व, दीगो विकास, जनस्वास्थ्य तथा वातावरण संरक्षण लगायतका विषयमा सुधार गर्न वैज्ञानिक अनुसन्धान पद्धतिमा जोड दिँदै नयाँ ज्ञान विज्ञान तथा प्रविधिको विकास गर्ने उद्देश्यले स्थापित युवा वैज्ञानिक प्रोत्साहन कोषमा गत वर्ष वर्षको मौज्दात रू.१७ करोड ९८ लाख ६६ हजार यस वर्ष थप रू. ५ करोड मौज्दात समेत रू.२२ करोड ९८ लाख ६५ हजार रहेकोमा उद्देश्य अनुरूपका कार्यक्रम सञ्चालन नगरी यस वर्ष बैठक भत्ता, कार्यालय सञ्चालन लगायत कार्यमा रू.१७ लाख ५६ हजार मात्र खर्च भएको छ । उद्देश्य अनुसार कोष परिचालन गर्नुपर्दछ ।

१०. **अनुगमन -** समाज कल्याण संघ सम्बन्धित संघ संस्था, प्राज्ञिक एवं राष्ट्रिय व्यक्तित्व र भाषा, कला तथा साहित्य प्रबर्द्धन गर्ने संस्थालाई अनुदान दिने प्रयोजनका लागि सोसँग सम्बन्धित निर्देशिका तथा कार्यविधि तर्जुमा गरी मन्त्रालयले विभिन्न ११ संघ संस्थालाई रू.२ करोड ४५ लाख ५५ हजार

अनुदान उपलब्ध गराएको छ । यसरी प्रदान गरेको अनुदान तोकिएको उद्देश्य र कार्यमा खर्च भएको सुनिश्चित हुने गरी अनुगमन गर्नुपर्दछ ।

११. **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम -** शैक्षिक संस्था अनुदान कार्यविधि, २०७७ बमोजिम १३ सामुदायिक विद्यालयलाई रू.७२ लाख ९५ हजार अनुदान दिएकोमा कार्यविधि अनुरुप ती विद्यालयले सम्पादन गरेको कामको विवरण तथा उपलब्धि सम्बन्धमा प्रगति विवरण पेस गरेका छैनन् । साथै कार्यविधिमा उल्लेख गरेअनुसारको विद्यार्थी क्लब तथा उद्यम कोष गठन र सञ्चालन सम्बन्धमा नियमित अनुगमन गरी कार्यक्रमको दिगोपनामा जोड दिनुपर्ने देखिन्छ ।

१२. **खरिद प्रकृया -** मन्त्रालयले राजमार्ग सामुदायिक अस्पताल गजुरी, धादिङलाई पुँजीगत कार्य गर्न रू.३० लाख सशर्त अनुदान उपलब्ध गराएको छ । मन्त्रालय र अस्पतालबीचको सम्झौतामा सामाग्रीहरू खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम हुने उल्लेख भएकोमा अस्पतालले सो खरिद ऐन तथा नियमावलीले तोकेको विधि र प्रक्रिया पुरा नगरी खुला दरभाउपत्रका आधारमा रू.३० लाखको विभिन्न उपकरणहरू सोझै खरिद गरेको देखियो । खरिद गरेका सामानहरूको प्राविधिक स्पेसिफिकेशन तथा सामग्री जडान भइसकेपछि उक्त सामानहरूको ग्यारेण्टी वारेण्टी सम्बन्धमा उल्लेख छैन । अस्पतालले मन्त्रालयसँग भएको सम्झौता अनुसार वर्ष समाप्त भएको ३ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेमा लेखापरीक्षण प्रतिवेदन पेस गरेको छैन। सार्वजनिक खरिद ऐन, नियमको पालना हुनुपर्ने तथा लेखापरीक्षण प्रतिवेदनसमेत पेस हुनुपर्दछ।

सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङ

१३. **सामग्री खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा सार्वजनिक निकायले खरिद सम्झौताका शर्तहरू पालना गरी खरिद गर्ने व्यवस्था छ । इकाईले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आषाढ महिनामा निकासा उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्तिम हप्ता ८ विभिन्न निकायको सुदृढिकरणका लागि सोही निकायको कार्यक्रममा समावेश बजेटबाट पटक-पटक गरी खेलकुद सामग्री, व्यायाम सामान, मेसिनरी औजार, फर्निचर लगायतका सामग्री खरिद गरी रू.८२लाख ९४ हजार भुक्तानी गरेको छ । विभिन्न आपूर्तकबाट पटक पटक गरी खरिद गरेको सामग्री सम्बन्धित संस्था वा विद्यालयलाई हस्तान्तरण गरेको छैन । आर्थिक वर्षको अन्तमा खरिद गरी मौज्दात कायम गरेको सामग्रीको गुणस्तर यकिन भएको पाइएन । खरिद विधि अनुसारको खरिद प्रक्रिया पुरा गर्न समय नपुग्ने गरी आर्थिक वर्षको अन्तमा बजेट उपलब्ध गराएको उपयुक्त देखिएन। इकाईले फरक फरक प्याकेज गरी आषाढको अन्त्यमा फरक फरक आपूर्तकबाट खरिद गरी भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी पटक-पटकको खरिद कार्य निमयसम्मत देखिएन । प्रतिस्पर्धालाई सीमित नहुने गरी खरिद कार्य गर्नुपर्दछ।

१४. **साल्यानटार रंगशाला -** सर्वजानिक खरिद नियमावली, २०६४ को नियम २२ मा निर्माण कार्यका लागि खरिद सम्झौता गर्ने र निर्माण सम्झौता गर्नुपूर्व कार्यालयले निर्माणस्थल यकिन गरी लागत अनुमान तयार गर्ने र सम्झौता कार्यान्वयनका लागि कार्यस्थल उपलब्ध गराउनुपर्ने व्यवस्था छ। कार्यालयले रू.१ करोड ९२ लाख ३९ हजार लागत अनुमानको साल्यानटार रंगशाला निर्माण गर्न १.२ प्रतिशत घटी कबोल गर्ने एक जे. भि. सँग रू.१ करोड ९ लाख १५ हजारमा सम्पन्न गर्ने गरी २०७६।११।३० मा सम्झौता भएकोमा जग्गा प्राप्त नभएको कारण देखाइ ठेक्का रद्द गरेको छ।

२०७६।०५।१० मा रू.१९ लाख मोविलाइजेशन पेस्की उपलब्ध गराएकोमा कार्यालयले ठेक्का बमोजिको कार्य हुन नसकेको जनाई २०७७।१२।६ भन्दा अगाडिको कार्यको नाप जाँच गरी भुक्तानी दिइ ठेक्का रद्द गर्ने गरी २०७७।१।५ मा निर्णय गरेकोमा पेस्की जमानत जफत गरेको देखिएन। प्रचलित नियमावली अनुसार सुनिश्चित गरी ठेक्का लगाउनुपर्दछ । साथै ठेक्का सम्झौताको अन्त्य गर्दा निजलाई दिएको पेस्की रू.१९ लाख समेत जफत हुनुपर्दछ ।

१५. **कबोल अङ्क -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा बोलपत्रदाताले सन्तोषजनक रुपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून अङ्क कबोल गरेको अवस्थामा मूल्याङ्कन समितिले त्यस्तो बोलपत्रदातासँग दर विश्लेषणसहितको स्पष्टीकरण माग गर्नुपर्ने तथा स्पष्टीकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको ८ प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सिफारिस गर्न सक्ने व्यवस्था रहेको छ । इकाई कार्यालयले निम्न अनुसार घटी कबोल गर्ने निर्माण व्यवसायीहरूलाई उक्त प्रक्रियाको पालना नगरी बहुवर्षीय ठेक्का प्रदान गरेको छ ।

क्र.सं.	कार्य जिम्मेवारी	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१.	थाहा न.पा.-३, मकवानपुर कभर्ड हल निर्माण	७६४४६	४३४९८	४३
२.	माडी-३, चितवन कभर्ड हल निर्माण	७६५९९	४०४८५	४७
३.	विदुर-९, नुवाकोट कभर्ड हल निर्माण	७७१९८	४१३०१	४६
४.	पुनर्स्थापना केन्द्र निर्माण, मकवानपुर	५५२६८	२८२०९	४९
५.	खेलकुद प्रशिक्षण प्रतिस्ठान निर्माण, मकवानपुर	२४८०२७	११७९७१	५२
६.	जिल्लास्तरीय रङ्गशाला निर्माण, नुवाकोट	२९९८०	४२५०३	५३
७.	कभर्ड हल निर्माण धनौजी, चितवन	७६५९१	४०६११	४७
८.	कभर्ड हल निर्माण निलकण्ठ, धादिङ्ग	६९९६२	३७३५९	४७
	जम्मा	**७१००७१**	**३९१९३७**	

निर्माण व्यवसायीले उक्त कार्य सम्पादन गर्दा अनुगमन गरी गुणस्तरीयता कायम गर्नुपर्ने र लागत अनुमान यथार्थपरक भए नभएको यकिन गर्नुपर्ने देखिन्छ ।

१६. **खेलकुद प्रशिक्षण प्रतिष्ठान निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ मा बोलपत्र मूल्याङ्कन र परिच्छेद-१० मा खरिद सम्झौता सम्बन्धी व्यवस्था छ । कार्यालयले लागत अनुमान रू.२४ करोड ८० लाख २७ हजारको अन्तरार्ष्ट्रिय स्तरको खेलकुद प्रशिक्षण प्रतिष्ठान, गौरीटार, मकवानपुरमा निर्माणको लागि लगाएको ठेक्कामा ४६ प्रतिशत घटी कबोल गर्ने एक जे.भी.को बोलपत्र स्वीकृत भई २०८१।१।१४ भित्र कार्य सम्पादन गर्ने गरी २०७८।१।१४ मा खरिद सम्झौता भएको देखियो । सम्झौता अनुसार २०७९ आषाढसम्म ६० प्रतिशतभन्दा बढी कार्य सम्पादन गर्न कार्यतालिका पेस गरेको भएपनि लेखापरीक्षण अवधि २०७९ असोजसम्म ४ प्रतिशत मात्र कार्य प्रगति भएको पाइयो । निर्माण स्थलमा ईट्टा सोलिङ्ग, पि.सि.सि. फुटिङको रिइन्फो सिमेन्ट, फर्म वर्क, कंक्रिट, साइट अफिस स्थापना, सेफ्टी नेट ज्यापिङ्ग जस्ता शुरु चरणको कार्य समेत नभएको भनी प्रतिवेदन पेस भएकोमा सो पश्चात् समेत परिमार्जित कार्यतालिका पेस गरी थप प्रगति भएको छैन। प्रगतिको न्यून अवस्थाले निर्माण कार्य समयमा सम्पन्न नभै लागत र समय वृद्धि भई अतिरिक्त भार पर्ने जोखिम कायमै छ । सम्बन्धित निर्माण व्यवसायीलाई जिम्मेवार बनाई निर्धारित समयमा नै निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

सार्वजनिक निर्माण इकाई, काभ्रेपलाञ्चोक

१७. **योजना छनौट -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको बिचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत हुनुपर्दछ । रामेछाप मन्थली कभर्ड हल निर्माणका लागि रू.६ करोड ५७ लाख ९३ हजारमा सम्झौता भएकोमा कर्भड हलमा उच्च प्रविधियुक्त स्वचालित रुपमा चलाइने बस्ने कुर्सी आवश्यक हो होइन यकिन नगरी सम्झौता गरेको र सोही कारण पटक पटक म्याद थपिएको, चौतारा रंगशाला निर्माणका लागि रू.२० करोड ९२ लाख २७ हजारमा सम्झौता भएकोमा पहिला नै भू बनावटको बारेमा तथ्यगत आधार नलिइएकोले निर्माण सम्झौता भैसकेपछि प्याराफिट ३ मिटरभित्र सार्नुपरेको, मेलम्ची बहुउद्धेश्यीय कभर्ड हल निर्माणका लागि रू.५ करोड ४८ लाख २३ हजारमा सम्झौता भएकोमा खोलाको किनारमा बनाएकोले मिति २०७७।३।१ को बर्सादले बगाएको, दुधौली रंगशाला निर्माणका लागि रू.४ करोड ९३ लाख ५० हजारमा सम्झौता भएकोमा बस्तीबाट टाढा कुमरा खोलाको किनारामा बनाउदै गरेको यो रङ्गशाला बर्सादमा डुबान हुने, एवं बीचमा पाटी (स्टेज) रहेको र बाटोको मापदण्डको पालना नगरेको, सिन्धुली रङ्गशाला निर्माणका लागि रू.७ करोड ४६ लाख ५५ हजारमा सम्झौता भएकोमा स्थानीय तहलाई हस्तान्तरण नभएको, बस्तीबाट टाढा, अपायक, वन क्षेत्र नजिकै बनेको र रङ्गशालामा सुरक्षा बार नै नराखी ठेक्का लगाइएको, प्रदेश स्तरीय बाल अधिकार संरक्षण केन्द्र, निर्माणका लागि रू.५ करोड ३४ लाख ६० हजारमा सम्झौता भएकोमा २०७८।१२।३० मा कार्य सम्पन्न भएको यो संरक्षण केन्द्र कसले सञ्चालन गर्ने सो जिम्मा लिने निकाय नहुँदा रू.५ करोड ३४ लाख ६० हजारमा लगानी भएको भवन प्रयोग विहीन अवस्थामा रहेको छ । छनौट र कार्यान्वयन समग्र पक्षमा ध्यान दिएर योजना स्वीकृत गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत ९ निकायको रू.८ करोड २ लाख ६९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.१७ हजार फर्स्यौट गरेकोले रू.८ करोड २ लाख ५२ हजार बाँकी देखिएको छ । सोमध्ये रू.४ करोड २७ लाख २६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची–९** मा छ ।

पाँच वर्षे कार्यसम्पादन

- **बजेट खर्च -** मन्त्रलायको आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मको पुँजीगत खर्च क्षमता विश्लेषण गर्दा कुल विनियोजित बजेट रू.८ अर्ब ५९ करोड ५६ लाख मध्ये रू.५ अर्ब २९ करोड ३० लाख खर्च गरेको छ । जुन बजेटको तुलनामा औषत ६५ प्रतिशत हुन आउँछ । लक्ष्य अनुसारको उद्देश्य प्राप्त गर्न मन्त्रालय र मातहतका निकायको प्रशासकीय क्षमतासंगै तोकिएको समयमा नै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

- **पदाधिकारीको कार्यवधि** - मन्त्रालयको स्थापनादेखि हालसम्मको ५ वर्षको अवधिमा मन्त्रालयमा ५ जना मन्त्री र ११ जना सचिवहरुले कार्य गरेको देखियो । मन्त्रीको कार्यकाल न्यूनतम् १३ दिन देखि अधिकतम् ३ वर्षसम्म र सचिवको कार्यकाल न्यूनतम ११ दिनदेखि अधिकतम् ११ महिनासम्म रहेको विवरण प्राप्त भएको छ । पटक-पटक मन्त्री तथा सचिवको फेरवदल हुँदा नीति निर्माण र योजना कार्यान्वयनमा एकरूपता कायम गर्न कठिनाई भएको देखिएकाले राजनैतिक तथा प्रशासनिक स्थिरता कायम गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

युवा तथा खेलकुद मन्त्रालय

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०८।१५ को निर्णयानुसार प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ मा हेरफेर भई युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो। बागमती प्रदेशस्तरीय युवा तथा खेलकुद सम्बन्धी गतिविधिहरूको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि यस मन्त्रालयको अन्तर्गत प्रदेश युवा परिषद्को कार्यालय र प्रदेश खेलकुद परिषद्को कार्यालय छ।

यो वर्ष मन्त्रालय र मातहतका ३ निकायको विनियोजन रू.१६ करोड ३९ लाख ४३ हजार, राजस्व रू.१३ हजार र धरौटी रू.५ लाख ६३ हजार समेत रू.१६ करोड ४५ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन गर्न यस मन्त्रालय स्थापना भएको हो । बागमती प्रदेश सरकारको नीति अनुरूप युवा तथा खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन, खेलकुद सम्बन्धी संस्थाको नियमन, प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना, राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता लगायत युवा तथा खेलकुद सम्बन्धी अन्य गतिविधिहरू यस मन्त्रालयको कार्य जिम्मेवारी भित्र पर्दछ । मन्त्रालयले युवा तथा खेलकुद सम्बन्धी गतिविधिहरूको विकास र बिस्तारको लागि प्रदेश युवा परिषद् ऐन, २०७६, प्रदेश युवा परिषद् नियमावली, २०७७, प्रदेश खेलकुद विकास ऐन, २०७५ र प्रदेश खेलकुद विकास (पहिलो संशोधन) नियमावली, २०७८ जारी भई कार्यान्वयनमा रहेका छन् । उल्लेखित जिम्मेवारीहरू कार्यान्वयन तालिका बनाई कार्यसम्पादन गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ ले तोकेअनुसारको ढाँचामा मन्त्रालयले आफूले सम्पादन गरेको कामको साथै अन्तर्गत निकायहरूबाट सम्पादित काम समेत समेटी वार्षिक प्रगति विवरण तयार गर्नु पर्नेमा मन्त्रालयले तोकिएको प्रगति प्रतिवेदन तयार नगरेको र सम्पादित कामको विवरण मात्र तयार गरेकोले भौतिक तथा वित्तीय प्रगति प्रतिशत एकिन भएन । नियमावलीमा तोकिएबमोजिम लक्ष्य प्रगति विवरण तयार गरी प्रगति हासिल गर्न नसकेका कार्यक्रमको समीक्षा हुनुपर्दछ ।

३. **बजेट वक्तव्यको कार्यान्वयन -** खेलकुदको विकास र बिस्तारका लागि खेलकुद पूर्वाधारहरूको निर्माण संरक्षण र सञ्चालनका साथै खेलाडी, रेफ्री र प्रशिक्षकको क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन, खेलकुद पूर्वाधारतर्फ निर्माणाधिन पूर्वाधार २ वर्षभित्र सम्पन्न गर्न रू.२९ करोड व्यवस्था गरेको, प्रदेश खेलकुद विकास परिषद् र स्थानीय तहबीचको सहकार्य र साझेदारीमा निर्माण सम्पन्न रङ्गशाला र कभर्डहलको व्यवस्थापन गर्ने लगायतका व्यहोरा बजेटमा समावेश गरेको छ । मन्त्रालयलाई रू.१ करोड ६ लाख ५ हजार बजेट विनियोजन भएकोमा रू.७५ लाख ६४ हजार खर्च भई ७१.३२ प्रतिशत वित्तीय प्रगति रहेको छ । विनियोजित बजेट मध्ये चालु बजेट ६२.५० प्रतिशत र पुँजीगत बजेट ९८.१३ प्रतिशत खर्च भएको छ । यसरी बजेटमा व्यवस्था भएको रकम औसतमा ७६.५३ प्रतिशत मात्र खर्च भएको छ । बजेट वक्तव्यले लक्ष्य निर्धारण गरेको खेलकुद पूर्वाधार निर्माण कार्य

हुन सकेको देखिएन । कार्य विभाजन नियमावलीले र बजेट वक्तव्यमा उल्लेख भएअनुसारको कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

४. **कार्यक्रमको अनुगमन** - बजेट वक्तव्यमा उल्लेखित बालवालिका तथा युवालाई लक्ष्य निर्धारण गरी लागुऔषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव बेचविखन र विद्युतीय अपराध विरुद्ध सचेतना जगाउन "हाम्रो ध्यान युवा अभियान" कार्यक्रम कार्यान्वयनतर्फ युवा स्वयंसेवक निर्माण गरी तालिम सामग्री वितरण, ८० जनालाई पूर्ण रोजगार सहितको तालिम, चेलिवेटी बेचविखन, महिला हिंसा, जातीय तथा लैंगिक विभेद सम्बन्धी १३ जिल्लामा ४२९ जनालाई तालिम, लागु पदार्थ दुर्व्यसन तथा साइवर क्राइम सचेतना सम्बन्धी १३ जिल्लामा ४२९ जनालाई तालिम, युवा स्वरोजगार कार्यक्रम अन्तर्गत २५ युवालाई रू.५० हजार, लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम अन्तर्गत ४ युवालाई ३० हजारका दरले र अपाङ्ग युवा व्यवसायीलाई रू.५० हजारका दरले सामग्री सहयोग अनुदान दिएको छ । उक्त कार्यक्रमको अनुगमन गरी सञ्चालन गरेको प्रमाण पेस गरेको छैन । कार्यक्रमको अनुगमन प्रतिवेदन पेस हुनुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय तथा मातहत २ निकायको रू.२७ करोड ३४ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले रू.२७ करोड ३४ हजार बाँकी देखिएको छ । सोमध्ये रू.२७ लाख ३२ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची–९** मा छ ।

संस्कृति तथा पर्यटन मन्त्रालय

साविकमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय रहेकोमा बागमती प्रदेश सरकार मन्त्रीपरिषद्को निर्णयानुसार प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन सहित) बमोजिम मिति २०७८।०८।१५ गते यस मन्त्रालय स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका ४ निकायको विनियोजन रू.६८ करोड ३२ लाख ५३ हजार, राजस्व रू.४ करोड २२ लाख ६७ हजार र धरौटी रू.५ करोड ६६ लाख ५० हजार समेत रू.७८ करोड २१ लाख ७० हजारको लेखापरीक्षण सम्पन्न भएको छ। उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा संस्कृति तथा पर्यटन मन्त्रालयको कार्य जिम्मेवारी तोकेको छ । उक्त नियमावलीमा उल्लेख भएबमोजिम प्रादेशिक पर्यटन निकायको नीति, मानदण्ड र योजना निर्माण पूर्वाधार विकास प्रवर्धन र नियमन, पर्यटक प्रहरी समन्वय, संघीय ऐन अनुसार क्यासिनो तथा चिट्ठा दर्ता अनुमती र नियमन प्रादेशिक संग्रहालय स्थापना र सञ्चालन तथा व्यवस्थापन, प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, प्राचिन स्मारक, संग्रहालय, गढी संरक्षण, संभार, अध्ययन अनुसन्धान, उत्खनन् र पुन निर्माण, संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा कार्यान्वयन र नियमन लगायतको कार्य योजनाबद्ध रुपमा अघि बढाएको देखिएको छैन । कार्यान्वयन तालिका बनाई तोकिएको कार्य गर्नुपर्दछ ।

२. **बजेट वक्तव्यको कार्यान्वयन -** आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा ट्रेकिङ्ग गाइड, टुरिष्ट गाइड, रिभर गाइड तथा ट्रेकिङ्ग पोर्टर गाइडले गर्नुपर्ने नवीकरण दस्तुरमा ६० प्रतिशत छुट हुने, कोभिड-१९ वा अन्य विविध कारणले आर्थिक वर्ष २०७७।७८ सम्म इजाजत पत्र नवीकरण गराउन नसकेको भए त्यस्तो इजाजत पत्र प्राप्त व्यक्तिले इजाजत पत्र नवीकरण गराउन २०७८ फागुन मसान्तसम्म निवेदन दिएमा तोकिएबमोजिम लाग्ने शुल्कमा ६० प्रतिशत छुट दिने व्यवस्था गरेको छ। उक्त व्यवस्था अनुसार छुट दिई नवीकरण गराउँदा राजस्व प्राप्तिमा परेको असर एवं छुटको प्रभावकारिता अध्ययन गरेको देखिएन ।

३. **लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ ले तोकेअनुसारको ढाँचामा मन्त्रालयले आफूले सम्पादन गरेको कामको साथै अन्तर्गत निकायहरूबाट सम्पादित काम समेत एकीकृत वार्षिक प्रगति विवरण तयार गर्नुपर्नेमा मन्त्रालयले तोकिएको ढाँचामा वार्षिक लक्ष्य अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको र सम्पादित कामको विवरण मात्र तयार गरेकोले भौतिक तथा वित्तीय प्रगति प्रतिशत यकिन भएन । नियममा तोकिएबमोजिम लक्ष्य प्रगति विवरण तयार गरी प्रगति हासिल गर्न नसकेका कार्यक्रमको समीक्षा हुनुपर्दछ ।

४. **संगठन संरचना -** बागमती प्रदेश सरकारको २०७९ ।१०।१० को प्रदेश कार्य विभाजन नियमावली संशोधन मार्फत् यो मन्त्रालयको संरचना उद्योग, पर्यटन तथा सहकारी मन्त्रालयमा रहने गरी गाँभिएको छ । यो मन्त्रालयको स्थापना गरी यो वर्ष भएको खर्चको अनुगमन र प्रतिवेदन प्रणालीमा असर परेको छ ।

पर्यटन विकास आयोजना

५. **खरिद योजना तथा गुरु योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधी सम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढी रकमको खरिद कार्य गर्न बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस आयोजनाले यस वर्ष रू.४५ करोड ५६ लाख ३० हजार लागत अनुमानका १२५ निर्माण कार्य मध्ये ११ वटा निर्माण कार्यको लागि रू.१८ करोड ९३ लाखको ठेक्का सम्झौता र रू.२६ करोड ६३ लाख ३० हजार लागत अनुमानका ११४ योजनाको लागि उपभोक्ता समितिसँग सम्झौता गरेको छ । आयोजनाले बजेटको आधारमा नियमावलीको व्यवस्था अनुसार खरिद गुरु योजना र बार्षिक खरिद योजना बनाइ तदनुसार निर्माण तथा खरिद कार्य गर्नुपर्नेमा गरेको देखिएन । आयोजनाले योजनाबद्ध तवरले निर्माण तथा खरिद कार्य गर्न खरिद गुरु योजना बनाइ सोको आधारमा खरिद योजना स्वीकृत गरी निर्माण तथा खरिद कार्य गर्नुपर्दछ ।

६. **लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ अनुसार कार्यालयले तयार गरेको लक्ष्य प्रगतिको विवरण अनुसार भौतिक प्रगति ५५.९८ प्रतिशत र वित्तीय प्रगति ५३.४६ प्रतिशत रहेको छ । स्वीकृत बार्षिक कार्यक्रम/योजना २३१ मध्ये १४४ योजना सम्पन्न, ६६ योजनामा शुन्य प्रगति र २१ योजनामा कम प्रगति देखिएको छ । कम प्रगति तथा शुन्य प्रगति हुनुको कारण खुलाएको छैन । लक्षित कार्यक्रम पुरा हुनेगरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

७. **निर्माण कार्यमा ढिलाई -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ अनुसार सम्झौतामा निर्धारित अवधिभित्र योजना सम्पन्न गर्नुपर्दछ । सम्झौतामा योजना सम्पन्न गर्नुपर्ने अवधि ३ देखि ६ महिना रहेकोमा ८ आयोजनाको रू.१९ करोड ७ लाख ३२ हजारका सालवसाली प्रकृतिका आ.व.२०७६।७७ देखिका ठेक्काहरूमा यस वर्ष रू.८ करोड ८९ लाख ४ हजार भुक्तानी भएको छ। तर कार्यक्रम सम्पन्न नभई वर्षेनी जिम्मेवारी सार्दै लगिएको छ । योजना सम्पन्न हुन ढिला हुँदा लाभान्वित हुने समुदायहरूले समयमै सुविधा प्राप्त गर्न नसक्ने र महँगी आदि कारणले थप व्ययभार पर्न सक्ने हुँदा समयमै सम्पन्न गर्नेतर्फ ध्यान जानुपर्दछ ।

८. **भ्यू-टावर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २४ मा कार्यालयको उद्देश्य नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत नियम २३ को उपनियम (१) को अधिनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम सम्बन्धि मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यस आयोजनाको लागि यो वर्ष विभिन्न ७ स्थानमा भ्यू-टावर निर्माण गर्न मन्त्रालयबाट कार्यक्रम स्वीकृत भए अनुसार रू. १४ करोड ५६ लाख ६४ हजार बजेट विनियोजन भई निर्माण कार्य शुरु भएको छ। भ्यू-टावरमा गरिने लगानी पर्यटन लक्षित लाभ लागत विश्लेषण गरी मात्र कार्यक्रम स्वीकृत गर्नुपर्ने देखिन्छ । ७ ठाउँमा भ्यू टावर निर्माण गर्न बहुवर्षीय ठेक्का स्वीकृत भएको देखिँदैन । यो वर्ष रू.१४ करोड २६ लाख ६४ हजार बजेट विनियोजन भएकोमा भौतिक प्रगति ४०. ५१ प्रतिशत रू.५ करोड ४० लाख ९७ हजारको मात्र कार्य भएको छ । बहुवर्षीय स्वीकृति नभएकोले निर्माण कार्यले निरन्तरता नपाएमा उक्त रकमको समेत सदुपयोग नहुने स्थिति देखिएको छ । उपलब्ध विवरण अनुसार शिवालय हिल स्टेशनको ११ प्रतिशत, चिम्टेश्वर नुवाकोट २५ प्रतिशत, तोप्लाङ्ग

धादिङ्ग २९ प्रतिशत, जिरी हिल स्टेशनको ३५ प्रतिशत र रोशी भूमिचुली काभ्रेको ४९ प्रतिशत मात्र प्रगति भएको देखिएको छ । लक्षित समयमा सम्पन्न गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

९. **इजाजतपत्र नवीकरण -** ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२ को नियम ७ मा इजाजतपत्रको अवधि ५ वर्ष हुने र सो अवधि समाप्त हुनु अगावै रू.२५ हजार दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउनुपर्ने व्यवस्था छ । उपत्यका पर्यटन कार्यालय, ललितपुरले स्थापना हुनुपूर्व पर्यटन विभागमा दर्ता भएका ३ हजार ८८० ट्राभल एजेन्सी तथा २ हजार ७६४ ट्रेकिङ्ग एजेन्सी मध्ये नवीकरण गर्नुपर्ने अवधि भएका एजेन्सीहरूको कार्यालयले अभिलेख राखेको छैन । यसवर्ष दर्ता भएको एजेन्सीलाई आधारमान्दा ५ वर्ष अवधि नाघेका ट्राभल एजेन्सी २ हजार ७८४ र ट्रेकिङ्ग एजेन्सी २ हजार ८४ समेत ४ हजार ८६८ नवीकरण नगरी सञ्चालन भएको देखिन्छ । नवीकरण नगरी सञ्चालन भएका एजेन्सीहरूको नवीकरण दस्तुर प्रति नवीकरण रू.२५ हजारका दरले रू.१२ करोड १० लाख ५० हजार हुनुपर्ने देखिन्छ। साथै नवीकरण गर्नुपूर्व सबै ट्रेकिङ्ग तथा ट्राभल एजेन्सी पर्यटक स्तरीय साधारण होटल, ट्रेकिङ्ग गाइड, टुरिष्ट गाइड, जलयात्रा एजेन्सी, रिभर गाइड, पर्यटन यातायात व्यवसाय, होमस्टे आदिको अभिलेख अद्यावधिक गरी छुट नवीकरण दस्तुर असुल गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय तथा मातहत १ निकायको रू.१ करोड ७० लाख १० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.१ करोड ५२ लाख ९ हजार फर्स्यौट गरेकोले रू.१८ लाख १ हजार बाँकी देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार बागमती सरकार मन्त्रिपरिषद्को मिति २०७८।८।१५ को निर्णयले श्रम रोजगार तथा यातायात मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका १६ निकायको विनियोजन रू.४३ करोड १६ लाख ६० हजार, राजस्व रू.११ अर्ब ९३ करोड ६० लाख ९८ हजार र धरौटी रू.१ करोड ९४ लाख ४२ हजार समेत रू.१२ अर्ब ३८ करोड ७२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** बागमती प्रदेश सरकार (कार्य विभाजन) निमयावली, २०७४ मा प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन अध्ययन अनुसन्धान र नियमन, प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण, सवारी तथा सवारीचालक अनुमतिपत्र व्यवस्थापनका लागि विद्युतीय प्रणालीको विकास एवं यातायात क्षेत्रको समग्र सुधारका लागि अध्ययन, अनुसन्धान, कार्यान्वयन तथा नियमन, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर समायोजन तथा निर्धारण र अनुगमन एवं नियमन, वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन, प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन, श्रम तथा रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन एवं स्थानीय सरकारसँग समन्वय, श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना, रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण, कार्यस्थल सुरक्षा, कल कारखाना निरीक्षण तथा नियमन र प्रदेश तहमा सडक सुरक्षा सम्बन्धी नीति, योजना निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने कार्यक्षेत्र र जिम्मेवारी यस मन्त्रालयको रहेको छ । कार्यतालिका बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ ले तोके अनुसारको ढाँचामा मन्त्रालयले आफूले सम्पादन गरेको कामको साथै अन्तर्गत निकायहरूबाट सम्पादित काम समेत समेटी वार्षिक प्रगति विवरण तयार गर्नुपर्नेमा मन्त्रालयले तोकेको ढाँचामा वार्षिक लक्ष्य अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको र सम्पादित कामको विवरण मात्र तयार गरेकोले भौतिक तथा वित्तीय प्रगति प्रतिशत यकिन भएन । नियममा तोकिएबमोजिम प्रगति विवरण तयार गरी कार्यक्रमको प्रगति समीक्षा हुनुपर्दछ ।

३. **संगठन संरचना -** प्रदेश सरकार मन्त्रिपरिषद्को २०७८।८।१५ को निर्णय अनुसार प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ हेरफेर भई श्रम रोजगार तथा यातायात मन्त्रालय स्थापना भएको हो । तत्कालीन सामाजिक विकास मन्त्रालयको कार्य क्षेत्रमा रहेको श्रम रोजगार तथा यातायात क्षेत्रको कार्य जिम्मेवारी रहेको भौतिक योजना तथा यातायात मन्त्रालयको कार्य यस मन्त्रालयमा हस्तान्तरण भई ३५ जना कर्मचारी दरबन्दी राखी चालु खर्च रू.१ करोड ६ लाख ६९ हजार र

पुँजीगत खर्च रू.६० लाख ४२ हजार भएको छ । मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्भे समेत गरी दरबन्दी यकिन गरी पदपूर्ति गर्नुपर्दछ ।

४. **बजेट वक्तव्यको कार्यान्वयन -** बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अन्तर्गत मन्त्रालयको कार्य जिम्मेवारी भित्रको, प्रथम आवधिक योजनाले लक्षित गरेको र आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयन हुनुपर्दछ । मन्त्रालयले आवधिक योजना तथा बजेट वक्तव्यमा समावेश भएकामध्ये श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना हुने कानुनी तथा आर्थिक आधार तयार गर्ने सम्बन्धमा रोजगार नीति तर्जुमा नभएको, निजी तथा सामुदायिक/सहकारी क्षेत्रको निम्ति लगानी मैत्री वातावरण सृजना गरी स्वदेशमै प्रयाप्त र मर्यादित रोजगारीका अवसर सृजना गर्ने सम्बन्ध आवश्यक पहल नभएको, वैदेशिक रोजगारीलाई कम खर्चिलो, सुरक्षित र लाभप्रद बनाउने र आर्जित विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने आधार तयार नगरेको र ट्राफिक सुरक्षा व्यवस्थापन सडक सुरक्षा सम्बन्धी नीति योजना निर्माण कार्यान्वयन तथा अनुगमन गरेको छैन । बजेट व्यक्तव्यमा उल्लेखित कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

४.१. वातावरणमैत्री विद्युतीय बस र ठूला सार्वजनिक यातायात सञ्चालन तथा व्यवस्थापन गरी यातायात सेवालाई सर्वसुलभ विश्वसनीय बनाउन प्रदेश यातायात व्यवस्थापन वोर्ड मार्फत कार्यान्वयन गर्ने गरी नेपाल सरकारको सहलगानीमा आवश्यक पूर्वाधार सहितको विद्युतीय बस सञ्चालन गर्न रू.५० करोड बजेट विनियोजन गरेकोमा प्रदेश यातायात सञ्चालन व्यवस्थापन बोर्ड गठन गरी विद्युतीय बस सेवा सञ्चालन गरेको देखिएन । कार्यक्रम कार्यान्वयन नगरी विनियोजित बजेट निष्कृय राख्नु उपयुक्त देखिएन ।

५. **कानुन निर्माण -** मन्त्रालय क्षेत्र अन्तर्गत आवश्यक कानुन निर्माण गर्ने दायित्व रहेको यस मन्त्रालयले यो वर्ष २ नियमावली, २ कार्यविधि र २ मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । अन्य आवश्यक कानुन समयमा तयार गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत ७ निकायको रू.१४ लाख ४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.१ लाख ९६ हजार फर्स्यौट गरेकोले रू.१२ लाख ८ हजार बाँकी देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची–९** मा छ।

स्वास्थ्य मन्त्रालय

प्रदेश स्तरमा स्वास्थ्य सम्बन्धी योजना तथा नीति निर्माण, कानुन तर्जुमा र कार्यान्वयन, नीतिगत निर्णय, स्वास्थ्य सेवा सम्बन्धी मार्गदर्शन तथा निर्देशिका निर्माण, स्वास्थ्य संस्थाहरूको नियमन, समन्वय र सहयोग गर्न र स्थानीय तहसँग समन्वय गरी प्रभावकारी स्वास्थ्य सेवाको प्रत्याभूति दिने उद्देश्यले बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधन सहित) बमोजिम २०७८।५।१३ को प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका ५२ निकायको विनियोजन रू.४ अर्ब ६ करोड ६ लाख ३७ हजार, राजस्व रू.१ करोड ५७ लाख ४ हजार र धरौटी रू.६ करोड २९ लाख ४४ हजार समेत रू.४ अर्ब १३ करोड ९२ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । त्यसैगरी अन्य संस्था र समितितर्फ ९ निकायको रू.१ अर्ब ३० करोड ६९ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सभामा पेस भएका नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सहज सुलभ र गुणस्तरीय तुल्याउन एवं आपतकालीन अवस्थामा समेत स्वास्थ्य सेवाको मागलाई धान्न सक्ने गरी प्रदेशभित्रका जिल्ला अस्पताल स्तरोन्नति गर्ने, स्थानीय तहमा अस्पताल निर्माण गर्ने, दोलखा जिल्लामा रहेको चरिकोट अस्पताललाई पशुपति चौलागाई स्मृति अस्पताल नामाकरण गरी सुविधा सम्पन्न अस्पतालको रूपमा विकास गर्ने, हेटौंडा, नुवाकोट, ललितपुर र रामेछाप जिल्लाका आयुर्वेद केन्द्रलाई आयुर्वेद अस्पताल एवं रत्ननगर आयुर्वेद केन्द्रलाई प्रादेशिक आयुर्वेद अस्पतालमा स्तोरोन्नत्ति गर्ने, सिन्धुली, धादिङ्ग, त्रिशुली अस्पतालमा मृगौला रोगीका लागि निःशुल्क डायलिसिस सेवा बिस्तार गर्ने, नसर्ने रोगको नियन्त्रण र उपचारका लागि मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्ने, प्रदेश मातहतका सबै अस्पतालमा न्यूनतम सुविधा सम्पन्न एम्बुलेन्स व्यवस्था गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । नीति तथा कार्यक्रम र बजेट व्यक्तव्यमा घोषणा भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ अनुसार मन्त्रालयले तयार गरेको लक्ष्य प्रगतिको विवरण अनुसार मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका १३२ मध्ये शुन्य प्रगति भएका १० कार्यक्रम र ७५ प्रतिशतभन्दा कम भौतिक प्रगति भएका ३५ रहेका छन् । मन्त्रालयको शीर्षकगत लक्ष्य प्रगति विवरण अनुसार ७७.६६ प्रतिशतदेखि १०० प्रतिशतसम्म भौतिक प्रगति देखिएको छ। वित्तीय प्रगतितर्फ ४८.०४ प्रतिशतदेखि ८९.१४ प्रतिशतसम्म रहेको छ । मन्त्रालयको १३२ कार्यक्रममध्ये १ कार्यक्रममा ५० प्रतिशत प्रगति रहेको देखिन्छ । लक्षित कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

२.१. एक निर्माण व्यवसायीसँग दिनेश रामजी बहुप्राविधिक शिक्षालय, सिन्धुपाल्चोकको भवन निर्माण गर्न रू.१० करोड ४८ लाख ५९ हजार लागत स्वीकृत गरी २ वर्षभित्र सम्पन्न गर्ने गरी २०७७।६।७ मा सम्झौता भएकोमा २०७८।७९ को अन्त्यसम्म १८.८५ प्रतिशत अर्थात् रू.१ करोड ९७ लाख ६२ हजार खर्च भएको छ । मन्त्रालयले कार्य ढिला हुनुको कारण खुलाएको छैन । ढिलाई हुनुको कारण यकिन गरी कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ ।

३. **ठूला आयोजना -** मन्त्रालयबाट प्रस्तुत विवरण अनुसार रू.पाँच करोडभन्दा बढी लागत भएका आयोजनाहरूको कार्यान्वयनको अवस्था निम्नानुसार छ ।

(रू. हजारमा)

क्र.सं.	आयोजनाको नाम	लागत अनुमान	खर्च	वित्तीय प्रगति	भौतिक प्रगति
१	सुरक्षित र स्वास्थ्य भविश्य किशोर किशोरी कार्यक्रम	६००००	३७२४	६.२ प्रतिशत	२२ प्रतिशत
२	नवजात शिशु, मातृ मृत्युदर घटाउनका लागि आमा समुह सुदृढीकरण	८१६६०	४२०८३	५१.५३ प्रतिशत	६८ प्रतिशत

मन्त्रालयले सञ्चालन गरेका उल्लेखित २ आयोजनातर्फ किशोर किशोरी कार्यक्रममा रू.६ करोड बजेटमध्ये ६.२ प्रतिशत अर्थात् रू.३७ लाख २४ हजार खर्च गरी २२ प्रतिशत भौतिक प्रगति देखाएको छ । आमा समूह सुदृढीकरणतर्फ रू.८ करोड १६ लाख ६० हजार बजेटमध्ये रू.४ करोड २० लाख ८३ हजार अर्थात् ५१.५३ प्रतिशत खर्च गरी ६८ प्रतिशत भौतिक प्रगति देखाएको छ । मन्त्रालयले उपरोक्तानुसार प्रगति कम हुनुको कारण खुलाएको छैन । प्रगति कम हुनाको कारण पहिचान गरी समीक्षा गर्दै बजेट व्यवस्था अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **आवधिक योजनाको नतिजा -** प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) ले तय गरेका नतिजा सूचक र उपलब्धि अपेक्षित आयु बढाउने, ५ वर्ष मुनिको बाल मृत्यु दर घटाउने, शिशु मृत्यु दर घटाउने, ५ वर्षभन्दा मुनिका बालबालिकामा भएको पुड्कोपन घटाउने, आधा घण्टाको दुरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार बढाउने, ५ वर्ष मुनिको ख्याउटेपन भएका बालबालिकाको सङ्ख्या घटाउने, कुल प्रजनन दर घटाउने, कुपोषण प्रभावित जनसङ्ख्या घटाउने, आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार सङ्ख्या बढाउने, ट्रमा सेन्टर सहितको विशिष्टीकृत उपचार सेवा बिस्तार गर्ने जस्ता ३३ लक्ष्य तोकेको भएपनि लक्ष्य अनुसार प्रगति भएको छैन । कुष्ठ रोगको नयाँ केस, कम तौल भएका बालवालिकाको प्रतिशत घटाउने, पूर्ण खोपको दायरा, स्वास्थ्य बीमामा आवद्धता, वैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने र स्वास्थ्य संस्थाको वृद्धि गर्ने जस्ता विषयमा तोकिएको लक्ष्य भन्दा न्यून प्रगति भएको देखाएको छ । कम प्रगति हुनु र प्रगति नै नहुनुको समीक्षा गर्नुपर्दछ।

५. **एकीकृत आर्थिक विवरण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ८६ मा मन्त्रालय अन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यलयमा पेस गरेको छैन । तोकिएको समयमा आर्थिक विवरण पेस गर्नुपर्दछ।

६. **खर्च दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम मन्त्रालयको साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्च दक्षता बढाउनु पर्ने उल्लेख छ । प्रदेश सरकारको विनियोजन विधेयक, २०७८ अनुसार २०७८।७९ को लागि शुरूमा सामाजिक विकास मन्त्रालय अर्न्तगत विनियोजन भई २०७८।५।२३ मा अलग भई स्वास्थ्य मन्त्रालयको स्थापना भएको थियो । मन्त्रालय र मातहत कार्यालय समेतमा रू.६ अर्ब ३२ करोड ९ लाख ८० हजार बजेट कायम भएकोमा रू.४ अर्ब ६ करोड ६ लाख ३९ हजार अर्थात् ६४.२४ प्रतिशत खर्च भई रू.२ अर्ब २६

करोड ३ लाख ४१ हजार अर्थात् ३५.७६ प्रतिशत बाँकी रहेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेट प्रस्ताव तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

७. **मध्यमकालीन खर्च संरचना -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यमकालीन खर्च संरचना लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा १६ अनुसार नेपाल सरकार प्रदेश सरकार र मातहतका स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७८।७९ देखि २०८०।८१ सम्मको मध्यमकालीन खर्च संरचना तयार गरेको देखिन्छ। २०७७।७८ को नीति तथा कार्यक्रम र वार्षिक बजेट अनुसार सम्पादन भएका क्रियाकलापका आधारमा तयार गरेको प्रतिवेदन अनुसार स्वास्थ्य मन्त्रालय र अन्तर्गतका ४४ निकाय समेतको २०७८।७९ मा चालु र पुँजीगत गरी कुल रू.६ अर्ब ३२ करोड ९ लाख ८० हजार खर्च हुने प्रक्षेपण गरेकोमा रू.४ अर्ब ६ करोड ६ लाख ३८ हजार (६४.२४ प्रतिशत) खर्च भएको छ । स्वास्थ्य मन्त्रालय र अन्तर्गतबाट सञ्चालन हुने क्रियाकलापको खर्च प्रक्षेपण यथार्थपरक बनाउँनुपर्दछ।

८. **क्यान्सर रोगको उपचार खर्च -** नेपालको संविधान, २०७२ ले स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा राखेको छ । यसै मान्यता अनुरुप क्यान्सर जस्तो घातक रोगबाट पीडित बिरामीलाई १ लाख रुयैंयासम्मको उपचार खर्च उपलब्ध गराउने संघीय सरकारको नीति रहेको छ । यसै नीतिअनुसार बागमती प्रदेश सरकार मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत संघीय सरकारले १ लाख रुपैँया उपचार खर्च उपलब्ध गराएका बिरामीलाई उपचारमा थप टेवा पुऱ्याउन ५० हजार रुपैँयासम्मको खर्च व्यहोर्ने गरी १२ अस्पतालसँग सम्झौता गरी ५० हजारसम्मको खर्चको सोधभर्ना वापत १ हजार ७१६ विरामीका लागि रू.८ करोड ८६ लाख ९७ हजार उपलब्ध गराएको छ । एउटै कार्यक्रम संघीय र प्रदेश सरकारमार्फत् सञ्चालन भएको हुँदा अस्पतालले सोधभर्ना माग गर्दा एउटै उपचारको विल दुई तर्फ नहुनेगरी प्रति बिरामी एक लाख पचास हजार रुपैँयाको सीमामा रही उपचार खर्च उपलब्ध गराएको सुनिश्चित हुने गरी अभिलेख तयार गर्ने व्यवस्था हुनुपर्दछ ।

९. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण परीक्षण गराउनु पर्ने उल्लेख छ। मन्त्रालयले गैर नाफामूलक सामुदायिक अस्पताललाई पुँजीगत सुधार बिस्तार अनुदानको लागि क्षेत्रपाटी निःशुल्क चिकित्सालयसँग सम्झौता गरी फुल्ली वायोकेमेष्ट्रिक एनलाईजर १ सेट र हेमोटोलोजि एनलाईजर १ सेट खरिदको लागि ८० प्रतिशत अनुदान रू.७१ लाख ७३ हजार उपलब्ध गराएको र सम्बन्धित निकायले २० प्रतिशत व्यहोरेको छ । चिकित्सालयले सामाग्री खरिदका विल भरपाई र अन्य आवश्यक कागजात पेस गरी अनुदान निकासा प्राप्त गरेको भएपनि आपूर्तकबाट सामान प्राप्त गर्दा तोकिएको स्पेसिफिकेशनका सामान हो होइन भनी सम्बन्धित प्राविधिकबाट निरीक्षण परीक्षण गराएको छैन । गुणस्तर परीक्षण बेगर सामानको भुक्तानी भएको कार्य नियमसम्मत देखिएन ।

१०. **दरबन्दी र पदपूर्ति -** मन्त्रालय र मातहत २५ निकायमा प्रशासनिक १४ र प्राविधिक ११ समेत २५ दरबन्दी मध्ये १६ (६४ प्रतिशत) मात्र पदपूर्ति भई ९ रिक्त रहेको छ । स्वीकृतमध्ये ३६ प्रतिशत दरबन्दी रिक्त रहेको कारण सेवा प्रवाहमा असर पर्न गएको छ। स्वीकृत दरवन्दी समयमै पूर्ति गर्नुपर्दछ।

११. **स्वःमूल्यांङ्कन सम्बन्धी व्यवस्था -** प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा १९ बमोजिम सार्वजनिक स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाको तोकिए बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वमूल्यांङ्कन गरी आर्थिक वर्ष समाप्त भएको मितिले २ महिनाभित्र मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । बागमती प्रदेश अन्तर्गत निजी, सहकारी, सामुदायिक, गैर सरकारी र सार्वजनिक गरी कुल दर्ता भएका स्वास्थ्य संस्थाको अद्यावधिक अभिलेख राखी स्वमूल्यांङ्कन सम्बन्धमा अनुगमन गरी राख्नुपर्नेमा सो अनुरुप गरेको देखिएन । स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन पेस नगरेमा त्यस्तो संस्थालाई प्रदान गरेको सेवा पूर्ण वा आंशिक रूपमा तत्काल बन्द गर्न मन्त्रालयले आदेश दिन सक्ने, तोकिएको गुणस्तर पुरा नगरी सेवा सञ्चालन गरेको पाईएमा सुधारका लागि ३ महिनाको अवधि तोक्न सक्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार स्वास्थ्य संस्थाले २ महिनाभित्र प्रतिवेदन दिई गुणस्तर कायम नगरेको तथा संस्थाले प्रतिवेदन नै नदिएको अवस्था रहेको छ। मन्त्रालय अन्तर्गत १३ प्रदेश अस्पताल रहकोमा स्वमूल्यांङ्कन प्रतिवेदन प्राप्त गरी सेवा प्रवाहको अवस्था सम्बन्धमा मूल्याङ्कन गरेको देखिएन । स्वास्थ्य सेवामा गुणस्तरीयता कायम गर्न अनुगमन र नियन्त्रण कार्यलाई प्रभावकारी बनाई ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१२. **स्वास्थ्य संस्थाको नवीकरण -** प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा १५ अनुसार स्वास्थ्य सेवा प्रदान गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनुभन्दा ६ महिना अगावै नवीकरणका लागि मन्त्रालयमा निवेदन दिनुपर्ने, निवेदन प्राप्त भएमा मन्त्रालयले तोकेबमोजिमको दस्तुर लिई ५ वर्ष सम्मको लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालनको अनुमति नवीकरण गर्न सक्ने व्यवस्था छ । मन्त्रालयबाट सो विवरण माग गरेकोमा विवरण पेस भएन। स्वास्थ्य संस्थाले नवीकरणका लागि निवेदन दिएको तथा नवीकरण अनुमति प्राप्त गरेको अद्यावधिक विवरण राखी सेवा सञ्चालन अनुमति प्राप्त गरेका सबै संस्थाको तोकिएअनुसार नवीकरण गरे नगरेको अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

१३. **जिल्ला अस्पतालहरूको स्तोरोन्नति** – आर्थिक वर्ष २०७८।७९ को बजेट तथा कार्यक्रम अनुसार प्रदेशभित्रका जिल्ला अस्पतालको स्तरोन्नतिको लागि भवन, यन्त्र उपकरण, चिकित्सक तथा स्वास्थ्यकर्मीको व्यवस्था मिलाउने गरी बजेट व्यवस्था गरेको उल्लेख छ। उक्त रकमबाट न्यूनतम सेवा मापदण्ड सुधारका कार्यक्रम मार्फत स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाको स्वास्थ्यको सेवालाई गुणस्तरीय, प्रभावकारी र सुदृढ बनाउन बजेट व्यवस्था गरी स्वास्थ्य कार्यालयको प्राविधिक सहयोगको भूमिका बढाईएको, प्रादेशिक निर्वाचन क्षेत्रका स्वास्थ्य संस्थाको चिकित्सक सहितको सेवा सुनिश्चित गर्न स्थानीय तहलाई दिइदै आएको सहयोगलाई निरन्तरता दिइएको र स्थानीय तहमा अस्पताल भवन निर्माण गर्न वित्तीय हस्तान्तरण मार्फत रू.१० करोड ३५ लाख बजेट बजेट व्यवस्था गरिएको उल्लेख छ । आधारभूत स्वास्थ्य सेवाका लागि स्तरीय स्वास्थ्य पद्धति, २०७८ सम्बन्धी तालिम स्वास्थ्यकर्मीलाई प्रदान गरिएको विवरण मन्त्रालयबाट प्राप्त भएपनि बजेटमा उल्लेख भए अनुसार अस्पतालको बेड सङ्ख्या वृद्धि लगायतका विषयमा थप भएको विवरण पेस भएन।

स्वास्थ्य निर्देशनालय, हेटौंडा

१४. **लागत अनुमान -** सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) को (क) अनुसार सम्बन्धित सार्वजनिक निकायले चालु आर्थिक वर्षमा सोही प्रकृतिका खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने व्यवस्था छ।

निर्देशनालयले एक ठेक्कामा हेमोडायलासिस मेशिन खरिद गर्न रू.२ करोड ६४ लाख ६१ हजारको (मू.अ. कर बाहेक) लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट (२६.२१ प्रतिशत घटीमा) सम्झौता गरी रू.१ करोड ९५ लाख ४९ हजार भुक्तानी गरेको देखियो । तर सोही प्रकृतिको सामान ठेक्का नं. २९ बाट खरिद गर्ने गरी रू.३ करोड ४३ लाख ४४ हजारको लागत अनुमान तयार गरी ११.५१ प्रतिशत घटीमा सम्झौता गरी रू.३ करोड ३ लाख ९० हजारमा ठेक्का सम्झौता गरी एकै आपूर्तकबाट आपूर्ति भएको देखियो । एकै आर्थिक वर्षमा एकै प्रकृतिको उपकरण खरिद गर्न फरक फरक लागत अनुमान बनाई खरिद गरेको उपयुक्त देखिएन ।

स्वास्थ्य कार्यालयहरू

१५. **स्वास्थ्य चौकी भवन निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउने सम्बन्धी व्यवस्था रहेको छ। खाम्जिङ स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति र स्वास्थ्य कार्यालय, रसुवाबीच रू.२२ लाख ३ हजारको लागत अनुमानमध्ये रू.२० लाख भुक्तानी हुने गरी २०७९।२।२७ मा सम्झौता भएको छ । उक्त कार्यका लागि स्वास्थ्य कार्यालयबाट रू.१५ लाख ७० हजार भुक्तानी भएपनि सूचना पाटीमा गोसाईकुन्ड गाउँपालिकाको नाम मात्र रहेको देखिन्छ। आर्थिक वर्षको अन्त्य सम्ममा एकै कामका लागि रू.२ लाख ८३ हजारको पिसिसि कार्य नगरी ठेक्का फरफारक गरेको छ। एकै कामका लगि दुई निकायले सम्झौता गरेको तथा सम्झौता अनुसार काम समेत सम्पन्न गरेको नदेखिएकोले लगानी सदुपयोग सुनिश्चतता हुनुपर्दछ ।

१६. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ८५(क) मा एक आर्थिक वर्षमा एकपटक वा पटक पटक गरी रू.१० लाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छैन । स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकले विभिन्न छपाई तथा स्टेशनरीमा रू.१५ लाख १७ हजार, फर्निचर एण्ड फर्निसिङ्ग सप्लायर्समा रू.१२ लाख ६२ हजार र स्वास्थ्य सामग्री लगायतका रू.१० लाख २३ हजार समेत जम्मा रू.३८ लाख २ हजार, स्वास्थ्य कार्यालय, सिन्धुलीले विभिन्न मेशिनरी औजार फर्निचर लगायतका सामान ७ पटकमा रू.२६ लाख २३ हजार तथा स्वास्थ्य कार्यालय, काठमाडौंले फर्निचर तथा स्वास्थ्य सामग्री रू.४४ लाख ३० हजार गरी रू.१ करोड ८ लाख ५५ हजारको सामान सोझै खरिद गरेको छ । प्रतिस्पर्धा गराई मितव्ययी हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

१७. **सम्झौतामा भन्दा बढी जनशक्ति परिचालन -** सेवा प्रदायक र सेवाग्राहीबीच भएको दुई पक्षीय सम्झौताबमोजिम कार्य हुनुपर्दछ । प्रतिष्ठानले सुरक्षा गार्ड र माली सरसफाईकर्मीको लागि एक फर्मसँग २०७८।४।२ मा एक वर्षको लागि सम्झौता गरेको छ । उक्त सम्झौतामा सुरक्षा गार्ड ९ जना र माली तथा सरसफाईकर्मी ८ जना उपलब्ध गराउने र आवश्यक परे बढाउन सकिने उल्लेख छ । सो सर्भिस प्रा.लि. ले मंसिरदेखि असारसम्म तोकिएको सङ्ख्याभन्दा बढी हुने गरी सुरक्षा गार्ड ४ र हेल्पर १० बढीको बिल पेस गरी भुक्तानी लिएका छन् । सङ्ख्या बढाउने सम्बन्धमा प्रतिष्ठानबाट निर्णय भएको नदेखिएकोले मंसिरदेखि असारसम्म उक्त फर्मलाई १४ जनशक्तिको

पारिश्रमिक रू.२६ लाख ७२ हजारको आवश्यकता पुष्टी हुन सकेको छैन । यसरी सम्झौता भन्दा बढी भुक्तानी दिन मिल्ने देखिँदैन ।

१८. **कर्मचारी कल्याण कोष र अवकास खाता -** मदन भडारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (आर्थिक प्रशासन) नियमावली, २०७७ को नियम ५ अनुसार सुविधाको लागि कर्मचारी कल्याण तथा अवकास कोष नाममा एक खाता खोलिने र सो खातामा तोकिएबमोजिम रकम राखिने उल्लेख छ ।कर्मचारीलाई प्रतिष्ठानको सेवा शर्त नियमावली अनुसार सुविधाको रुपमा भविष्यमा भुक्तानी गर्नुपर्ने अनिवार्य दायित्वलाई रकम छुट्टाई सकेपछि मात्र अन्य सुबिधामा बजेट विनियोजन गरी सो अनुसार खर्च गर्नुपर्नेमा अनिवार्य दायित्वको रकम नछुट्टाई, विविध भत्ता लगायतमा रू.८ लाख खर्च गरेको कार्य नियमसम्मत देखिएन ।

१९. **दोहोरो सुविधा -** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान पदाधिकारी व्यवस्थापन तथा सेवा सुबिधा सम्बन्धी नियमावली, २०७७ नियम ५० को उपनियम २ मा पदाधिकारीले प्रतिष्ठानको शिक्षकको रुपमा काम गरेमा निजलाई पदाधिकारी वा शिक्षकको तलब भत्ता समेत जोड्दा जुन बढी हुन्छ सो पाउने उल्लेख छ । एक पदाधिकारीलाई शिक्षकको रुपमा समेत काम गरेको भनी तलब भत्ता भुक्तानी दिएकोमा २०७८।२।२० मा बसेको प्रतिष्ठानको १५औं बैठकमा शिक्षाध्यक्षको सुबिधामा माग गरेको पत्रको सम्बन्धमा छलफल हुँदा सुविधा दिने निर्णय नभई पदाधिकारीलाई जानकारीमात्र दिने निर्णय भएको देखियो । शिक्षकको रुपमा काम गरेको पुष्टी हुने कक्षा तालिका, हाजिरी लगायतका कागजात संलग्न नरहेकोले शिक्षकको रुपमा काम गरेको नदेखिँदा बढी भुक्तानी भएको रू.२ लाख २१ हजार असुल गर्नुपर्दछ।

अस्पतालहरू

२०. **लागत सहभागिता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्बन्धी व्यवस्था रहेको छ। नियमावलीको नियम ९७(३)(क१) अनुसार रू.६० लाख भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य ईकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान खुलाउनुपर्ने लगायतको व्यवस्था छ । त्यसैगरी नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । बकुलहर रत्ननगर अस्पताल, चितवनले आफ्नो भवन निर्माण तथा मर्मत लगायतको कार्यका लागि बकुलहर रत्ननगर अस्पताल भवन निर्माण उपभोक्ता समिति मार्फत एकैदिन ६ सम्झौता गरी रू.७३ लाख ५१ हजारको कार्य गरेको छ। उपभोक्ता समिति मार्फत भएको उक्त कार्यमा समितिले ब्यर्होनुपर्ने लागत सहभागिता बेगर सम्झौता भएको छ भने निर्माण कार्य सम्पन्न भएपश्चात् अस्पताल भवनको स्वामित्व तथा मर्मत सम्भारको जिम्मेवारी हस्तान्तरण हुने अवस्था समेत देखिँदैन । त्यसैले उपभोक्ताको लागत सहभागिता नभएको, स्वामित्व तथा मर्मत सम्भारको जिम्मेवारी हस्तान्तरण समेत नहुने खालको कार्य ६ वटा टुक्रा पारी गरेको गरेको निर्माण कार्य नियमसम्मत देखिएन ।

२१. **लागत अनुमान र स्पेसिफिकेसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले निर्माण कार्य बाहेक एक लाख रुपैँयाभन्दा बढीको खरिद कार्य गर्दा स्पेसिफिकेसन तथा

लागत अनुमान स्वीकृत गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । बज्रवाराही अस्पताल, ललितपुरले विभिन्न २ आपूर्तकसंग टेलिभिजन २ थान, प्रोजेक्टर २ थान डेक्सटप कम्प्युटर ७ थान, सि.सि. टि.भी. १ सेट, लेजर प्रिन्टर ५ थान, डट म्याट्रिक्स प्रिन्टर ४ थान रू.१२ लाख ९ हजार, एक प्रा.लि.संग सफ्टवेयर १ थान रू.९ लाख ९५ हजार र औषधि खरिद वापत एक प्रा.लि. लाई रू.४ लाख ९९ हजार समेत रू.२७ लाख ३ हजार भुक्तानी गरेकोमा स्पेसिफिकेशन तथा लागत अनुमान स्वीकृत नगरी खरिद गरेको छ। ऐनको व्यवस्थाबमोजिम खरिद गर्नुपर्दछ ।

२२. **म्याद समाप्त भएको औषधि -** स्वास्थ्य संस्थामा उपलब्ध हुनुपर्ने औषधिहरू १८ महिना म्याद भएको हुनुपर्ने र औषधिको म्याद समाप्त हुने समस्यालाई घटाउदै लैजाने नेपाल सरकारको नीति भए तापनि सिन्धुली अस्पताल विकास समिति, सिन्धुलीबाट म्यादभित्र वितरण नभई अवधि समाप्त भएका २९ किसिमका म्याद नाघेका ५ देखि ३६ हजार औषधि मौज्दात रहेको पाईयो । यसरी एकातर्फ सेवाग्राहीले समयमा औषधि नपाउने र अर्कोतर्फ औषधिको म्याद नाघेर नष्ट गर्नुपर्ने उचित देखिएन।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहत २८ निकायको रू.७ करोड १५ लाख ३५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ७ निकायले रू.८९ लाख ४७ हजार फर्स्यौट गरेकोले रू.६ करोड २५ लाख ८८ हजार बाँकी देखिएको छ । सोमध्ये रू.१ करोड २६ लाख ३४ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

➢ समितितर्फ ९ अस्पताल विकास समितिको रू.७६ लाख ४४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट नभएकोले रू.७६ लाख ४४ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग गठन हुने व्यवस्था छ । प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति, प्रदेश वा स्थानीय तहको संगठित संस्थाको सेवाका उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गरी कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ ।

यो वर्ष आयोगको विनियोजन रू.७ करोड ७ लाख ४८ हजार, राजस्व रू.७ करोड २२ लाख ४७ हजार र धरौटी रू.१४ लाख ७४ हजार समेत रू.१४ करोड ४४ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१. **परामर्श -** आयोगको वार्षिक प्रतिवेदन अनुसार २०७८।७९ मा आयोगले प्रदेश सरकारका विभिन्न निकाय तथा प्रदेश भित्रका स्थानीय तहबाट माग भई आएका विषयमा परामर्श उपलव्ध गराएको र उक्त प्रतिवेदन अनुसार काठमाडौं र ललितपुर महानगरपालिकाको कानुन विपरीत गरिएका बढुवा बदर सम्बन्धी निर्णय, स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ को मस्यौदाका सम्बन्धमा, कमलामाई नगरपालिकाको विभिन्न पदका कर्मचारीहरूको सेवा समूह परिवर्तन सम्बन्धमा र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ बमोजिम तह मिलान गर्ने लगायतका विषयमा परामर्श दिएको देखिएको छ ।

२. **निरीक्षण -** प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ८० बमोजिम प्रचलित कानुन तथा आयोगले समय समयमा तोकेको कार्य विधि र शर्तबमोजिम नियुक्ति बढुवा र विभागीय कारबाही भएको छ छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय विभाग निर्देशनालय र कार्यालय, स्थानीय तह समेतको निरीक्षण गर्न सक्ने भन्ने व्यवस्थाबमोजिम काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र हेटौंडा उप महानगरपालिकाको निरीक्षण गरेको देखिएको छ । निरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्न अनुसार छन्:

२.१. काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ र काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ तयार गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श समेत माग नगरेको तथा आयोगबाट २०७७।७८ मा विज्ञापन भएको विभिन्न तहको पदमा लोक सेवा आयोगसँग कर्मचारी माग नगरी करारमा जनशक्ति पदपूर्ति गरेको देखिएको छ । साथै आयोगको परामर्श विना ऐन, कानुन निर्माण गरेको, कर्मचारीको एक तह वृद्धि गरेको देखिएको छ ।

२.२. ललितपुर महानगरपालिकाको निरीक्षणमा प्रदेश लोकसेवा आयोग नियमावली, २०७६ को अनुसुची ३० र ३२ बमोजिमको विवरण भरेर कतिपय पदको मागको आकृति फाराम नपठाई करारमा कर्मचारी नियुक्ति गरी काम गराएको र महानगरपालिकाले दरबन्दी विवरण उपलव्ध नगराएकोले कुल दरबन्दी यकिन हुन नसकेको अवस्था देखिएको छ । साथै ललितपुर महानगरपालिकाले समायोजन भएर आएका संघीय कर्मचारीसँगै अन्य कर्मचारीहरूको एक तह बढुवा र तलब वृद्धि गरेको देखिएको छ ।

२.३. हेटौंडा उपमहानगपालिकाले कर्मचारी सेवा शर्त सम्बन्धी कानुन तयार गर्दा लोकसेवा आयोगको परामर्श समेत माग नगरेको र आयोगबाट विज्ञापन हुँदा पद रिक्त हुँदाहुँदै पदपूर्तिका लागि माग गरेको नदेखिएको अवस्था छ ।

सबै निकायले आयोगमा रिक्त दरबन्दी माग पठाउनु पर्ने साथै अन्य निकायमा समेत निरीक्षण गर्ने कार्यलाई प्रभावकारी बनाई कानूनी व्यवस्थाको पालना गराउनुपर्दछ ।

३. **पाठ्यक्रम निर्माण -** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३२ बमोजिमको पाठ्यक्रम समितिको सिफारिशमा आयोगले विभिन्न पदहरूको पाठ्यक्रम स्वीकृत गर्दछ । आयोगले यो वर्ष प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न तह, पद, समूह र उप समूहको २५ पदका लागि ४८ वटा तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान तर्फको विभिन्न सेवा/समूह तहका ८८ पदका लागि ११ गरी कुल ५९ वटा पाठ्यक्रम निर्माण गरेको देखिएको छ ।

४. **दरखास्त तथा सिफारिश -** आयोगबाट यो वर्ष विभिन्न सेवा समूहका तह ४ देखि ९ सम्मका विविध पदहरूका लागि पाठ्यक्रम स्वीकृत गरी लागू गरेको छ । विभिन्न सेवा/समूह/उप समूह तह तथा पदहरूको १ हजार ४० माग पद सङ्ख्यामध्ये ८०७ प्रदेश मन्त्रालय तथा अन्तर्गत विभिन्न स्थानीय तहहरूमा सिफारिश गरेको र २३३ जना सिफारिश हुन बाँकी देखिएको छ । साथै ०७७।७८ मा विज्ञापन भएका विभिन्न सेवा समूह उपसमूह र पदहरूको २०७८।७९ को असार मसान्तसम्मको पदपूर्ति तर्फ चौथो तहमा ४४ हजार १४, पाँचौ तहमा २९ हजार ९४१ र छैठौं तहमा ३ हजार २१७ गरी ७७ हजार १७२ परीक्षार्थी उम्मेदवार रहेको जनाएको छ । वार्षिक पदपूर्ति कार्यतालिका बमोजिम विभिन्न पदहरूको लिखित लगायत अन्य परीक्षा सञ्चालन गरी उम्मेदवार सिफारिश गर्नुपर्ने देखिएको छ ।

५. **स्थायी नियुक्ति -** नेपालको संविधान, २०७२ को धारा २४३ को उपधारा ६(ग) बमोजिम सरकारबाट निवृत्तिभरण पाउने पदमा तथा संघीय निजामती सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा नेपालको संविधान २०७२ को धारा २४२ को उपधारा ५ ६(ग) बमोजिम लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गर्न नमिल्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ को उपदफा ३ बमोजिम स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्नुपर्ने व्यवस्था रहेको छ। ललितपुर महानगरपालिकाले आफू मातहत कर्मचारीको विवरण तयार गरी रिक्त दरबन्दी पदपूर्ति कार्यलाई अद्यावधिक गरी रिक्त रहेको पदमा पदपूर्तिको गर्नको लागि प्रदेश लोक सेवा आयोगमा लेखिपठाउनु पर्नेमा सो प्रकृया बेगर २०७८।७९ पहिलो नगरसभाको निर्णयानुसार ४१ जना कर्मचारीलाई स्वतः स्थायी गरेको छ । कर्मचारी नियुक्ति गर्दा प्रदेश लोक सेवाले तोकेको प्रकृया परा गरी नियुक्ति गर्नुपर्दछ ।

६. **स्थानीय तहको खुला तथा आन्तरिक परीक्षा -** प्रदेश निजामती सेवा ऐन, २०७८ एवं स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ मा व्यवस्था भए अनुसार वढुवा समितिको सचिवालय क्रियाशील नभएको कारण खुला तथा आन्तरिक प्रतियोगिताका लिखित परीक्षाको नतीजा प्रकाशित हुन नसकेको व्यहोरा आयोगको तेश्रो वार्षिक प्रतिवेदनमा उल्लेख छ । यसका साथै दरबन्दी यकिन गर्ने, पद दर्ता गर्ने र रिक्त पदहरूका लागि आयोगको वार्षिक कार्यतालिकाबमोजिम माग फाराम भरी

पठाउने कार्य हुन सकेको देखिदैन। उल्लेखित विषयमा कारवाही गरी बढुवा तथा लिखित परीक्षाको नतिजा सम्वन्धी प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

७. **दरबन्दी र पदपूर्ति -** प्रदेश सरकारवाट स्वीकृत अस्थायी दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा स्वीकृत दरवन्दी कुल ४९ रहेकोमा २१ पदपूर्ति भई २८ पद (४२.८५ प्रतिशत) मात्र पदपूर्ति भई २८ पद (५७.१५ प्रतिशत) रिक्त रहेको छ । आयोगको तेश्रो वार्षिक प्रतिवेदनमा न्यून सङ्ख्यामा कर्मचारी रहेको अवस्थामा आयोगको सहमति विना कर्मचारी सरूवा हुने गरेकोले कठिनाई भइरहेको जनाएको छ । रिक्त पदहरू पूर्ति गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउनु पर्दछ ।

८. **करारमा कर्मचारी -** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ वमोजिम प्रदेश सरकार र सबै स्थानीय तहहरूले ६ महिनाभन्दा बढी अवधिको लागि अस्थायी पदपूर्ति गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ । आयोगको तेश्रो वार्षिक प्रतिवेदन अनुसार आयोगमा पदपूर्तिको लागि कम सङ्ख्याको माग आकृति फाराम भरी पठाउने र करारमा कर्मचारी राख्ने गरेको देखिएको छ । यो वर्ष ११९ स्थानीय तह मध्ये ६२ ले मात्र पदपूर्तिका लागि माग फाराम पठाएको पाइयो ।रिक्त पदहरूमा पूर्तिका लागि आयोगमा माग गर्नुपर्दछ ।

९. **खर्चको अवस्था -** आयोगको वार्षिक कार्यक्रमको लागि चालुतर्फ विनियोजित बजेट रू.९ करोड ९६ लाख ७० हजार मध्ये ५ करोड ९१ लाख १४ हजार खर्च गरेको छ भने पुँजीगततर्फ विनियोजित रू.१ करोड २८ लाख ५० हजार मध्ये रू.१ करोड १७ लाख ९ हजार रहेको छ । यो खर्च चालु तर्फ ६०.५३ प्रतिशत र पुँजीगततर्फ ९१.१२ प्रतिशत रहेको छ । कार्यक्रम सञ्चालन गरी खर्च हुन सक्ने आधारमा मात्र बजेट विनियोजन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** - प्रदेश लोकसेवा आयोगको रू.३६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट गरेको छैन । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा उल्लेख भएबमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने गराउने र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारी समेतलाई कानुनी राय सल्लाह उपलब्ध गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

यो वर्ष कार्यालयको विनियोजन तर्फ रू.१ करोड १६ लाख ४ हजार, धरौटी तर्फ रू.४ हजार समेत रू.१ करोड १६ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ वमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको, संविधान एवं कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, कानूनी राय प्रदान गर्ने, प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका विषयमा अदालतमा पेस गर्ने व्यवस्था मिलाउने, प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत हिरासत तथा थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा महान्यायधिवक्तासँग समन्वय गरी अनुगमन गर्ने कार्य मुख्य न्यायाधिवक्ताको रहने गरी तोकिएको छ।

उक्त सम्बन्धमा कार्यालयमा मुद्दाको चाप बढ्दै गएको र फर्स्यौंटको अवस्था न्यून रहेकोले न्याय निरुपणमा ढिलाई भएको, कार्यविभाजन नियमावलीले व्यवस्था गरेबमोजिम अन्य कार्यहरूको कार्यान्वयन हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ । यसमा कार्यालयले गर्ने समग्र कार्यमा कार्यसम्पादन नियमावलीमा तोकिएका कार्यहरू कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

२. **मुद्दा फर्स्यौंटको अवस्था -** कार्यालयद्वारा २०७५।७६ सम्ममा १२ मुद्दा दर्ता भएको मध्ये ३ मुद्दा फर्स्यौंट भएको, २०७६।७७ मा कानूनी राय ७ र नयाँ मुद्दा ४२ दर्ता भई १३ मात्र फर्स्यौंट भएको, २०७७।७८ मा ४६ नयाँ मुद्दा दर्ता भई १३ मात्र फर्स्यौंट भएको, २०७८।७९ मा ७५ नयाँ मुद्दा दर्ता भएकोमा ४४ फर्स्यौंट भएको छ । कार्यालयले १० हिरासत कक्षको निरीक्षण, ३ कानूनी राय, अन्तरप्रदेश अनुभव ४ पटक आदान प्रदान भएको देखिएको छ। हाल यस कार्यालयबाट दर्ता गरेका १०५ मुद्दा फर्स्यौंट गर्न बाँकी देखिन्छ । यसरी हेर्दा प्रत्येक वर्ष यस कार्यालयमा मुद्दाको चाप बढ्दो अवस्थामा रहेको देखिन्छ। सुरुका वर्षहरूमा कर्मचारी समायोजनसँग सम्बन्धित बढी मुद्दाहरू पर्ने गरेकामा पछिल्ला वर्षहरूमा क्रमशः प्रदेश सरकारको अधिकार क्षेत्र, कर तथा राजस्व, प्रदेश

कानुनको सम्बन्धमा न्यायिक पुनरावलोकनका माग सहितका रिट निवेदनहरू पर्ने गरेको देखिन्छ । फर्स्यौंट गर्न बाँकी रहेका मुद्दालाई समयमै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम यस कार्यालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्च दक्षता बढाउनुपर्ने उल्लेख छ । यसवर्ष कार्यालयलाई रू.१ करोड ८५ लाख ८३ हजार बजेट विनियोजन भएकोमा रू.१ करोड १६ लाख ४ हजार अर्थात् ६२.४५ प्रतिशतमात्र खर्च गरेको छ । बजेट विनियोजन अनुसार कार्यजिम्मेवारी तथा भूमिका बढाई खर्च गर्ने क्षमतामा अभिवृद्धि गर्नुपर्दछ ।

४. **दरबन्दी पदपूर्ति -** कार्यालयले उपलब्ध गराएको दरबन्दी र पदपूर्तिको विवरण अनुसार जम्मा स्वीकृत दरबन्दी ११ रहेकोमा ४ जना पदपूर्ति भई ७ दरबन्दी रिक्त रहेको देखिन्छ । यस कार्यालयको स्वीकृत दरबन्दी अनुसारको पदपूर्ति नभएको तथा प्रदेश सरकारबाट स्वीकृत नयाँ दरबन्दी सर्वोच्च अदालतमा विचाराधीन रहेको कारण जनशक्ति परिचालन र कार्यसम्पादनमा कठिनाइ भएको देखिन्छ। रिक्त दरबन्दीमा स्थायी पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- **बेरुजु स्थिति** - कार्यालयतर्फ यो वर्ष लगती बेरुजु देखिएको छैन ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारको विकास नीति एवं योजना तथा कार्यक्रम तर्जुमा कार्यलाई लक्ष्यउन्मुख, सूचकमा आधारित र प्राथमिकताको क्षेत्र केन्द्रित बनाउन सहयोग र सल्लाह दिनको लागि प्रदेश सरकारको २०७५।२।२९ को निर्णयबाट प्रदेश नीति तथा योजना आयोग गठन भएको छ ।

यो वर्ष आयोगको विनियोजन रू.२ करोड ७२ लाख ११ हजार, राजस्व रू.१५ हजार र धरौटी रू.१९ हजार र अन्य कारोबार रू.२० हजार समेत रू.२ करोड ७२ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका ब्यहोरा निम्नानुसार छन् :

१. **आयोगबाट सम्पादित काम** - आयोगको बार्षिक लक्ष्य तथा कार्यक्रम अन्तर्गत सम्पादित कार्यतर्फ प्रदेश आवधिक योजनाको मध्यावधि समीक्षा र समायोजन ढाँचा तर्जुमा, राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन, वार्षिक योजना तर्जुमा सम्बन्धमा प्रदेशका १३ जिल्लाका स्थानीय तहसँग जिल्लास्तरीय योजना गोष्ठी आयोजना, युके एड पूर्णिमा कार्यक्रमको आर्थिक सहयोगमा ५ स्थानीय तहको आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमामा प्राविधिक सहयोग, प्रदेश सुशासन केन्द्रको लगानीमा १५ स्थानीय तहको आवधिक योजना तर्जुमामा प्राविधिक सहयोग, संघीय बजेट प्रस्ताव गर्नको लागि ४४ आयोजनाको मूल्याङ्कन र प्राथमिकीकरण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेस, प्रदेश सरकारको आयोजनाको मापदण्डको मस्यौदा तयारी र विभिन्न आयोजनाहरूको अनुगमन रहेका छन्। उल्लेखित कार्य मध्ये सञ्चालित कार्यक्रमहरूको लागि प्रस्तावित बजेट र यथार्थ खर्च तथा कार्यक्रमको प्रगति खुलाई प्रगति प्रतिवेदन तयार गरेको देखिएन । अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारबाट प्राप्त योजनाको प्रगति विवरण प्रस्तुत गरेको देखिएन। आयोगको गठन आदेशमा उल्लेख भएबमोजिमका कार्य सम्पादन गर्नुपर्दछ ।

२. **आयोजना छनौट र प्राथमिकिकरण** - प्रदेश सरकारको बजेटको बार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार आयोजना छनौट सम्बन्धी मापदण्डको पूर्ण पालना नभएको, पूर्व सम्भाव्यता अध्ययन र तयारी विनाका आयोजना तथा कार्यक्रम प्रस्ताव गरेको, बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा योजनाबद्ध रूपमा प्राथमिकता प्राप्त कार्यक्रमहरू छनौट नभई विभिन्न स-साना कार्यक्रमहरूमा बजेट विनियोजित हुने गरेको, अन्तर निकाय समन्वयको अभावमा आयोजना तथा कार्यक्रममा दोहोरोपना कायमै रहेको, प्रादेशिक महत्व तथा प्रदेश गौरवका आयोजनाहरूको छनौटको मापदण्ड तयार नभएको, बहुवर्षीय ठेक्का सम्वन्धी मापदण्डको पूर्णपालना नभएको, आयोजना बैङ्क मार्फत आयोजना तथा कार्यक्रमको प्रस्ताव प्राथमिकिकरण र छनौट नभएको लगायतका समस्याहरू देखिएका छन् । प्रदेश नीति तथा योजना आयोगले यस सम्बन्धमा प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको विकास गरेको भए तापनि त्यसको उपयोग गरी आयोजना छनौट र प्राथमिकीकरणमा प्रभावकारिता कायम हुन सकेको देखिएन । प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र कार्यान्वयनमा सहजीकरण कार्य समेत आयोगबाट गर्नुपर्दछ ।

३. **आवधिक योजनाको समीक्षा** - आयोगले पहिलो आवधिक योजना ०७६।७७ देखि २०८०।८१ तर्जुमा गरी लागू गरेको र उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा सूचकहरू अनुसार नतिजा प्राप्त भए नभएको सम्बन्धमा मध्यकालीन समीक्षा गर्नुपर्दछ । सो अनुसार आयोगले निम्न सूचकाङ्कहरूमा राखेको लक्ष्य अनुसारको प्राप्ति समीक्षा गरेको छैनः

क्र.सं.	सूचकाङ्क	आधार वर्ष ०७५।७६	०७६।७७ को लक्ष्य	०७७।७८ को लक्ष्य	०७८।७९ को लक्ष्य
१	बहुआयमिक गरिबी सूचांङ्क (प्रतिशत)	१२.९	१०.८	१०	९.८
२	मानव विकास सूचकाङ्क	०.६४१	०.६४७	०.६५३	०.६५९
३	आर्थिक बृद्धि दर प्रतिशत	७	९	९.५	९.८
४	उद्योग क्षेत्रको बृद्धिदर (प्रतिशत)	८	१३.८	१९.	१४.१
५	प्रति व्यक्ति आय (अमेरिकि डलरमा)	१९१७	२१११	२३२४	२५४०

प्रत्येक वर्षको लागि तोकिएका सूचकहरूबमोजिम नतिजा हासिल गर्न नसकेमा आवधिक योजनाले परिकल्पना गरेको सोच लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न नसकिने हुँदा नतिजाको समीक्षा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४. **खर्च दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम साधरण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । प्रदेश सरकारको विनियोजन विधेयक, २०७८ अनुसार २०७८।७९ मा प्रदेश नीति तथा योजना आयोगलाई रू.४ करोड ८८ लाख ९४ हजार बजेट कायम भएकोमा रू.२ करोड ७२ लाख ११ हजार खर्च गरी ५५.६५ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेटको प्रस्ताव तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ ।

५. **दरबन्दी र पदपूर्ति -** आयोगको स्वीकृत कर्मचारी दरबन्दी २२ मध्ये १४ पूर्ति ८ पद रिक्त रहेको छ। जनशक्तिको अभावमा आयोगको काममा असर पर्ने भएकोले रिक्त दरबन्दीमा पदपूर्ति गर्नुपर्दछ ।

६. **क्षेत्रगत विकासका अवधारणा -** बागमती प्रदेशको नीति तथा योजना आयोगले क्षेत्रगत विकासका अवधारणा अगाडि बढाउदै २०७६।७७ देखि २०८०।८१ सम्मको प्रथम आवधिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्ने, आवधिक योजनालाई कार्यान्वयन गरिरहेको देखिएको छ । प्रथम योजना लागू भएको ३ वर्ष पुरा हुँदा देखिएका केही क्षेत्रगत कार्यक्रम कार्यान्वयनको अवस्था निम्न अनुसार छः

६.१. पूर्वाधार विकासतर्फ प्रादेशिक विकासको लागि आवश्यक प्रादेशिक संरचना स्थापनाको लागि महत्वपूर्ण नीतिगत आधार र कानूनी संयन्त्रहरू स्थापित तीनै तहका सरकारबीचमा समन्वय सहकार्य र साझेदारी सम्बन्धी प्रक्रिया र पद्धति स्पष्ट हुने, स्मार्ट शहर तथा जग्गा विकास योजनाहरू तर्जुमा भई कार्यान्वयन हुने, महत्वपूर्ण सडक यातायात र सिँचाई परियोजनाको सम्भाव्यता अध्ययन भई कार्यान्वयनमा लैजाने क्षेत्रगत लक्ष्य निर्धारण गरेको देखिएको छ ।

६.२. विपद् व्यवस्थापनतर्फ संघीय संरचना अनुसार प्रदेशस्तरमा विपद् व्यवस्थापन जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यस्थापन, जोखिम क्षेत्र नक्साङ्कन र बस्ती हस्तान्तरणसम्म प्रादेशिक नीति कार्यान्वयनको विषय कार्यक्षेत्रमा समावेश गरेको देखिन्छ।

६.३. सामाजिक सेवातर्फ संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक, मातृभाषामा शिक्षा पाउने हक, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, राज्यको नीति शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउने, उच्च शिक्षासम्म निःशुल्क बनाउँदै जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने, प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम, प्रादेशिक शिक्षा र छात्रवृत्तिसम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, शिक्षक व्यवस्थापन र क्षमता विकास, माध्यामिक परीक्षा व्यवस्थापन तथा प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापनजस्ता विषयहरू समावेश गरेको देखिन्छ ।

६.४. वन तथा वातावरणतर्फ प्रदेशस्तरीय वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन सम्बन्धी कानुन, नीति र मापदण्ड, प्रदेशभित्र वैज्ञानिक वन व्यवस्थापन, प्राकृतिक जैविकमार्गको विकास, समुदायमा आधारित वन व्यवस्थापन प्रणाली, फलफूल तथा जडीबुटीको उत्पादन वृद्धि, नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन योजना, चुरे तथा वन अतिक्रमण र वन्यजन्तु चोरीशिकारी, वातावरण विनाश गर्ने कार्यहरूको नियन्त्रण, कृषि वनजस्ता वैकल्पिक जीवनयापनका उपायहरूद्वारा विपन्न वर्गलाई टेवा, जैविक विविधताको संरक्षण, वन क्षेत्रको उत्पादकत्व वृद्धि भई आयात न्यूनीकरण लगायतका कार्यहरू गर्ने लक्ष्य निर्धारण गरेको देखिएको छ ।

६.५. सुशासनका लागि प्रदेश संरचनामा रहने कर्मचारीहरूको क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, सूचना तथा सञ्चार प्रविधिमा नागरिक पहुँचको अभिवृद्धि र भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा सहभागितात्मक विकास पद्धतिप्रति प्रतिबद्धता लगायतका कार्यहरू क्षेत्रगत कार्य लक्ष्य निर्धारण गरी कार्यान्वयनमा ल्याएको देखिएको छ।

उल्लेखित कार्य लक्ष्य पुरा गर्न लागि आवश्यक कार्ययोजना बनाएको देखिएन। आयोगबाट प्राप्त विवरण अनुसार उपरोक्त योजना रणनीतिको हालसम्मको प्रगति अवस्था निम्नानुसार छः

नतिजा सूचक	इकाई	आधार वर्ष	आ.व. २०७८।७९	
		२०७५।७६	लक्ष्य	प्रगति
नतिजामुखी योजना प्रणाली	सङ्ख्या	०	१२०	४४
प्रदेशका आधारभूत तथ्याङ्क उपलब्धता	प्रतिशत	६०	१००	७०
ठूला आयोजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन	प्रतिशत	०	१००	१
प्रदेशको वार्षिक खण्डिकृत तथ्याङ्क प्रतिवेदन	ओटा	०	१	१
स्थानीय तहको वस्तुगत विवरण तयारी	सङ्ख्या	६०	११९	६०
स्थानीय तहको आवधिक योजना तर्जुमा	सङ्ख्या	०	११९	४४
संघ र स्थानीय तहको मध्येकालीन खर्च संरचना	सङ्ख्या	०	१२०	२०
संघ र स्थानीय तहसँग तथ्याङ्कको विद्युतीय सञ्जालीकरण	स्थानीय तह सङ्ख्या	१	१२०	-
योजना तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम	सङ्ख्या	१	१५	-
स्थानीय तहसँग योजना प्रक्रियामा सहजीकरण	सङ्ख्या	०	११९	४४

परियोजना बैङ्क स्थापना र सञ्चालन	सङ्ख्या	१	४६	१
प्रादेशिक विकास समस्या समाधान समितिको बैठक	सङ्ख्या	०		९
प्रादेशिक आयोजनाहरूको अनुगमन	प्रतिशत			१
विषयगत अध्ययन अनुसन्धान	सङ्ख्या			१
बहुपक्षीय पोषण कार्यक्रमको सहजीकरण	सङ्ख्या			१
प्रदेश आवधिक योजनाको मध्यावधि मूल्याङ्कन	सङ्ख्या			१
अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका स्थानीय तहहरू	सङ्ख्या	०	११९	-

उपरोक्त तालिका अनुसार संघ र स्थानीय तहसँग तथ्याङ्कको विद्युतीय सञ्जालीकरण १२० अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका स्थानीय तहहरू ११९ पुऱ्याउने लक्ष्य तोकिएकोमा प्रगति शुन्य देखिएको छ। प्रादेशिक विकास समितिको बैठक सङ्ख्या ९, प्रादेशिक आयोजनाहरूको अनुगमन १ प्रतिशत, विषयगत अध्ययन अनुसन्धान सङ्ख्या १, वहुपक्षीय पोषण कार्यक्रमको सहजीकरण सङ्ख्या १ उपलब्धि देखाएको भएपनि ती कार्यक्रमहरूको बार्षिक लक्ष्य तोकेको छैन। नतिजामुखी योजना स्थापना लक्ष्य सङ्ख्या १२० राखेकोमा उपलब्धि सङ्ख्या ४४ रहेको, प्रदेशका आधारभूत तथ्याङ्क उपलब्धता लक्ष्य १०० रहेकोमा उपलब्धि ७० प्रतिशत, ठूला आयोजनाहरूको नतिजामुखी अनुगमन मूल्याङ्कन लक्ष्य १०० रहेकोमा उपलब्धि १ प्रतिशत, स्थानीय तहको वस्तुगत विवरण तयारी लक्ष्य सङ्ख्या ११९ रहेकोमा उपलब्धि सङ्ख्या ६०, स्थानीय तहको आवधिक योजना तर्जुमा लक्ष्य सङ्ख्या ११९ रहेकोमा उपलब्धि सङ्ख्या ४४, प्रदेश तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा लक्ष्य सङ्ख्या १२० रहेकोमा उपलब्धि सङ्ख्या २०, परियोजना बैङ्क स्थापना र सञ्चालन लक्ष्य सङ्ख्या ४६ रहेकोमा उपलब्धि सङ्ख्या १ रहेको हुँदा प्रगति नै नभएको तथा लक्ष्य भन्दा न्यून प्रगति भएको सम्बन्धमा समिक्षा गरेको छैन। तोकिएको लक्ष्य हासिल गर्न पहल गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

परिच्छेद-४

प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत् प्रदेशसभा समक्ष पेस गर्ने व्यवस्था छ । सो अनुसार महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन मिति २०७९।४।६ मा प्रदेशसभामा पेस भएको छ । सार्वजनिक लेखा समितिले यो वर्ष १६ पटक बैठक सञ्चालन गरी महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०७८ र २०७९ का विषयमा ३ उपसमितिमा छलफल तथा प्रदेश सरकारको काम कारवाहीका विषयमा निर्देशन दिएको छ । समितिबाट गठित २ उप-समितिले समितिमा प्रतिवेदन पेस गरेतापनि एक उपसमितिले प्रतिवेदन पेस गरेको छैन । समितिले हालसम्म गरेका निर्णयहरूको कार्यन्वयन भए नभएको विषयमा अनुगमन गरी प्रतिवेदन प्राप्त गरेको देखिएन। वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ २२१ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी रू.१ अर्ब १६ करोड २९ लाख १५ हजार लगती बेरुजु सहितको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा ३९ इकाईको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा ३ र लगती दफा २४७ बाट रू.११ करोड ७४ लाख ५५ हजार फर्स्यौंट भई रू.१ अर्ब ४ करोड ५४ लाख ६० हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका ७ इकाईको रू. १ करोड ४१ हजारमा १ निकायले प्रतिक्रियाबाट रू. २३ लाख ९७ हजार फर्स्यौंट गरेकोले रू.७६ लाख ४४ हजार बेरुजु बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

गत वर्ष प्रदेशको सरकारी कार्यालय तथा समितितर्फको गरी रू.२ अर्ब ३२ करोड ५ लाख ८८ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमध्ये यस वर्ष रू.२ करोड ३४ लाख ४२ हजार फर्स्यौंट गरी रू.२ अर्ब २९ करोड ७१ लाख ४६ हजार बाँकी रहेको छ । यस वर्षको रू.१ अर्ब ५ करोड ३१ लाख ४ हजार समेत रू.३ अर्ब ३५ करोड २ लाख ५० हजार बेरुजु बाँकी रहेको छ । उक्त बेरुजुमध्ये रू.३४ करोड ८१ लाख ६५ हजार पेस्की रहेको छ । कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ । यससम्बन्धी विवरण **अनुसूची-११** मा छ ।

३. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरू सञ्चालनको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, सार्वजनिक खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीमा जिम्मेवारी र जवाफदेहिता वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरण गर्नुपर्दछ ।

परिच्छेद-५

सुधारका क्षेत्रहरू

उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सो अनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन लगायतका कार्यहरु गर्नुपर्दछ । प्रदेश सरकार गठन भई पाँच वर्षको अवधि पुरा गरेकोमा स्रोत साधन प्राप्ति, उपयोग तथा परिचालन र सोबाट प्राप्त प्रतिफलमा अध्ययन विश्लेषण गर्दा केही सकारात्मक सुधारहरु देखिएका छन् । सोलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गरी प्रदेश सरकारका कार्य सञ्चालन गर्न देहायका पक्षहरुमा सुधार गर्नुपर्ने देखिएको छः

- **नीति तथा कानुनी व्यवस्था**

१. **कानुन तर्जुमा र कार्यान्वयन -** प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूची अनुसारका कानुनहरु तर्जुमा गरेको छ । सोका अतिरिक्त अझैपनि केही कानुनहरु तर्जुमा गर्न बाँकी रहेको देखिन्छ । आवश्यक कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

२. **कानुनको कार्यान्वयन -** विद्यमान प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता, पारदर्शिता कायम गर्ने गरी प्रदेशले कार्यसञ्चालन गर्नुपर्दछ । कानुन पालना नगर्ने कर्मचारी एवं पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३. **सेवा र सुविधा -** कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्नुहुँदैन । प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ ।

- **संगठन तथा मानव संशाधन व्यवस्थापन**

४. मन्त्रालय हेरफेर - प्रदेश मन्त्रालयहरुको संख्या पटक पटक थपघट हुँदा कार्य जिम्मेवारीमा समेत हेरफेर भएको छ । जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई, जिम्मेवारी र जवाफदेहिता कमजोर हुने लगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ।

५. **मानव संशाधन व्यवस्थापन -** प्रदेश तहमा दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति यथासमयमा हुन नसकेकोले विकास निर्माण लगायतका कार्यसम्पादन गर्न सम्बन्धित क्षेत्रका प्राविधिकको कमी उल्लेखनीय रहेको स्थिति छ । तसर्थ दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

६. **संगठन संरचना –** संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागि समेत प्रदेशले छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय

तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

७. **सेवा प्रवाह -** सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वकतवरले सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहमा सुधार गर्दै जानुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

८. **आयोजना व्यवस्थापन** - प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको छनोट तथा प्राथमिकीकरण गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च तथा बजेटबीच तादाम्यता कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गर्नुपर्दछ ।

९. **अध्ययन प्रतिवेदन –** संगठनको जनशक्तिबाट नै तयार गर्न सकिने कार्य समेत परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन सुनिश्चित गरिनुपर्दछ ।

- **बजेट व्यवस्थापन**

१०. **बजेट तर्जुमा -** क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवाला तथा जनसहभागिता लगायत पक्षमा ध्यान दिई कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ ।

११. **बजेट अनुशासन -** बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोही अनुसार बजेट विनियोजन गर्नुपर्नेमा अनुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अबण्डामा अधिक बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटी विद्यमान छ । जसले गर्दा वित्तीय नियन्त्रण र आर्थिक अनुशासन कमजोर भएको र वर्षान्तमा भएको निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठेको हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

१२. **विनियोजन दक्षता -** बजेट अनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरुको विनियोजन दक्षता कमजोर देखिन्छ । क्षमता विश्लेषण गरी बजेट विनियोजन गर्नुका साथै बजेट कार्यान्वयनमा समेत ध्यान दिनुपर्दछ।

